# प्रादेशिक आर्थिक सर्वेक्षण
## (कोशी प्रदेश, २०८०/८१)

पछिल्लो ५ वर्षको आर्थिक वृद्धिदर (प्रतिशतमा)




कृषि उत्पादनमा प्रदेशगत अंश (प्रतिशतमा)




प्रदेशको कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशत)




राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)




**प्रदेश सरकार**

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**कोशी प्रदेश, विराटनगर**

# प्रादेशिक आर्थिक सर्वेक्षण

## (कोशी प्रदेश, २०८०/८१)

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर

आर्थिक मामिला तथा योजना मन्त्री

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर

# प्राक्कथन

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १५ को उपदफा (२) अनुसार राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नु अगावै आर्थिक सर्वेक्षण पेश गर्नुपर्ने प्रावधान अनुसार कोशी प्रदेशको आर्थिक, सामाजिक र वित्तीय परिसूचकहरू समावेश गरी प्रादेशिक आर्थिक सर्वेक्षण, २०८०/८१ प्रकाशनमा ल्याइएको छ । नेपाल सरकार, अर्थ मन्त्रालयबाट सार्वजनिक गरिएको आर्थिक सर्वेक्षण, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित प्रतिवेदनहरू, प्रदेश योजना आयोगबाट प्रकाशित प्रदेश प्रोफाइल (पार्श्वचित्र), नेपाल राष्ट्र बैंक, राष्ट्रिय बीमा प्राधिकरण एवं प्रदेशका सबै मन्त्रालय तथा निकाय मार्फत प्राप्त तथ्याङ्कलाई प्रयोग गरी सरल र अर्थपूर्ण बनाउने प्रयास गरिएको छ । यस आर्थिक सर्वेक्षणमा कोशी प्रदेशको आर्थिक एवम् सामाजिक गतिविधि लगायत वित्तीय स्थितिको एकीकृत रूपमा र सङ्घ तथा अन्य प्रदेशसँगको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ ।

कोशी प्रदेशको अधिकांश आर्थिक सूचकहरू सकारात्मक रहेका छन् । प्रदेश सरकारको आन्तरिक राजस्व परिचालनमा अपेक्षित रूपमा सुधार आउन नसकेको र सङ्घीय सरकारबाट प्राप्त हुने स्रोतमा अधिक निर्भर रहनु परेको स्थितिमा प्राप्त हुनुपर्ने समानीकरण अनुदान लगायतका अन्य अनुदानहरू समेत तोकिएबमोजिम प्राप्त हुन नसक्दा स्रोत व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । बैंक तथा वित्तीय संस्थाका शाखा सञ्चालनमा भएको वृद्धिसँगै बैंकिङ सेवामा जनताको पहुँच बढ्दै गएको छ । सरकारी तथा निजी लगानी बढ्दै गएसँगै यस क्षेत्रका सूचकहरूमा क्रमशः सुधार हुँदै आएको छ । कोशी प्रदेशको गरिबीको सूचक राष्ट्रिय औसतभन्दा राम्रो देखिएको छ । आर्थिक सामाजिक क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत एवं सुदृढ बनाउँदै आवधिक योजनाले लिएका विकासका लक्ष्यहरू प्राप्त गर्न बजेट, कार्यक्रम र क्षेत्रगत नीतिमार्फत सम्बोधन गर्दै लैजान प्रदेश सरकार अग्रसर रहेको छ ।

प्रस्तुत आर्थिक सर्वेक्षणले प्रदेशको समग्र आर्थिक तथा सामाजिक अवस्थालाई तथ्याङ्कीय आधार सहित चित्रण गर्ने हुँदा प्रदेश सभाका माननीय सदस्यहरू, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका पदाधिकारी लगायत अर्थतन्त्रमा रुची राख्ने अर्थशास्त्री, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, उद्योगपति, व्यापारी लगायत सबै सरोकारवालाहरूलाई उपयोगी हुने विश्वास लिएको छु । आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू र सर्वेक्षणका लागि महत्त्वपूर्ण तथ्याङ्क एवम् सूचना उपलब्ध गराई सहयोग गर्नुहुने सबै निकाय एवम् पदाधिकारीहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जेष्ठ, २०८१

राम बहादुर मगर
आर्थिक मामिला तथा योजना मन्त्री

# विषयसूची


१.  राष्ट्रिय अर्थतन्त्र तथा प्रादेशिक आर्थिक स्थिति---------------------------------------------------------- १

२.  सार्वजनिक वित्त-------------------------------------------------------------------------------------१०

३.  बैंक तथा वित्तीय क्षेत्र---------------------------------------------------------------------------------२२

४.  आर्थिक तथा पूर्वाधार क्षेत्र---------------------------------------------------------------------------- २९

५.  सामाजिक क्षेत्र------------------------------------------------------------------------------------- ५५

६.  सुशासन र प्रशासन----------------------------------------------------------------------------------७२

# तालिका सूची


तालिका १.१: समष्टिगत आर्थिक परिसूचक ३

तालिका १.२: प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक ८

तालिका २.१: सार्वजनिक वित्तका परिसूचक (प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) ११

तालिका २.२: चालु खर्चको शीर्षकगत विवरण (चालु खर्चको प्रतिशतमा) १६

तालिका २.३: पछिल्लो ३ वर्षको प्रदेशगत खर्च स्थिति खर्च रु. करोडमा र अंश प्रतिशतमा १६

तालिका २.४: पछिल्लो पाँच आर्थिक वर्षको प्रादेशिक राजस्वको संरचना (कुल राजस्वको प्रतिशतमा) १७

तालिका २.५: प्रादेशिक आयको संरचना (कुल प्रादेशिक आयको प्रतिशतमा) १७

तालिका २.६: प्रादेशिक खर्चमा खर्च बेहोर्ने स्रोत (कुल प्रादेशिक खर्चको प्रतिशतमा) १८

तालिका २.७: पछिल्लो तीन आर्थिक वर्षको प्रदेश सञ्चित कोषको विवरण (रु. करोडमा) १८

तालिका २.८: प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरणको विवरण (रु. लाखमा) १९

तालिका २.९: आन्तरिक राजस्व विभाग मातहतमा दर्ता/आबद्ध करदाताको सङ्ख्या १९

तालिका २.१०: प्रदेशका निकायको अन्तिम लेखापरीक्षण बेरुजूको विवरण (रु. लाखमा) २०

तालिका ३.१: कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या २२

तालिका ३.२: कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको बैंकिङ सेवाको अवस्था २३

तालिका ३.३: निक्षेप खाताको विवरण २४

तालिका ३.४: सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकम (रु. दश लाखमा) २५

तालिका ३.५: कोशी प्रदेशमा रहेका जीवन, निर्जीवन तथा लघु बीमकका शाखा सङ्ख्याको विवरण २६

तालिका ३.६: बीमालेख र बीमा शुल्क सङ्कलनको प्रदेशगत विवरण *(बीमा शुल्क रु. करोडमा र हिस्सा प्रतिशतमा) २७

तालिका ३.७: डिम्याट खाता सङ्ख्या (२०८० चैत्रसम्म) २७

तालिका ३.८: धितोपत्रसम्बन्धी विवरण २८

तालिका ३.९: कोशी प्रदेशमा खोलिएका धितोपत्र दलालका शाखा कार्यालयहरूबाट भएको धितोपत्र खरिद र बिक्रीको विवरण २८

तालिका ४.१: प्रदेशगत रूपमा गरिबीको स्थिति २९

तालिका ४.२: कोशी प्रदेशको बहुआयामिक गरिबीको स्थिति ३०

तालिका ४.३: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण* ३१

तालिका ४.४: सामाजिक सुरक्षा कोषमा आबद्ध भएका रोजगारदाता र योगदानकर्ता सम्बन्धी विवरण ३२

तालिका ४.५: कोशी प्रदेशमा जमिन उपयोगको स्थिति (हेक्टरमा) ३४

तालिका ४.६: प्रमुख बालीको न्यूनतम समर्थन मूल्य (रुपैयाँ प्रति क्विन्टल) ३५

तालिका ४.७: प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका सञ्चालित पकेट, ब्लक, जोन र सुपरजोनको विवरण ३६

तालिका ४.८ः कृषि तथा पशु बीमा कार्यान्वयनको विवरण र अवस्था ......... ३७

तालिका ४.९ः प्रदेशका कार्यालयहरूबाट कृषि तथा पशुपक्षीतर्फ सेवा प्रवाहको विवरण (सङ्ख्या) ......... ३७

तालिका ४.१०ः प्रदेशका निकायबाट प्रदान भएको कृषि अनुदान रकमको विवरण (रु. लाखमा) ......... ३८

तालिका ४.११ः प्रदेशगत वनक्षेत्रको स्थिति ......... ३८

तालिका ४.१२ः कोशी प्रदेशमा अवस्थित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षित क्षेत्रहरू ......... ३८

तालिका ४.१३ः कोशी प्रदेशमा अवस्थित रामसार सूचीमा सूचीकृत सिमसार क्षेत्र ......... ३९

तालिका ४.१४ः काष्ठ तथा गैर काष्ठ उत्पादन र वनक्षेत्रको राजस्व सङ्कलनको विवरण ......... ३९

तालिका ४.१५ः कोशी प्रदेशका मालपोत कार्यालयहरूबाट राजस्व सङ्कलन विवरण (रु. लाखमा) ......... ४०

तालिका ४.१६ः कोशी प्रदेशका मालपोत कार्यालयहरूबाट रजिस्ट्रेसन दस्तुर छुटको विवरण (रकम रु. लाखमा) .... ४०

तालिका ४.१७ः कोशी प्रदेशमा रहेका राजगुठीहरूको जिल्लागत विवरण ......... ४१

तालिका ४.१८ः कोशी प्रदेशमा सिँचाइ सुविधाको विस्तार ......... ४१

तालिका ४.१९ः कोशी प्रदेशमा रहेका ठूला, मझौला र साना उद्योगको विवरण ......... ४२

तालिका ४.२०ः लघु, घरेलु तथा साना उद्योग दर्ता, नवीकरण एवम् खारेजी सम्बन्धी (२०७९ चैत्र मसान्तसम्मको) विवरण ......... ४२

तालिका ४.२१ः प्रदेश अन्तर्गत दर्ता भएका उद्योगहरूको लगानी र रोजगारीको विवरण ......... ४३

तालिका ४.२२ः प्रदेशगत पेट्रोलियम पदार्थको भण्डारण क्षमता ......... ४५

तालिका ४.२३ः कोशी प्रदेशस्थित भन्सार कार्यालयबाट आर्थिक वर्ष २०७९/८० मा भएका मुख्य निर्यात र आयात (रु. करोडमा) ......... ४६

तालिका ४.२४ः कोशी प्रदेशमा खानी उत्खननको अनुमति प्राप्त गरेका खानी तथा खनिजको विवरण ......... ४७

तालिका ४.२५ः स्थानीय तहको केन्द्रसम्म सडक पहुँच अवस्था ......... ४८

तालिका ४.२६ः प्रदेश सरकारबाट निर्माण भएका सडक तथा पुलको विवरण ......... ४९

तालिका ४.२७ः जनता आवास कार्यक्रम मार्फत निर्माण हुने घरहरूको विवरण ......... ५०

तालिका ४.२८ः प्रदेशभित्रका राजमार्गहरू (किलोमिटरमा) ......... ५०

तालिका ४.२९ः प्रदेशमा दर्ता भएका सवारी साधन र राजस्वको विवरण ......... ५१

तालिका ४.३०ः राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसङ्ख्या (प्रतिशतमा) ......... ५२

तालिका ४.३१ः प्रदेशगत विद्युत उत्पादन क्षमता (मेगावाटमा) (वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक) ......... ५२

तालिका ४.३२ः प्रदेशमा पत्रपत्रिका प्रकाशन दर्ता स्थिति ......... ५४

तालिका ५.१ः विभिन्न तहका विद्यालयको विवरण ......... ५५

तालिका ५.२ः सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको विवरण ......... ५६

तालिका ५.३ः विद्यार्थी भर्नाको विवरण (हजारमा) ......... ५६

तालिका ५.४ः माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (SEE) २०७९ को नतिजा विवरण (जम्मा सहभागीको प्रतिशतमा) ......... ५८

तालिका ५.५: कोशी प्रदेशमा रहेका विश्वविद्यालय र क्याम्पसहरूको विवरण ........ ५८
तालिका ५.६: कोशी प्रदेशमा रहेका प्राविधिक शिक्षालयसम्बन्धी जिल्लागत विवरण ........ ५८
तालिका ५.७: अस्पताल सुविधा लिएको विवरण (पटक हजारमा) ........ ५९
तालिका ५.८: कोशी प्रदेशको प्रादेशिक स्वास्थ्य सूचकहरूको अवस्था ........ ५९
तालिका ५.९: कोशी प्रदेशमा रहेका स्वास्थ्य संस्थाको विवरण ........ ६०
तालिका ५.१०: कोशी प्रदेशमा रहेका आयुर्वेद स्वास्थ्यको विवरण ........ ६१
तालिका ५.११: कडा रोग लागेका बिरामीलाई आर्थिक सहायताको विवरण ........ ६२
तालिका ५.१२: नेपालको तुलनामा कोशी प्रदेशको जनसाङ्ख्यिक सूचक ........ ६३
तालिका ५.१३: कोशी प्रदेशमा खानेपानी तथा सरसफाइको अवस्था ........ ६४
तालिका ५.१४: शौचालय सुविधा अनुसारको परिवार (प्रतिशत) ........ ६५
तालिका ५.१५: कोशी प्रदेशमा लैङ्गिक विकासको स्थिति ........ ६५
तालिका ५.१६: कोशी प्रदेशमा उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको विवरण ........ ६६
तालिका ५.१७: सामुदायिक पुस्तकालय र सिकाई केन्द्रहरूको जिल्लागत विवरण ........ ६७
तालिका ५.१८: कोशी प्रदेशमा रहेका सङ्ग्रहालयहरूको विवरण ........ ६७
तालिका ५.१९: सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण ........ ६९
तालिका ५.२०: कोशी प्रदेशमा व्यक्तिगत घटना दर्ताको विवरण ........ ७०
तालिका ५.२१: कोशी प्रदेशमा राष्ट्रिय परिचयपत्र दर्ता र वितरणको अवस्था ........ ७०
तालिका ६.१: कोशी प्रदेशका सरकारी कार्यालय, दरबन्दी एवम् पदपूर्तिको विवरण ........ ७२
तालिका ६.२: कोशी प्रदेश सरकार मातहतका कार्यालयको सङ्ख्या र दरबन्दी विवरण ........ ७३
तालिका ६.३: प्रदेशमा कार्यरत स्थायी कर्मचारीको सेवागत विवरण ........ ७३
तालिका ६.४: प्रदेश स्थापना देखि २०८१ वैशाखसम्म तर्जुमा भएका कानूनहरूको विवरण ........ ७५
तालिका ६.५: तीन तहको सरकारका निकाय विरुद्धको उजुरी विवरण (प्रतिशतमा) ........ ७५
तालिका ६.६: विपदका घटनामा मृत्यु भएका मानिसहरूको जिल्लागत विवरण ........ ७६
तालिका ६.७: विपदको प्रकृति अनुसार मृतकको विवरण ........ ७७

# चार्ट सूची


चार्ट १.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादन वृद्धि दर (प्रतिशतमा)........................................................................५

चार्ट १.२: पछिल्लो ५ वर्षको आर्थिक वृद्धि दर (प्रतिशतमा)........................................................................५

चार्ट १.३: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान ........................................................................६

चार्ट १.४: कृषि उत्पादनमा प्रदेशगत अंश (प्रतिशतमा) ........................................................................६

चार्ट १.५: उत्पादनमूलक उद्योगको उत्पादनमा प्रदेशगत हिस्सा (प्रतिशतमा) ........................................................................७

चार्ट १.६: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा)*........................................................................७

चार्ट १.७: प्रदेशको कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशत) ........................................................................८

चार्ट २.१: प्रादेशिक खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)........................................................................१२

चार्ट २.२: पछिल्लो ५ वर्षको राजस्व परिचालनको स्थिति (प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) ..............१२

चार्ट २.३: पछिल्लो पाँच आर्थिक वर्षको बजेट सन्तुलन र राजस्व सन्तुलनको स्थिति (प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) ........................................................................१३

चार्ट २.४: पछिल्लो ५ वर्षको कुल प्रादेशिक आय र अनुदान प्राप्तिको स्थिति (प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)........................................................................१४

चार्ट २.५: कुल प्रादेशिक खर्च संरचना (कुल प्रादेशिक खर्चको प्रतिशतमा)........................................................................१५

चार्ट २.६: कोशी प्रदेशको कुल बेरुजूमध्ये असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की बेरुजूको अनुपात (प्रतिशतमा)..... २१

चार्ट ३.१: जिल्लागत प्रति शाखा सेवा प्रवाह गरेको जनसङ्ख्या........................................................................२२

चार्ट ३.२: मोबाइल बैंकिङ ग्राहक सङ्ख्या (हजारमा) ........................................................................२३

चार्ट ३.३: बैंक तथा वित्तीय संस्थाका ऋणीको सङ्ख्या........................................................................२५

चार्ट ३.४: बीमकको प्रदेशगत शाखा सङ्ख्या ........................................................................२६

चार्ट ४.१: प्रदेशगत रूपमा गरिबीको दर (प्रतिशतमा) ........................................................................29

चार्ट ४.२: गरिबीको तुलनात्मक स्थिति ........................................................................३१

चार्ट ४.३: प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान र वार्षिक वृद्धिदर (प्रतिशतमा) ........................३३

चार्ट ४.४: कोशी प्रदेशको कृषि उत्पादन (मेट्रिक टनमा)........................................................................३५

चार्ट ४.५: दर्ता भएका फर्म तथा प्रतिष्ठानहरूको सङ्ख्या ........................................................................४४

चार्ट ४.६: प्रदेशगत ग्याँस उद्योगीको सङ्ख्या र सोको भण्डारण क्षमता (मेट्रिक टनमा) ........................................... ४५

चार्ट ५.१: कोशी प्रदेशमा विद्यार्थी खुद भर्ना दर (प्रतिशतमा) ........................................................................५७

चार्ट ६.१: प्रदेश लोकसेवा आयोगबाट स्थानीय सेवाको पदपूर्ति लागि सिफारिसको विवरण ........................................७४

# कार्यकारी सारांश

१. विश्व अर्थतन्त्रमा सुधार हुँदै गएसँगै नेपाली अर्थतन्त्रमा पनि सुधार हुने अपेक्षा गरिएको छ । नेपालको अर्थतन्त्रका अधिकांश सूचकहरू सकारात्मक रहेका छन् । आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.८७ प्रतिशतले विस्तार हुने अनुमान छ भने कोशी प्रदेशको आर्थिक वृद्धिदर ३.५ प्रतिशत रहने अनुमान छ । चालु आर्थिक वर्षमा कोशी प्रदेशमा कृषि र गैर कृषि क्षेत्रको वृद्धि दर क्रमशः २.४५ प्रतिशत र ३.६९ प्रतिशत रहने अनुमान छ ।

२. आर्थिक वर्ष २०८०/८१ को अनुमानित कुल गार्हस्थ्य उत्पादन रु. ५७ खर्ब ४ अर्ब ८४ करोड रहेकोमा कोशी प्रदेशको अंश १५.८ प्रतिशत (रु. ९ खर्ब ३ अर्ब ५ करोड) रहने अनुमान छ ।

३. आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३३.२ प्रतिशत सेवा र उद्योग क्षेत्रको योगदान क्रमशः ५०.९ प्रतिशत र १५.९ प्रतिशत रहने अनुमान छ।

४. आर्थिक वर्ष २०८०/८१ मा मुलुकको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,४३४ अमेरिकी डलर पुग्ने अनुमान भएकोमा कोशी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,३३६ अमेरिकी डलर पुग्ने अनुमान छ ।

५. आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको कुल राजस्व १०.६ प्रतिशतले घटेको छ जसमा राजस्व बाँडफाँटबाट प्राप्त राजस्वमा १४.९ प्रतिशत र प्रदेशको आन्तरिक राजस्वमा ८.७ प्रतिशतले कमी आएको छ । आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशको कुल प्रादेशिक आय रु. ३७ अर्ब १३ करोड १२ लाख रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ३.२ प्रतिशतले कमी आई ३५ अर्ब ९५ करोड ५३ लाख रहेको छ ।

६. आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशको कुल खर्च रु. २९ अर्ब ९६ करोड ६४ लाख रहेकोमा आर्थिक वर्ष २०७९/८० मा २.६४ प्रतिशतले वृद्धि भई रु. ३० अर्ब ७५ करोड ७७ लाख पुगेको छ ।

७. कोशी प्रदेशमा आर्थिक वर्ष २०७९/८० मा विनियोजित पुँजीगत बजेटको ७६.६ प्रतिशत खर्च भएको छ । प्रदेशको कुल खर्चमध्ये पुँजीगत खर्चको अंश उच्च रहेको छ । प्रादेशिक कुल खर्चमा चालु र पुँजीगत खर्चको अनुपात क्रमशः ४१.१ प्रतिशत र ५८.९ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षको फागुनसम्मको कुल प्रादेशिक खर्च रु. ११ अर्ब १७ करोड ४१ लाखमध्ये पुँजीगत खर्चको हिस्सा ४०.७ प्रतिशत, खुद चालु खर्च ४३.५ प्रतिशत र स्थानीय तहमा अनुदान हस्तान्तरणको हिस्सा १५.८ प्रतिशत रहेको छ ।

८. आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा प्रादेशिक खर्च र राजस्वको अनुपात केही घटेको छ ।

९. कुल प्रादेशिक आयको संरचनामा सङ्घबाट प्राप्त हुने वित्तीय हस्तान्तरण (अनुदान) को हिस्सा उच्च रहेको छ । आर्थिक वर्ष २०७८/७९ को कुल प्रादेशिक आयमा सङ्घीय सरकारबाट प्राप्त अनुदान, कुल प्रादेशिक राजस्व (सङ्घबाट बाँडफाँट भई आउने राजस्व र स्थानीय तहबाट प्राप्त राजस्व समेत), र अन्य प्राप्तिको अनुपात क्रमशः ४९.७ प्रतिशत, ३९.१ प्रतिशत र ११.२ प्रतिशत रहेकोमा आर्थिक

वर्ष २०७९/८० मा यस्तो हिस्सा क्रमशः ४३.९ प्रतिशत, ३६.१ प्रतिशत र २०.० प्रतिशत रहेको छ ।

१०. कोशी प्रदेशबाट चालु आर्थिक वर्षको फागुनसम्म स्थानीय तहमा हस्तान्तरित अनुदान रु. १ अर्ब ७६ करोड ७५ लाख रहेको छ । आर्थिक वर्ष २०७९/८० मा यस्तो रकम रु. ३ अर्ब ५४ करोड ६९ लाख रहेको थियो ।

११. कोशी प्रदेशको कुल चालु खर्चमध्ये अनुदानको हिस्सा उच्च रहँदै आएको छ । आर्थिक वर्ष २०७९/८० को कोशी प्रदेशको चालु खर्चको संरचनामा अनुदान, मालसामान तथा सेवाको उपयोग, पारिश्रमिक/सुविधा तथा अन्य खर्चको हिस्सा क्रमशः ३७.४ प्रतिशत, ३०.३ प्रतिशत, १७.४ प्रतिशत र १४.९ प्रतिशत रहेको छ ।

१२. कोशी प्रदेशमा बेरुजू रकम बढ्दै गएको छ । आर्थिक वर्ष २०७८/७९ मा कायम भएको बेरुजू रु. ४ अर्ब ९६ करोड ३४ लाख रहेकोमा आर्थिक वर्ष २०७९/८० मा १२.४३ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ५८ करोड ४ लाख रहेको छ । कुल बेरुजूमध्ये नियमित गर्नुपर्ने बेरुजू ८३.० प्रतिशत छ ।

१३. बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जालमा भएको विस्तारका कारण बैंकिङ सेवामा जनताको पहुँच बढ्दै गएको छ ।

१४. २०८० फाल्गुनसम्म कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाद्वारा प्रति शाखा औसत २,६६५ जनसङ्ख्यामा बैंकिङ सेवा प्रवाह भएको छ । कोशी प्रदेशमा सञ्चालनमा रहेकोमा ए.टि.एम. बुथको सङ्ख्या ६६६ पुगेको छ । मोबाइल बैंकिङ ग्राहक सङ्ख्या ६१ लाख ४७ हजार नाघेको छ । इन्टरनेट बैंकिङ ग्राहक सङ्ख्या १ लाख ८५ हजार नाघेको छ। बैंकिङ सेवाको विस्तारसँगै ऋणीहरूको सङ्ख्यामा समेत वृद्धि हुँदै गएको छ ।

१५. कोशी प्रदेशका बैंक तथा वित्तीय संस्थाद्वारा प्रवाह गरिने सहुलियतपूर्ण कर्जा प्रवाहमा वृद्धि भएको छ । २०८० असारमा यस्तो कर्जा प्रवाह रु. ३२ अर्ब ४२ करोड ८३ लाख रहेकोमा २०८० फागुनमा रु. ३३ अर्ब १६ करोड १८ लाख पुगेको छ ।

१६. कोशी प्रदेशमा सहकारीको गतिविधिमा वृद्धि भएको छ । २०८० असारसम्म कोशी प्रदेशका प्रदेश तथा स्थानीय तहमा दर्ता भएका सहकारीको सङ्ख्या १ हजार ७७ पुगेको छ । यस अवधिमा दर्ता भएका सहकारीमध्ये ३ हजार ८ सय ३६ सहकारी कोशी प्रदेशका स्थानीय तहमा दर्ता भई सञ्चालनमा छन् ।

१७. २०८० असारसम्म कोशी प्रदेशका प्रदेश र स्थानीय तहमा दर्ता भएका सहकारीमा २१ लाख ७२ हजार ६ सय ४४ व्यक्ति आबद्ध रहेका छन् । सहकारीबाट १४ हजार २ सय ३५ व्यक्तिले प्रत्यक्ष रोजगारी पाएका छन् ।

१८. २०८० को फागुनसम्म मुलुकमा कुल बीमक सङ्ख्या २ हजार ९ सय ३२ रहेकोमा कोशी प्रदेशमा यस्तो सङ्ख्या १६.३ प्रतिशत रहेको छ । कोशी प्रदेशमा २०८० फाल्गुनसम्म बीमा प्रिमियम बापत सङ्कलन भएको रकम रु. १४ अर्ब २५ करोड पुगेको छ ।

१९. २०८० चैत्रसम्म कोशी प्रदेशमा हितग्राही (डिम्याट) खाताको सङ्ख्या ११ लाख ८७ हजार ४ सय ९१ पुगेको छ । कोशी प्रदेशको कुल डिम्याट खाता सङ्ख्यामध्ये झापामा सबैभन्दा बढी २२.४ प्रतिशत र तेह्रथुम जिल्लामा सबैभन्दा कम १.९ प्रतिशत रहेका छन् ।

२०. राष्ट्रिय औसत २०.२७ प्रतिशतभन्दा कोशी प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या कम अर्थात् १७.२ प्रतिशत रहेको छ ।

२१. नेपाल श्रमशक्ति सर्वेक्षण, २०१८ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेकोमा कोशी प्रदेशमा बेरोजगारी दर १०.२ प्रतिशत रहेको छ ।

२२. चालु आर्थिक वर्षको फाल्गुनसम्म कोशी प्रदेशमा सूचीकृत भएका बेरोजगारमध्ये १.५ प्रतिशत न्यूनतम रोजगारीमा खटिएका छन् । आर्थिक वर्ष २०७९/८० मा १३.२ प्रतिशत सूचीकृत बेरोजगार न्यूनतम रोजगारीमा खटिएका थिए ।

२३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/८१ को फाल्गुनसम्म कोशी प्रदेशका ११६ स्थानीय तहमा सञ्चालित १ हजार २ सय २८ आयोजनाबाट औसत ६४.९५ दिनका आधारमा कुल १ लाख ७ हजार ९ सय ४२ जनाले रोजगारी प्राप्त गरेका छन् ।

२४. नेपालमा आर्थिक वर्ष २०७९/८० मा कुल ४ लाख ३ हजार ६ सय ४१ श्रम स्वीकृति लिएका श्रमिकमध्ये कोशी प्रदेशबाट श्रम स्वीकृति लिनेको प्रतिशत १८.४४ रहेको छ ।

२५. चालु आर्थिक वर्षको वैशाखसम्म कोशी प्रदेशका बालमैत्री घोषणा भएका स्थानीय तह ४ पुगेका छन् ।

२६. सामाजिक सुरक्षा कोषमा कोशी प्रदेश अन्तर्गत आर्थिक वर्ष २०७५/७६ देखि चालु आर्थिक वर्षको फाल्गुनसम्म १ हजार ९ सय ६८ रोजगारदाता र ४९ हजार ३ सय ४५ योगदानकर्ता सूचीकृत भएका छन् ।

२७. औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना अन्तर्गत दाबी भुक्तानीका लागि सामाजिक सुरक्षा कोषले सम्झौता गरेका १४६ अस्पतालमध्ये कोशी प्रदेशमा २६ रहेका छन् ।

२८. चालु आर्थिक वर्षमा कोशी प्रदेशको कृषि क्षेत्रको उत्पादन २.४५ प्रतिशतले बढ्ने अनुमान छ । आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा प्रमुख खाद्यान्न बालीमा धान बालीको उत्पादन १३ लाख ३६ हजार २ सय ५७ मेट्रिक टन रहेको छ । कोशी प्रदेशमा कृषिका सुपरजोन १, जोन ३७ र १३८ पकेट क्षेत्र रहेका छन् ।

२९. चालु आर्थिक वर्षको चैतसम्म प्रदेश सरकारबाट कुल रु. ३ करोड ८२ लाख रकम कृषि अनुदान स्वरूप हस्तान्तरण भएको छ ।

३०. कोशी प्रदेशमा कुल २ लाख ८४ हजार ९ सय १२ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ भने वर्षभरि सिँचाइ हुने क्षेत्र २ लाख १० हजार ८ सय ८३ हेक्टर पुगेको छ ।

३१. कोशी प्रदेशका मालपोत कार्यालयबाट चालु आर्थिक वर्षको चैत्रसम्म रु. ३ अर्ब ५० करोड ५० लाख राजस्व सङ्कलन भएको छ ।

३२. हरेक प्रदेशमा औद्योगिक क्षेत्र स्थापना गर्ने नेपाल सरकारको नीतिअनुसार २०८० फाल्गुनसम्म कोशी प्रदेशको दमक-झापा जिल्लामा औद्योगिक क्षेत्र घोषणा भई प्रारम्भिक कार्य अगाडि बढेको छ ।

३३. २०८० चैतसम्म दर्ता भएका उद्योगमध्ये कोशी प्रदेशमा ठूला, मझौला र साना गरी कुल ८२ हजार ४ सय ९७ उद्योग रहेका छन् । त्यस्तै यस अवधिमा कुल ९५ हजार ५ सय ४६ लघु, घरेलु तथा साना उद्योग कोशी प्रदेशमा दर्ता रहेका छन् । कोशी प्रदेशका उद्योगलाई हालसम्म १७६५ उपयुक्त प्रविधि हस्तान्तरण भएको छ ।

३४. कोशी प्रदेशका आयल निगमका प्रादेशिक भण्डारण केन्द्रमा ८ दिनसम्मको लागि ८ हजार ७ सय ६५ किलोलिटर पेट्रोलियम पदार्थको भण्डारण क्षमता रहेको छ ।

३५. कोशी प्रदेशका भन्सार नाका मध्ये विराटनगर भन्सार नाकाबाट मात्र ७८ प्रतिशतभन्दा बढी वस्तु तथा सेवा आयात र ६० प्रतिशतभन्दा माथिको वस्तु तथा सेवा निर्यात हुने गरेको छ ।

३६. चालु आर्थिक वर्षमा कोशी प्रदेशको चताराधाममा आयोजना भएको महाकुम्भमेलाका कारण स्थल मार्गबाट ३५ लाखभन्दा बढी भारतीय पर्यटक यस प्रदेशमा मात्र भित्रिएको अनुमान छ । साथै कोशी प्रदेशमा ४८ हजारको हाराहारीमा तेस्रो मुलुकका पर्यटकले भ्रमण गरेका छन्।

३७. कोशी प्रदेशमा तारे स्तरका होटेल गत वर्ष ११ रहेकोमा १ थप भई कुल सङ्ख्या १२ पुगेको, पर्यटकीय स्तरको होटेल ३ थप भई ३६ पुगेको छ भने निजी र सामुदायिक होमस्टे गरी कुल होमस्टेको सङ्ख्या १०५ पुगेको छ।

३८. कोशी प्रदेशका सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छन् । २०८० फागुनसम्म कोशी प्रदेशका २ स्थानीय तहमा सडक पहुँच नपुगेको अवस्था छ ।

३९. कोशी प्रदेशमा निर्माणाधीन ७७ बहुवर्षीय सडक आयोजनामध्ये २०८० चैतसम्म २२ सडक निर्माण सम्पन्न भएका छन् । निर्माण सम्पन्न भएका सडकको जम्मा लम्बाइ २९८.११ कि.मि. रहेको छ । कोशी प्रदेशस्थित विभिन्न राजमार्गको कुल लम्बाइ १,७०३ कि.मि. रहेको छ ।

४०. कोशी प्रदेश सरकारबाट २०८० को चैतसम्म ८० मोटरेवल पुल र १८४ झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ । यस अवधिमा १२५७.५ कि.मि. ग्राभेल, १,१०२.३९ कि.मि. कच्ची सडक र ५२७.९१ कि.मि. कालोपत्रे सडक निर्माण सम्पन्न भएको छ।

४१. जनता आवास कार्यक्रम अन्तर्गत २०८० चैत्रसम्म यस प्रदेशमा ५ हजार ९ सय १० लाभग्राहीको आवास निर्माण सम्पन्न भएको छ ।

४२. २०८० फागुनसम्म कोशी प्रदेशका कुल जनसङ्ख्यामध्ये ९७.७ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच (वैकल्पिक ऊर्जासहित) पुगेको छ । कोशी, सुदूरपश्चिम र कर्णाली प्रदेशमा विद्युत पहुँच राष्ट्रिय औसतभन्दा न्यून रहेको छ । चालु आर्थिक वर्षको फागुनसम्म थप भएको २९९ मेगावाटमध्ये कोशी प्रदेशमा ८८ मेगावाट विद्युत उत्पादन भएको छ ।

४३. २०८० असारसम्म कोशी प्रदेशमा ३९ रेडियो एफ.एम. र ५ केबुल टेलिभिजन दर्ता भएका छन् भने ५३४ पत्रपत्रिका दर्ता भई प्रकाशनमा रहेका छन् ।

४४. शैक्षिक सत्र २०८० मा देशभर ३५ हजार ८ सय ७६ विद्यालयमध्ये कोशी प्रदेशमा १९.४ प्रतिशत अर्थात् ६ हजार ९ सय ६२ वटा विद्यालय रहेका छन् । मुलुकभरिका कुल शिक्षक सङ्ख्याको १९.७ प्रतिशत शिक्षक कोशी प्रदेशमा रहेका छन् जसमध्ये सामुदायिक विद्यालयमा कार्यरत स्थायी

१९,५०७, अस्थायी ३,५३९ र राहत ७,१५१ शिक्षक समेत गरी सम्पूर्ण शिक्षकहरूको सङ्ख्या ३० हजार १ सय ९७ जना रहेको छ ।

४५. शैक्षिक सत्र २०८० मा कोशी प्रदेशमा कक्षा १ देखि १२ सम्मका ११ लाख १४ हजार ९ सय विद्यार्थी मध्ये छात्रा ४८.९ प्रतिशत र छात्र ५१.१ प्रतिशत रहेका छन् । कुल विद्यार्थीमध्ये ६४.९ प्रतिशत सामुदायिक विद्यालयमा र ३५.१ प्रतिशत संस्थागत विद्यालयमा अध्ययनरत रहेका छन् ।

४६. शैक्षिक सत्र २०७९ को माध्यमिक शिक्षा परीक्षा (SEE) मा कोशी प्रदेशबाट ७९ हजार ६ सय ७६ जना विद्यार्थी सहभागी भएकोमा जि.पि.ए. २.० देखि २.४ प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या सबैभन्दा बढी २२.३२ प्रतिशत रहेको छ ।

४७. कोशी प्रदेशमा मदरसा १५३, गुम्बा २९, गुरुकुल २७ र मुन्धुमशाला २ गरी जम्मा २११ धार्मिक प्रकृतिका विद्यालय रहेका छन् ।

४८. कोशी प्रदेशमा विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त २२८ वटा क्याम्पस तथा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू सञ्चालनमा रहेका छन् ।

४९. शैक्षिक सत्र २०८० मा कोशी प्रदेशमा प्राविधिक धारका शिक्षालयको सङ्ख्या २०६ रहेको छ ।

५०. कोशी प्रदेश समग्र स्वास्थ्य सूचकमा राष्ट्रिय स्तरको औसतभन्दा पछाडि रहेको छ ।

५१. आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कोशी प्रदेशमा सबै तहका अस्पताल २२२, शिक्षण अस्पताल २, प्राथमिक स्वास्थ्य केन्द्र ३३, स्वास्थ्य चौकी ६३०, आधारभूत स्वास्थ्य सेवा केन्द्र ३७२, सामुदायिक स्वास्थ्य इकाई १५८, शहरी स्वास्थ्य केन्द्र १०५, डायग्नोस्टिक सेन्टर ४, प्रतिष्ठान १, नर्सिङ होम १ र अन्य स्वास्थ्य संस्था १४२ गरी जम्मा १,६६६ वटा स्वास्थ्य संस्था रहेका छन् ।

५२. कोशी प्रदेशमा २०८० चैत्र सम्ममा विद्यालय नर्सिङ कार्यक्रम कार्यान्वयन भएका १६० विद्यालयमा १४० नर्स कार्यरत छन् । विद्यालय नर्सिङ कार्यक्रमबाट १ लाख ४० हजार विद्यार्थी लाभान्वित भएका छन् ।

५३. २०८० चैतसम्म कोशी प्रदेशका ८८.०६ प्रतिशत जनसङ्ख्यामा आधारभूत खानेपानी सुविधा पुगेको छ भने ९८.६८ प्रतिशत जनसङ्ख्यामा आधारभूत सरसफाइ सुविधा पुगेको छ ।

५४. कोशी प्रदेशका सरकारी कार्यालयमा स्वीकृत दरबन्दीको ५८.२ प्रतिशत पदपूर्ति भएको छ । प्रदेशमा कार्यरत स्थायी कर्मचारीमध्ये सबैभन्दा बढी प्रशासन सेवामा ३१.३ प्रतिशत रहेका छन् भने वन र स्वास्थ्य सेवाका कर्मचारीहरू क्रमशः ३०.९ प्रतिशत र १६.६ प्रतिशत रहेका छन् ।

# १. राष्ट्रिय अर्थतन्त्र तथा प्रादेशिक आर्थिक स्थिति

**राष्ट्रिय अर्थतन्त्र**

१.१ सन् २०२२ को मध्यतिर विश्व मुद्रास्फीति कम हुँदै गएसँगै विश्व अर्थतन्त्रमा सुधार हुँदै गएको छ । यस अघि सुस्त रहेको विश्व अर्थतन्त्रको वृद्धि सन् २०२३ देखि सन् २०२५ सम्म करिब स्थिर र थप उत्थानशील बन्ने अनुमान छ ।

१.२ सन् २०२२ पश्चात् अधिकांश मुलुकका केन्द्रीय बैंकले लचिलो मौद्रिक नीति अवलम्बन गर्दै आएका कारण वित्तीय गतिविधिमा बढोत्तरी, पुँजी आप्रवाहमा वृद्धि र न्यून आय भएका देशको बजार पहुँच बढेको छ । न्यून आय भएका मुलुकको सार्वजनिक ऋण उच्च दरमा बढ्दै गएकोले वित्तीय स्थायित्वका लागि कसिलो वित्त नीति अवलम्बन गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

१.३ रूस-युक्रेन युद्ध र गाजा-इजरायल द्वन्द्वका कारण मध्यकालमा विश्वव्यापी मुद्रास्फीतिमा दबाब सिर्जना हुने अनुमान छ । सार्वजनिक ऋण उच्च रहेको सन्दर्भमा राजस्व परिचालनमा वृद्धि र सार्वजनिक खर्च कटौती गर्नुपर्ने अवस्थाले आर्थिक क्रियाकलापमा सुस्तता आउन सक्ने एवं लगानीकर्ताको विश्वास कमजोर हुने जोखिम कायमै छ ।

१.४ चालु आर्थिक वर्षमा नेपालको अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक रहेका छन् । अर्थतन्त्रको बाह्य क्षेत्र सन्तुलन कायम भएको छ भने आन्तरिक क्षेत्र सुधारका लागि पुँजीगत खर्चमा वृद्धि, राजस्व परिचालनमा सुधार लगायतका थप प्रयास गर्नुपर्ने देखिन्छ ।

१.५ गत आर्थिक वर्ष न्यून दरमा विस्तार भएको नेपालको अर्थतन्त्र चालु आर्थिक वर्षमा केही सुधार हुने अनुमान छ । कृषि र सेवा क्षेत्रको उत्पादन वृद्धि भएतापनि निर्माण क्षेत्र तथा उत्पादनमूलक उद्योग क्षेत्रको वृद्धि दरमा कमी आउँदा उद्योग क्षेत्रको वृद्धि दरमा सङ्कोचन आउने देखिन्छ ।

१.६ चालु आर्थिक वर्षमा नेपालको अर्थतन्त्र उपभोक्ता मूल्यमा ३.८७ प्रतिशत र आधारभूत मूल्यमा ३.५४ प्रतिशतले विस्तार हुने अनुमान छ । अघिल्लो आर्थिक वर्षमा उक्त वृद्धि दर क्रमशः १.९५ प्रतिशत र २.३१ प्रतिशत रहेको थियो ।

१.७ चालु आर्थिक वर्षमा नेपालको कृषि क्षेत्रको वृद्धि दर ३.०५ प्रतिशत र गैर कृषि क्षेत्रको वृद्धि दर ३.७५ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा उक्त वृद्धि दर क्रमशः २.७६ प्रतिशत र २.१३ प्रतिशत रहेको थियो ।

१.८ चालु आर्थिक वर्षमा प्राथमिक, द्वितीयक तथा सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धि दर (आधारभूत मूल्यमा) क्रमशः ३.० प्रतिशत, १.२ प्रतिशत र ४.५ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा उक्त वृद्धि दर क्रमशः २.७ प्रतिशत, १.४ प्रतिशत र २.४ प्रतिशत रहेको थियो ।

१.९ चालु आर्थिक वर्षमा नेपालको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक र सेवा क्षेत्रको योगदान ०.२ प्रतिशत बिन्दु र ०.४ प्रतिशत बिन्दुले वृद्धि भएको छ भने द्वितीय क्षेत्रको वृद्धि दर नकारात्मक रहेको छ । चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको संरचनामा प्राथमिक, द्वितीयक तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.६ प्रतिशत, १२.५ प्रतिशत र ६२.९ प्रतिशत रहने अनुमान छ ।

१.१० औद्योगिक वर्गीकरणअनुसार चालु आर्थिक वर्षमा उद्योग र निर्माण क्षेत्र बाहेक अन्य क्षेत्रको वृद्धि दर सकारात्मक रहेको छ । आवास तथा भोजन सेवाको मूल्य अभिवृद्धि सबैभन्दा बढी २१.८४ प्रतिशत

रहेको छ । साथै, विद्युत, ग्याँस क्षेत्रको मूल्य अभिवृद्धि १७.४४ प्रतिशत रहेको छ । निर्माण, उत्पादनमूलक उद्योग, थोक तथा खुद्रा व्यापार लगायत औद्योगिक उत्पादनमा आएको कमीका कारण आर्थिक वर्ष २०७९/८० मा नेपालको अर्थतन्त्रको विस्तार न्यून रहेको थियो ।

१.११ नेपालको कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश उच्च रहँदै आएको छ । पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश वार्षिक औसत ९१.२ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षमा यस्तो अंश ९२.४ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष ६.५ प्रतिशतले बढेको कुल उपभोग चालु आर्थिक वर्षमा ६.४ प्रतिशतले बढ्ने अनुमान छ ।

१.१२ कुल उपभोगमा निजी क्षेत्रको उपभोगको हिस्सा उच्च रहेको छ । चालु आर्थिक वर्षमा सरकारी क्षेत्र, निजी क्षेत्र र गैर नाफामूलक संस्थाको उपभोगको अनुपात क्रमशः ६.८१ प्रतिशत, ९१.१५ प्रतिशत र २.०४ प्रतिशत रहने अनुमान छ ।

१.१३ कुल निजी उपभोगमा खाद्य वस्तु उपभोगको अंश बढी छ । चालु आर्थिक वर्षको कुल निजी उपभोगमा खाद्य वस्तु, गैर खाद्य वस्तु र सेवाको अंश क्रमशः ४८.६ प्रतिशत, १८.५ प्रतिशत र ३२.९ प्रतिशत रहने अनुमान छ ।

१.१४ गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत ७.४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा सीमान्त वृद्धि भई ७.६ प्रतिशत पुग्ने अनुमान छ । पछिल्लो दशक कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत वार्षिक औसत ८.८ प्रतिशत रहेको छ ।

१.१५ चालु आर्थिक वर्षमा लगानीको वातावरणमा सुधार भई लगानीकर्ताको आत्मविश्वास क्रमशः बढ्दै जाने अनुमानका आधारमा कुल लगानी २.८ प्रतिशतले बढेर रु. १७ खर्ब ४१ अर्ब ४८ करोड पुग्ने अनुमान छ । पछिल्लो दशक कुल लगानी कुल गार्हस्थ्य उत्पादनको औसत ३४.३ प्रतिशत रहेको छ ।

१.१६ चालु आर्थिक वर्षमा बचत लगानी अन्तर १.४ प्रतिशत विन्दुले कमी आई २२.९ प्रतिशत रहने अनुमान छ ।

१.१७ आर्थिक वर्ष २०८०/८१ मा नेपालको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) ५.७ प्रतिशतले वृद्धि भई रु. १ लाख ९१ हजार ८ सय ८८ पुग्ने अनुमान छ । आर्थिक वर्ष २०७९/८० मा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन रु. १ लाख ८१ हजार ५ सय ६९ रहेको थियो ।

१.१८ गत आर्थिक वर्ष प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन १,३८९ अमेरिकी डलर रहेकोमा चालु आर्थिक वर्षमा १,४३४ अमेरिकी डलर पुग्ने अनुमान छ । यस अवधिमा प्रति व्यक्ति कुल राष्ट्रिय आय १,४५६ अमेरिकी डलर र प्रति व्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आय १,८४३ अमेरिकी डलर पुग्ने अनुमान छ ।

१.१९ अन्तर्राष्ट्रिय बजारमा ऊर्जाको मूल्यमा आएको गिरावट र आपूर्ति शृङ्खलामा भएको सुधारसँगै चालु आर्थिक वर्षमा नेपालको उपभोक्ता मुद्रास्फीतिमा सुधार हुने देखिन्छ । चालु आर्थिक वर्षको चैत्र मसान्तमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.६१ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.८२ प्रतिशत रहेको थियो ।

१.२० आर्थिक वर्ष २०८०/८१ को वैशाखसम्म कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.६ प्रतिशतले कमी आई रु. १ खर्ब २६ अर्ब १७ करोड रहेको छ । त्यसैगरी, यस

अवधिमा कुल वस्तु आयात २.४ प्रतिशतले कमी आई रु. १३ खर्ब ३ अर्ब ३६ करोड रहेको छ । यस अवधिमा कुल वस्तु व्यापार घाटा २.२६ प्रतिशतले सुधार भई रु. ११ खर्ब ७७ अर्ब १८ करोड रहेको छ ।

१.२१ आर्थिक वर्ष २०८०/८१ को चैत्रसम्म शोधनान्तर स्थिति रु. ३ खर्ब ६५ अर्ब १६ करोडले बचतमा रहेको छ । यस अवधिसम्म चालु खाता रु. १ खर्ब ७९ अर्ब ४८ करोडले घाटामा रहेको छ । चालु आर्थिक वर्षको चैत्रसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.८ प्रतिशतले वृद्धि भई रु. १० खर्ब ८२ अर्ब ६२ करोड पुगेको छ ।

**तालिका १.१: समष्टिगत आर्थिक परिसूचक**

| विवरण | इकाई | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनको आकार | रु. अर्बमा | ३८८८.७ | ४३५२.६ | ४९७६.६ | ५३४८.५ | ५७०४.८ |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | -२.४२ | ४.४९ | ५.२८ | २.३१ | ३.५४ |
| कृषि | प्रतिशत | २.३२ | २.८९ | २.५० | २.७२ | ३.०३ |
| उद्योग | प्रतिशत | -४.११ | ७.०६ | १०.७९ | १.४० | १.२० |
| सेवा | प्रतिशत | -४.५३ | ४.७१ | ५.३२ | २.३६ | ४.५० |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलरमा | ११८० | १२८४ | १४१९ | १४०५ | १४५६ |
| औसत उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ६.२ | ३.६ | ६.३ | ७.७ | ४.६** |
| कुल स्थिर लगानी | GDP को अनुपातमा | ३०.५ | २९.३ | २८.५ | २५.१ | २४.५ |
| कुल गार्हस्थ्य बचत | GDP को अनुपातमा | ५.७ | ६.४ | ५.८ | ७.४ | ७.६ |
| तीन तहको एकीकृत खर्च | रु. अर्बमा | ११९१.१ | १३६२.२ | १४९०.६ | १६५६.१ | - |
| चालु | GDP को अनुपातमा | १७.२ | १७.० | १७.४ | १७.४ | - |
| पुँजीगत | GDP को अनुपातमा | १०.४ | ११.४ | ९.९ | ९.९ | - |
| वित्तीय व्यवस्था | GDP को अनुपातमा | ३.० | २.८ | २.९ | ३.७ | - |
| सार्वजनिक ऋण दायित्व | GDP को अनुपातमा | ३६.९ | ३९.९ | ४०.५ | ४२.९ | - |
| वस्तु निकासी** | GDP को अनुपातमा | २.५ | ३.२ | ४.१ | २.९ | २.०** |

| विवरण | इकाई | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|---|---|
| वस्तु पैठारी** | GDP को अनुपातमा | ३०.८ | ३५.४ | ३८.९ | ३०.१ | २०.५** |
| शोधनान्तर स्थिति** | रु. अर्बमा | २८२.४१ | १.२३ | -२५५.२६ | २९०.५२ | ३६५.१६** |
| चालु खाता सन्तुलन** | रु. अर्बमा | -३३.८ | -३३३.७ | -६२३.३ | -७२.१६ | १७९.४८** |
| विप्रेषण आप्रवाह** | GDP को अनुपातमा | २२.५ | २२.१ | २०.२ | २२.८ | १९.०** |
| विदेशी मुद्रा सञ्चिति** | रु. अर्बमा | १४०१.८ | १३९९.० | १२१५.८० | १५३९.३६ | १९११.८६ |
| सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा)** | महिना | १२.७ | १०.२ | ६.९ | १० | १२.५** |
| निक्षेप सङ्कलन** | रु. अर्बमा | ३८३९.७ | ४६६२.७ | ५०८२.८ | ५७१०.० | ४०९.०** |
| निजी क्षेत्रतर्फको कर्जा प्रवाह** | रु. अर्बमा | ४०८४.८ | ४६०७.३ | ४६२१.१ | ४७९७.० | ५०१९.२४** |
| नेप्से सूचकाङ्क** | बिन्दुमा | १३६२.३५ | २८८३.४१ | २००९.४७ | २०९७.१० | २०२५.७१** |

स्रोतः आर्थिक सर्वेक्षण, २०८०/८१, अर्थ मन्त्रालय, २०८१ *वार्षिक अनुमानित **चैत्रसम्म

१.२२ चालु आर्थिक वर्षको वैशाखसम्म सङ्घीय सरकारले सङ्कलन गर्ने राजस्व गत वर्षको सोही अवधिको तुलनामा १० प्रतिशतले बढेर रु. ८ खर्ब ३१ अर्ब ९३ करोड रहेको छ । यस अवधिसम्म सङ्घीय सरकारको कुल खर्च रु. १० खर्ब ५६ अर्ब ८९ करोड पुगेको छ ।

१.२३ मुलुकको कुल सार्वजनिक ऋणमध्ये आन्तरिक र बाह्य ऋणको हिस्सा क्रमशः ४९.४ प्रतिशत र ५०.६ प्रतिशत रहेको छ । २०८१ वैशाख सम्ममा आन्तरिक ऋण रु. ११ खर्ब ८४ अर्ब ४८ करोड र बाह्य ऋण रु. १२ खर्ब १२ अर्ब ९५ करोड गरी सङ्घीय सरकारको सार्वजनिक ऋण दायित्व रु. २३ खर्ब ९७ अर्ब ४३ करोड पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ४२.०२ प्रतिशत हो । २०८० असारसम्म सार्वजनिक ऋण दायित्व रु. २२ खर्ब ९९ अर्ब ३५ करोड रहेको थियो । आर्थिक वर्ष २०८०/८१ को वैशाखसम्म सङ्घीय सरकारले रु. २ खर्ब ६४ अर्ब ६३ करोड बराबरको आन्तरिक ऋण परिचालन गरेको छ ।

**प्रादेशिक आर्थिक स्थिति**

१.२४ विश्व आर्थिक अवस्था र नेपालको समग्र अर्थतन्त्रमा आएको सुधारको कारण प्रदेशको आर्थिक गतिविधिमा पनि सुधार आएको छ । चालु आर्थिक वर्षमा सबै प्रदेशको आर्थिक वृद्धि दर तुलनात्मक रूपमा बढ्ने अनुमान छ ।

१.२५ चालु आर्थिक वर्षमा कोशी प्रदेशको आर्थिक वृद्धि दर राष्ट्रिय औसत ३.८७ प्रतिशतभन्दा कम ३.५ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशको आर्थिक वृद्धि दर राष्ट्रिय औसतभन्दा माथि रहेको थियो ।

१.२६ विगत ६ वर्षमा औसत आर्थिक वृद्धि दर कर्णाली प्रदेशको सबैभन्दा बढी ४.२ प्रतिशत र बागमती प्रदेशको सबैभन्दा कम २.८ प्रतिशत रहेको छ ।

**चार्ट १.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादन वृद्धि दर (प्रतिशतमा)**




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ *अनुमानित

१.२७ आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको आर्थिक वृद्धि आधारभूत मूल्यमा ३.२१ प्रतिशत र उपभोक्ताको मूल्यमा ३.५१ प्रतिशत हुने अनुमान छ । कृषि र गैर कृषि क्षेत्रको आर्थिक वृद्धि दर क्रमशः २.४५ र ३.६९ प्रतिशत रहने अनुमान रहेको छ । विगतका ५ आर्थिक वर्षमा कोशी प्रदेशको आर्थिक वृद्धि दर आर्थिक वर्ष २०७८/७९ बाहेक सबै वर्षमा राष्ट्रिय औसतभन्दा केही माथि रहेको छ ।

**चार्ट १.२: पछिल्लो ५ वर्षको आर्थिक वृद्धि दर (प्रतिशतमा)**
**(आधारभूत मूल्यमा)**




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

१.२८ आर्थिक वर्ष २०८०/८१ को अनुमानित कुल गार्हस्थ्य उत्पादन रु. ५७ खर्ब ४ अर्ब ८४ करोडमध्ये कोशी प्रदेशको अंश १५.८ प्रतिशत (रु. ९ खर्ब ३ अर्ब ५ करोड) रहने अनुमान छ । प्रदेशगत रूपमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.४ प्रतिशत र त्यसपछि कोशी प्रदेशको छ भने कर्णाली प्रदेशको सबैभन्दा कम ४.३ प्रतिशत रहने अनुमान छ ।

**चार्ट १.३: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० *अनुमानित

१.२९ आर्थिक वर्ष २०८०/८१ मा नेपालको कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमध्ये कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.२ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा नेपालको कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमध्ये कोशी प्रदेशको हिस्सा २२ प्रतिशत रहेको थियो ।

**चार्ट १.४: कृषि उत्पादनमा प्रदेशगत अंश (प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

१.३० चालु आर्थिक वर्षमा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिमा कोशी प्रदेशको हिस्सा २१.५ प्रतिशत रहेको छ । उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी र कर्णाली प्रदेशको सबैभन्दा न्यून रहेको छ । अघिल्लो आर्थिक वर्षको उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिमा कोशी प्रदेशको हिस्सा २१.९ प्रतिशत रहेको थियो ।

**चार्ट १.५: उत्पादनमूलक उद्योगको उत्पादनमा प्रदेशगत हिस्सा (प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

१.३१ आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३३.२ प्रतिशत रहेको छ भने सेवा र उद्योग क्षेत्रको योगदान क्रमशः ५०.९ प्रतिशत र १५.९ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७९/८० मा उक्त हिस्सा क्रमशः ३३.१ प्रतिशत, ५०.३ प्रतिशत र १६.६ प्रतिशत रहेको थियो ।

**चार्ट १.६: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा)***




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

*आर्थिक वर्ष २०८०/८१ को अनुमानित

१.३२ आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचनामा केही परिवर्तन भएको छ । कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान सीमान्त कमी आएको छ भने सेवा क्षेत्रको योगदान बढ्दा उद्योग क्षेत्रको योगदान घटेको छ ।

१.३३ पछिल्लो पाँच वर्षको प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको औसत योगदान क्रमशः ३४.२ प्रतिशत, १६.५ प्रतिशत र ४९.३ प्रतिशत रहेको छ ।

चार्ट १.७: प्रदेशको कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशत)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

१.३४ आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन १,३३६ अमेरिकी डलर पुग्ने अनुमान छ जुन राष्ट्रिय औसतभन्दा न्यून हो । प्रदेशगत रूपमा बागमती र गण्डकी प्रदेशको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औसत १,४३४ अमेरिकी डलरभन्दा माथि रहने अनुमान छ भने अन्य प्रदेशको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औसतभन्दा न्यून रहने अनुमान छ ।

तालिका १.२: प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक

| परिसूचक | नेपाल | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| प्रशासनिक र जनसांख्यिकीय स्थिति | | | | | | | | |
| स्थानीय तहको सङ्ख्या | ७५३ | १३७ | १३६ | ११९ | ८५ | १०९ | ७९ | ८८ |
| जनसङ्ख्या (प्रतिशतमा) | १०० | १७.० | २१.१ | २१.० | ८.३ | १७.७ | ५.८ | ९.१ |
| क्षेत्रफल (प्रतिशतमा) | १०० | १७.६ | ६.६ | १३.८ | १५.३ | ११.८ | २१.६ | १३.३ |
| आर्थिक तथा सामाजिक क्षेत्र | | | | | | | | |
| आर्थिक वृद्धिदर (प्रतिशतमा) | ३.८७ | ३.५ | ३.८ | ४.० | ४.६ | ४.१ | ३.४ | ३.४ |
| गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (उपभोक्ताको मूल्यमा) | | १५.८ | १३.१ | ३६.४ | ९.१ | १४.३ | ४.३ | ७.१ |
| प्रतिव्यक्ति GDP (अमेरिकी डलरमा) | १४३४ | १३३६ | ८९२ | २४८४ | १५५७ | ११५९ | १०६६ | ११११ |

| परिसूचक | नेपाल | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| लघु, घरेलु तथा साना उद्योगको सङ्ख्या (हजारमा) | ५८९.९ | ८१.४ | ८६.१ | १७३.९ | ६६.० | ९७.८ | ३६.४ | ४८.२ |
| कम्पनी दर्ता (हजारमा) | ३३८. ९ | २४.२ | २२.० | २३३.७ | १८.४ | २२.७ | ४.२ | ६.८ |
| जलविद्युत उत्पादन (मेगावाट) | ३०६० | ५७७ | २५ | ११९६ | ९३३ | ५८ | १६ | १७१ |
| वनक्षेत्र (प्रतिशतमा) | १०० | १८.८ | ३.९ | १८.७ | १२.८ | १६.२ | १३.५ | १६.१ |
| विद्यालय सङ्ख्या | ३५८७६ | ६९६२ | ४८०६ | ६८३७ | ४०४४ | ५८०० | ३२३३ | ४१४९ |
| वित्तीय क्षेत्र | | | | | | | | |
| बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या | ११५९४ | १८६२ | १७७८ | ३०४५ | १४०० | २१९२ | ४६९ | ८४८ |
| प्रति शाखा जनसङ्ख्या | २५१५ | २६६५ | ३४३९ | २००९ | १७६२ | २३३७ | ३६०० | ३१७८ |
| बीमकको शाखा सङ्ख्या | २९३२ | ४७७ | ३७२ | ८३० | ३४३ | ४९१ | १५४ | २६५ |
| प्रदेशगत खर्च (रु. करोडमा) | - | ३०७६ | २६८७ | ४६८६ | २३६१ | ३०२४ | २२२७ | २४०६ |
| प्रदेशगत राजस्व (रु. करोडमा) | - | १२४८ | १३३८ | २५९४ | १०२७ | १३२१ | ७५१ | ९२१ |
| प्रदेश सञ्चित कोषको मौज्दात (२०८० असार) (रु. करोडमा) | - | ५२० | १५५२ | २६१६ | २९३ | २५२ | ७५३ | ४५६ |

स्रोतः आर्थिक सर्वेक्षण, २०८०/८१, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं

# २. सार्वजनिक वित्त

२.१ वित्तीय सङ्घीयता कार्यान्वयनमा आएको ६ वर्ष पूरा भएको छ । संविधानद्वारा प्रदत्त अधिकारबमोजिम प्रदेश सरकारले खर्च जिम्मेवारी, राजस्व अधिकार र वित्तीय हस्तान्तरणको उपयोग गर्दै आएको छ । वित्तीय स्रोत साधनमा सङ्घीय सरकारमाथिको निर्भरता खासै कम हुन सकेको छैन । खर्च जिम्मेवारीको आवश्यकता बढ्दै गइरहेको भएतापनि प्रदेशमा कृषि आयमा कर लगायतको राजस्व अधिकार भने पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेको छैन ।

२.२ **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** को दीर्घकालीन सोच एवम् **"सामाजिक न्याय सहितको समुन्नत प्रदेश निर्माण हुने"** समष्टिगत लक्ष्य लिएको प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयन भएको छ ।

२.३ कोशी प्रदेशको प्रथम आवधिक योजना कार्यान्वयनको समीक्षा प्रतिवेदन अनुसार योजनाले तय गरेका ६६ वटा गन्तव्य सूचक र २३ वटा परिमाणात्मक लक्ष्यमध्ये समीक्षा अवधि (२०८० पौषसम्म) मा लक्ष्य हासिल भइसकेका र प्राप्त हुने सम्भावना रहेका ५० प्रतिशत देखिन्छ ।

२.४ **"सुशासित, सुखी र समुन्नत प्रदेश"** को दीर्घकालीन सोच एवम् **"शान्ति, समानता र सुशासन सहितको समृद्ध प्रदेश निर्माण गर्ने"** समष्टिगत लक्ष्य लिएको कोशी प्रदेशको दोस्रो आवधिक योजनाको अवधारणापत्र प्रदेश सरकारबाट स्वीकृत भएको छ ।

२.५ प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनको लागि प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ तर्जुमा भई कार्यान्वयनमा आएको छ ।

२.६ आवधिक योजनाको लक्ष्य, उद्देश्य हासिल हुने गरी मध्यमकालीन खर्च संरचना (MTEF) र वार्षिक कार्यक्रममा समावेश हुने आयोजना छनौटलाई व्यवस्थित बनाउन **प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८०** र **प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८०** तर्जुमा भएको छ ।

२.७ प्रदेशका प्राथमिकता प्राप्त एवम् गौरवका आयोजनाहरूको स्रोत व्यवस्थापन र कार्यान्वयनमा सहजताका लागि **आयोजनाको बहुवर्षीय आयोजनाको ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८०** प्रदेश सरकारबाट जारी भएको छ ।

२.८ प्रादेशिक आवधिक योजना, दिगो विकास लक्ष्य एवम् सरकारको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमको छनौट गर्ने, आयोजना बैंक प्रणालीबाट प्राथमिकीकरण गर्ने र मध्यमकालीन खर्च संरचना (MTEF) मार्फत वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयनमा लैजाने नीति लिइएको छ ।

२.९ प्रादेशिक खर्चमा वृद्धि हुँदै गएको छ । कुल प्रादेशिक खर्चमा पुँजीगत खर्च वृद्धि हुँदै गए पनि खर्च क्षमतामा सुधार हुन नसकेकोले विनियोजित पुँजीगत बजेटको ठूलो हिस्सा खर्च हुन सकेको छैन तथापि कोशी प्रदेशको पुँजीगत खर्च क्षमता सन्तोषप्रद देखिन्छ ।

२.१० कोशी प्रदेशमा आर्थिक वर्ष २०७८/७९ मा विनियोजित पुँजीगत बजेटको ८९.८ प्रतिशत खर्च भएको थियो भने आर्थिक वर्ष २०७९/८० मा यस्तो खर्च ७६.६ प्रतिशत रहेको छ । सार्वजनिक खर्चको पारदर्शीता र गुणस्तर अभिवृद्धि भएको छ । विकास साझेदारसँगको सहकार्य बढेको छ । सार्वजनिक, निजी साझेदारीका लागि कानूनी र संस्थागत व्यवस्था भएको छ ।

## प्रादेशिक सार्वजनिक वित्तको आकार

२.११ आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा प्रादेशिक खर्च र राजस्वको अनुपात केही घटेको छ । बाँडफाँट सहितको प्रादेशिक राजस्वको तुलनामा सङ्घबाट प्राप्त हुने वित्तीय हस्तान्तरण (अनुदान) उच्च रहेको छ । तर सङ्घबाट प्राप्त हुने वित्तीय हस्तान्तरण (अनुदान) को परिमाण भने क्रमशः घट्दै गएको छ ।

**तालिका २.१: सार्वजनिक वित्तका परिसूचक (प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)**

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| प्रादेशिक खर्च | ३.५ | ४.८ | ४.० | ३.८ | ३.६ |
| चालु खर्च | १.६ | १.९ | १.७ | १.७ | १.५ |
| पुँजीगत खर्च | १.९ | २.९ | २.३ | २.१ | २.१ |
| प्रादेशिक राजस्व | १.६ | १.७ | १.९ | १.८ | १.५ |
| आन्तरिक राजस्व | ०.४ | ०.५ | ०.६ | ०.६ | ०.४ |
| बाँडफाँटबाट प्राप्त राजस्व | १.१ | १.३ | १.३ | १.३ | १.१ |
| सङ्घबाट भएको वित्तीय हस्तान्तरण | ३.१ | २.९ | २.५ | २.३ | १.९ |
| अन्य प्राप्ति (नगद मौज्दात) | ०.१ | ०.४ | ०.२ | ०.५ | ०.८ |
| प्रादेशिक आय | ४.७ | ५.१ | ४.६ | ४.७ | ४.२ |
| बजेट सन्तुलन बचत (+) / न्यून (-) | १.२ | ०.२ | ०.६ | ०.९ | ०.६ |
| प्रदेश सञ्चित कोष बचत (+) / न्यून (-) | १.२ | ०.२ | ०.६ | ०.९ | ०.६ |
| राजस्व सन्तुलन बचत (+) / न्यून (-) | -०.०७ | -०.२० | ०.१५ | ०.१७ | ०.०४ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१/प्रदेश लेखा नियन्त्रक कार्यालय, २०८१

नोटः "बजेट सन्तुलन" ले प्रदेशको कुल प्राप्ति र कुल खर्च बीचको अन्तर र "राजस्व सन्तुलन" ले प्रदेशको कुल राजस्व र चालु खर्च बीचको अन्तरलाई जनाउँछ ।

२.१२ प्रदेशको कुल खर्चमध्ये पुँजीगत खर्चको अंश उच्च रहेको छ । आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको कुल खर्च कुल गार्हस्थ्य उत्पादनको ३.६२ प्रतिशत रहेकोमा चालु खर्च १.४९ प्रतिशत र पुँजीगत खर्च २.१३ प्रतिशत रहेको छ । यद्यपि, पछिल्ला आर्थिक वर्षमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको तुलनामा प्रादेशिक खर्चको अनुपात क्रमशः घट्दै गएको छ ।

**चार्ट २.१: प्रादेशिक खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१/प्रदेश लेखा नियन्त्रक कार्यालय, २०८१

२.१३ कुल गार्हस्थ्य उत्पादनमा प्रादेशिक राजस्वको अंश वृद्धि हुँदै गएकोमा पछिल्लो दुई वर्ष भने क्रमशः घट्दै गएको छ । आर्थिक वर्ष २०७७/७८ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा राजस्व प्राप्तिको अनुपात १.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ र २०७९/८० मा केही कमी आई क्रमशः १.८ प्रतिशत र १.५ प्रतिशतमा सीमित हुन पुगेको छ ।

**चार्ट २.२: पछिल्लो ५ वर्षको राजस्व परिचालनको स्थिति**
**(प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१/प्रदेश लेखा नियन्त्रक कार्यालय, २०८१

२.१४ पछिल्ला वर्षमा प्रदेशको खर्च गर्ने क्षमतामा ह्रास हुँदै गएको, आन्तरिक राजस्वको आधार कमजोर रहेको र सङ्घबाट हुने वित्तीय हस्तान्तरण घट्दै जाने प्रवृत्ति देखिएको छ । आगामी वर्षमा प्रदेशको खर्च गर्ने क्षमता वृद्धि गर्न र राजस्व परिचालनमा वृद्धि गर्न थप प्रयात गर्नुपर्ने देखिन्छ । साथै, स्रोतको आवश्यकता थप बढ्दै जाने अनुमानको आधारमा आगामी आर्थिक वर्षमा बजेट घाटामा रहने सम्भावना पनि उत्तिकै छ । यस्तो अवस्थामा संविधान प्रदत्त नीतिगत, कानूनी र संस्थागत व्यवस्था मार्फत आन्तरिक ऋणका उपकरण र राजस्वका नयाँ क्षेत्र पहिचान तथा विस्तार गरी स्रोत व्यवस्थापन गर्दै जानेतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ ।

२.१५ सुरुका आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व सन्तुलनको प्रतिशतमा क्रमशः सुधार आउँदै गएकोमा पछिल्ला आर्थिक वर्षमा भने यस्तो अनुपातमा कमी आएको छ । आन्तरिक राजस्व सङ्कलनमा आएको न्यूनता तथा सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानमा समेत कमी आउँदा आर्थिक वर्ष २०७९/८० को प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व बचत ०.०४ प्रतिशत रहेको छ । चालु खर्चलाई वाञ्छित सीमाभित्र राखी राजस्वबाट नै चालु खर्च धान्ने गरी बजेट व्यवस्थापन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**चार्ट २.३: पछिल्लो पाँच आर्थिक वर्षको बजेट सन्तुलन र राजस्व सन्तुलनको स्थिति**
**(प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१/प्रदेश लेखा नियन्त्रक कार्यालय, २०८०

नोटः "राजस्व सन्तुलन" ले प्रदेशको कुल राजस्व र चालु खर्च बीचको अन्तर र "बजेट सन्तुलन" ले प्रदेशको कुल प्राप्ति र कुल खर्च बीचको अन्तरलाई जनाउँछ ।

२.१६ प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सङ्घबाट प्राप्त हुने वित्तीय हस्तान्तरण (अनुदान) बर्सेनि घट्दै गएको छ । आर्थिक वर्ष २०७५/७६ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको ३.१ प्रतिशत अनुदान प्राप्त भएकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो प्राप्ति १.९ प्रतिशतमा सीमित भएको छ । आर्थिक वर्ष २०७९/८० मा वित्तीय समानीकरण अनुदान लक्ष्य अनुसार प्राप्त नभएको र सशर्त अनुदानको हिस्सामा समेत कमी आएकोले समग्र वित्तीय हस्तान्तरण सङ्कोचन भएको छ । प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल प्रादेशिक आयको अनुपात न्यून हुँदै गएतापनि विगत पाँच वर्षको वार्षिक औसत ४.७ प्रतिशत रहेको छ ।

**चार्ट २.४: पछिल्लो ५ वर्षको कुल प्रादेशिक आय र अनुदान प्राप्तिको स्थिति (प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१/प्रदेश लेखा नियन्त्रक कार्यालय, २०८१

## प्रादेशिक खर्च स्थिति

२.१७ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कोशी प्रदेशको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १७.२ प्रतिशतले कमी भई रु. ११ अर्ब १७ करोड ४१ लाख रहेको छ । आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा यस्तो खर्च रु. १३ अर्ब ४८ करोड २८ लाख रहेको थियो । आर्थिक वर्ष २०७९/८० को असारसम्म कोशी प्रदेशको कुल खर्च २.६ प्रतिशतले वृद्धि भई रु. ३० अर्ब ७५ करोड ७७ लाख रहेको थियो ।

२.१८ चालु आर्थिक वर्षको फागुनसम्मको कुल प्रादेशिक खर्चमा पुँजीगत खर्चको हिस्सा ४०.८ प्रतिशत, चालु खर्च ४३.३ प्रतिशत र स्थानीय तहमा अनुदान हस्तान्तरणको हिस्सा १५.९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० मा कुल प्रादेशिक खर्चमध्ये पुँजीगत खर्चको हिस्सा ५८.९ प्रतिशत रहेको थियो । पछिल्ला पाँच आर्थिक वर्षमा कुल प्रादेशिक खर्चमध्ये पुँजीगत खर्चको हिस्सा औसत ५७ प्रतिशतभन्दा माथि रहेको छ ।

चार्ट २.५: कुल प्रादेशिक खर्च संरचना
(कुल प्रादेशिक खर्चको प्रतिशतमा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर, २०८१ *फागुनसम्म

## चालु खर्चको शीर्षकगत प्रवृत्ति

२.१९ प्रादेशिक कुल चालु खर्चमध्ये अनुदानको अंश सबैभन्दा उच्च रहँदै आएको छ । यद्यपि, आर्थिक वर्ष २०७८/७९ मा बाहेक यस्तो अंश बर्सेनि घट्दै गएको छ । अनुदान खर्च शीर्षक भित्र स्थानीय तहमा जाने वित्तीय हस्तान्तरणका साथै कृषि अनुदान, सामाजिक क्षेत्र, सरकारी निकाय, समिति, बोर्ड र अन्य संस्थालाई दिइने अनुदान समावेश रहेको छ । आ.व. २०७९/८० मा स्थानीय तहलाई अनुदान बाहेक रु. १ अर्ब १७ करोड ८३ लाख रकम कृषि अनुदान तथा अन्य निकायलाई प्रदान गरिएको छ ।

२.२० चालु खर्चमध्ये मालसामान तथा सेवाको उपयोग (कार्यालय सञ्चालन, छपाई, सूचना प्रकाशन, सेवा परामर्श, तालिम, गोष्ठी, कार्यक्रम, सवारी मर्मत, इन्धन, अनुगमन भ्रमण, विविध खर्च लगायत) खर्च सुरुका आर्थिक वर्षमा घट्दै गएको भएतापनि आर्थिक वर्ष २०७८/७९ देखि वृद्धि हुँदै गएको छ । आर्थिक वर्ष २०७८/७९ मा मालसामान तथा सेवाको उपयोग खर्च रु. ३ अर्ब ५२ करोड ९२ लाख रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो खर्च ८.५ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ८२ करोड ९० लाख रहेको छ ।

२.२१ अघिल्लो आर्थिक वर्षको सङ्घ सर्शत, समपूरक र विशेष अनुदानको बचत रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरिएको खर्च समेत अन्य खर्चमा समावेश भएको रहेको हुँदा यस शीर्षकको रकम पनि उल्लेखनीय नै रहेको छ । आ.व. २०७९/८० मा रु. १ अर्ब ४६ करोड १२ लाख रकम सङ्घ अनुदान फिर्ता गरिएको छ ।

**तालिका २.२: चालु खर्चको शीर्षकगत विवरण (चालु खर्चको प्रतिशतमा)**

| शीर्षक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| पारिश्रमिक/सुविधा | १३.१ | १६.९ | १६.० | १५.१ | १७.४ |
| मालसामान तथा सेवाको उपयोग | २३.५ | १९.३ | १८.४ | २६.९ | ३०.३ |
| सहायता | १.४ | १.८ | ०.३ | ०.२ | ०.२ |
| अनुदान | ६०.० | ५९.७ | ३९.० | ४१.७ | ३७.४ |
| सामाजिक सुरक्षा | १.७ | १.९ | २.२ | ०.९ | २.३ |
| अन्य खर्च | ०.३ | ०.४ | २४.१ | १५.२ | १२.४ |
| जम्मा चालु खर्च | १००.० | १००.० | १००.० | १००.० | १००.० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, २०८०

## प्रदेश सरकारको पुँजीगत खर्चको तुलनात्मक अवस्था

२.२२ पछिल्ला ३ आर्थिक वर्षमा कोशी प्रदेशको कुल खर्चमध्ये पुँजीगत खर्चको अंश वार्षिक औसत ५७.३ प्रतिशत रहेको छ । कुल खर्चमध्ये गण्डकी प्रदेशमा पुँजीगत खर्चको अंश सबैभन्दा बढी र कर्णाली प्रदेशमा सबैभन्दा न्यून रहेको छ ।

**तालिका २.३: पछिल्लो ३ वर्षको प्रदेशगत खर्च स्थिति खर्च रु. करोडमा र अंश प्रतिशतमा**

| विवरण | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | पुँजीगत खर्चको अंश | कुल खर्च | पुँजीगत खर्चको अंश | कुल खर्च | पुँजीगत खर्चको अंश |
| कोशी | २७९५.१ | ५६.८ | २९९६.६ | ५६.२ | ३०७५.७८ | ५८.८९ |
| मधेश | २२५४.६ | ६१.७ | २२२६ | ५३.६ | २६८६.९९ | ६०.२९ |
| बागमती | ३५५९.५ | ५६.२ | ३७९९.५ | ५५.३ | ४६८६.२० | ६०.३५ |
| गण्डकी | २५६२.३ | ६८.७ | २२०४.४ | ६५.६ | २३६१.४९ | ६४.६३ |
| लुम्बिनी | ३२१०.३ | ५७.६ | ३००५.५ | ५७.९ | ३०२४.४२ | ५८.६४ |
| कर्णाली | २२०४.२ | ६१.६ | २४२८.२ | ६२.१ | २२२६.६९ | ५७.३८ |
| सुदूरपश्चिम | २२९६.८ | ५४.९ | २०८७.७ | ५७.२ | २४०६.३१ | ६५.७२ |
| जम्मा | १८८८३ | ५९.३ | १८७४८ | ५८.० | २०४६७.८६ | ६०.६७ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०

## प्रादेशिक आय

### राजस्व

२.२३ पछिल्लो पाँच वर्षमा प्रदेशको कुल राजस्वमा सङ्घबाट बाँडफाँट भई प्राप्त हुने राजस्वको हिस्सा वार्षिक औसत ७०.६ प्रतिशत रहेको छ । कुल राजस्वमा सङ्घबाट बाँडफाँट भई प्राप्त हुने राजस्वको अंश आर्थिक वर्ष २०७८/७९ मा ६९.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा वृद्धि भई ७०.६ प्रतिशत पुगेको छ ।

**तालिका २.४: पछिल्लो पाँच आर्थिक वर्षको प्रादेशिक राजस्वको संरचना (कुल राजस्वको प्रतिशतमा)**

| विवरण | आर्थिक वर्ष | | | | | फागुनसम्मको | |
|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७९/८० | २०८०/८१ |
| सङ्घीय राजस्व बाँडफाँटबाट प्राप्त (मू.अ.कर अन्तःशुल्क र रोयल्टी) | ७३.२९ | ७२.१ | ६७.८ | ६९.१ | ७०.६ | ७०.३ | ७४.० |
| प्रदेशको आन्तरिक राजस्व | २६.७१ | २७.९ | ३२.३ | ३०.९ | २९.४ | २९.७ | २६.० |
| *एकल कर प्रशासनको बाँडफाँट भई प्राप्त | ११.६८ | १०.७ | १३.२ | १३.३ | ९.१ | ६.६ | ६.५ |
| सवारी साधन कर (प्रदेशले उपयोग गर्ने) | ८.३२ | ७.३ | ८.६ | ८.२ | ९.२ | ९.१ | ९.८ |
| प्रदेशले सङ्कलन गरेको गैर कर राजस्व | ६.७१ | ९.९ | १०.६ | ९.४ | ११.१ | १४.० | ९.७ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर, २०८०

*घरजग्गा रजिस्ट्रेसन शुल्क/मनोरञ्जन कर/विज्ञापन कर/प्राकृतिक स्रोत बिक्री शुल्क बापतको राजस्व बाँडफाँट भई प्राप्त

२.२४ आर्थिक वर्ष २०७८/७९ मा प्रादेशिक आय रु. ३७ अर्ब १३ करोड १२ लाख रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ३.२ प्रतिशतले कमी आई रु. ३५ अर्ब ९५ करोड ५३ लाख रहेको छ । यस अवधिमा सङ्घीय राजस्व प्राप्ति ८.७ प्रतिशत र अनुदान प्राप्ति १४.५ प्रतिशतले कमी आएको छ । प्रदेशको कुल आयमा आन्तरिक राजस्वको अनुपात आर्थिक वर्ष २०७८/७९ मा १२.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा १०.६ प्रतिशत रहेको छ ।

**तालिका २.५: प्रादेशिक आयको संरचना (कुल प्रादेशिक आयको प्रतिशतमा)**

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| राजस्व (रु. करोडमा) | ९३७.०५ | १०७०.६७ | १३१५.४९ | १४५०.८५ | १२९६.६७ |
| राजस्वको अंश (प्रतिशतमा) | ३३.२ | ३४.४ | ४१.० | ३९.१ | ३६.१ |
| सङ्घ अनुदान प्राप्ति (रु. करोडमा) | १८४९.४८ | १७९८.९९ | १७६१.०३ | १८४६.५५ | १५७८.६० |
| अनुदानको अंश (प्रतिशतमा) | ६५.५ | ५७.८ | ५४.९ | ४९.७ | ४३.९ |
| नगद मौज्दात (रु. करोडमा) | ३६.९ | २४२.८ | १२९.२ | ४१०.६ | ७१६.५ |
| नगद मौज्दातको अंश (प्रतिशतमा) | १.३ | ७.८ | ४.० | ११.१ | १९.९ |
| वैदेशिक अनुदान (रु. करोडमा) | ०.० | ०.० | ०.० | ५.१ | ३.८ |
| वैदेशिक अनुदानको अंश (प्रतिशतमा) | - | - | - | ०.१४ | ०.११ |
| कुल प्रादेशिक आय (रु. करोडमा) | २८२३.४ | ३११४.७ | ३२०५.७ | ३७१३.२ | ३५९५.६ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर, २०८०

२.२५ कोशी प्रदेशको पछिल्लो पाँच वर्षमा प्रदेश सरकारको स्रोतबाट ४९.८ प्रतिशत र सङ्घ अनुदानबाट ५०.२ प्रतिशत खर्च बेहोर्ने स्रोत रहेको औसतमा देखिन्छ । आर्थिक वर्ष २०७९/८० मा सङ्घ अनुदानबाट भएको खर्चमध्ये वित्तीय समानीकरण अनुदानको हिस्सा ५५.२ प्रतिशत रहेको छ भने सशर्त, समपूरक र विशेष अनुदानको हिस्सा ४४.८ प्रतिशत रहेको छ ।

**तालिका २.६: प्रादेशिक खर्चमा खर्च बेहोर्ने स्रोत (कुल प्रादेशिक खर्चको प्रतिशतमा)**

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| प्रदेश सरकार स्रोत (राजस्व र नगद मौज्दात) | ४८.४ | ४९.४ | ५२.२ | ४५.८ | ५३.७ |
| सङ्घ अनुदान स्रोत | ५१.६ | ५०.६ | ४७.८ | ५४.२ | ४६.३ |
| वित्तीय समानीकरण अनुदान | १७.३ | १९.६ | २०.३ | २५.९ | २५.६ |
| सशर्त अनुदान | २९.३ | २०.३ | २३.६ | २३.५ | १७.८ |
| समपूरक अनुदान | २.६ | ८.३ | २.६ | ३.४ | १.८ |
| विशेष अनुदान | २.४ | २.४ | १.३ | १.४ | १.१ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर, २०८०

## प्रदेशको आम्दानी र खर्चको अवस्था

२.२६ आर्थिक वर्ष २०७९/८० मा प्रदेशको राजस्वमध्ये कर र गैर कर राजस्वको अनुपात क्रमशः ८७.७ प्रतिशत र १२.३ प्रतिशत रहेको छ । २०७८/७९ को तुलनामा २०७९/८० मा सङ्घबाट प्राप्त हुने अनुदान १४.५ प्रतिशतले कमी भएको छ । यस अवधिमा प्रादेशिक खर्चभन्दा प्रादेशिक प्राप्ति धेरै भएकाले २०८० असार मसान्तमा कोशी प्रदेशको सञ्चित कोष रु. ५ अर्ब १९ करोड ७६ लाखले धनात्मक रहेको छ । २०७९ असार मसान्तमा यस्तो कोष रु. ७ अर्ब १६ करोड ४८ लाखले धनात्मक रहेको थियो ।

**तालिका २.७: पछिल्लो तीन आर्थिक वर्षको प्रदेश सञ्चित कोषको विवरण (रु. करोडमा)**

| आयको विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| क. राजस्व | ९३७.०५ | १०७०.६७ | १३१५.४९ | १४५०.८५ | १२९६.६७ |
| कर राजस्व | ८४९.५६ | ९१२.०९ | ११२२.४४ | १२६२.३४ | ११३७.६८ |
| गैर कर राजस्व | ८७.५० | १५८.५८ | १९३.०५ | १८८.५१ | १५८.९९ |
| ख. अनुदान प्राप्ति (सङ्घबाट हस्तान्तरण भएको) | १८४९.४८ | १७९८.९९ | १७६१.०३ | १८४६.५५ | १५७८.६० |
| ग. द्विपक्षीय वैदेशिक अनुदान | ०.०० | ०.०० | ०.०० | ५.११ | ३.७८ |
| घ. गत आर्थिक वर्षको नगद मौज्दात | ३६.८८ | २४२.७५ | १२९.२२ | ४१०.६१ | ७१६.४८ |
| कुल प्रादेशिक प्राप्ति (क+ख+ग+घ) | २८२३.४१ | ३११२.४१ | ३२०५.७४ | ३७१३.१२ | ३५९५.५३ |
| कुल प्रादेशिक खर्च (स्थानीय तह अनुदान बाहेक) | २१२०.२९ | २९८३.३२ | २७९५.१३ | २९९६.६४ | ३०७५.७७ |
| चालु खर्च | ९७६.४३ | ११९६.६६ | १२०८.५२ | १३१२.७२ | १२६४.५२ |
| पुँजीगत खर्च | ११४३.८७ | १७८६.६६ | १५८६.६० | १६८३.९२ | १८११.२५ |
| प्रदेश सञ्चित कोष धनात्मक (+) / ऋणात्मक (-) | ७०३.११ | १२९.०९ | ४१०.६१ | ७१६.४८ | ५१९.७६ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर, २०८०

### स्थानीय तहमा वित्तीय हस्तान्तरण

२.२७ स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्दै आएको छ । प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ अनुसार समपूरक अनुदान र वित्त आयोगले निर्धारण गरेको सशर्त अनुदान प्रदान गर्ने आधारबमोजिम प्रदेशका विषयगत मन्त्रालयले स्थानीय तहमा पठाएका आयोजना तथा कार्यक्रममा सशर्त अनुदान हस्तान्तरण हुँदै आएको छ ।

२.२८ चालु आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म रु. १ अर्ब ७६ करोड ३४ लाख अनुदान रकम स्थानीय तहलाई हस्तान्तरण गरिएको छ । गत आर्थिक वर्ष २०७९/८० मा रु. ३ अर्ब ५४ करोड ६९ लाख (प्रदेशको कुल खर्चको ११.५ प्रतिशत) रकम स्थानीय तहमा अनुदान हस्तान्तरण भएको छ ।

२.२९ सवारी साधन करमध्ये स्थानीय विभाज्य कोषमा जम्मा गरिने ४० प्रतिशत रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको हिस्साअनुसार मासिक रूपमा बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला हुँदै आएको छ । चालु आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म सवारी साधन कर बापतको रु. ५४ करोड ९८ लाख राजस्व बाँडफाँट भएको छ ।

**तालिका २.८: प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरणको विवरण (रु. लाखमा)**

| विवरण | आर्थिक वर्ष | | | | | फागुनसम्म | |
|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७९/८० | २०८०/८१ |
| समानीकरण | ५००० | १०००० | १०००० | १०००० | ८७५५ | ५५२८ | ६२८३ |
| सशर्त | ३१५३१ | २९७१४ | ५६२४ | १६४५० | १५७६३ | ५९७८ | ६५६७ |
| समपूरक | ० | १४११६ | १३०८४ | १२६०८ | १०९५१ | ५२४१ | ४७८४ |
| विशेष | ० | ४४१७ | ० | ० | ० | ० | ० |
| जम्मा अनुदान | ३६५३१ | ५८२४७ | २८७०८ | ३९०५८ | ३५४६९ | १६७४७ | १७६३४ |
| सवारी साधन कर बाँडफाँट | ४७८० | ४७३४ | ७९८५ | ७९८४ | ८३८७ | ४४९५ | ५४९८ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर, २०८०

### करको दायरा विस्तार

२.३० कोशी प्रदेशमा नेपाल सरकार अन्तर्गतका आन्तरिक राजस्व कार्यालयहरू ५ र करदाता सेवा कार्यालय ११ रहेका छन् । २०८० चैत्रसम्म कोशी प्रदेशमा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाता २ लाख ८६ हजार ४ सय ५८ र व्यक्तिगत स्थायी लेखा नम्बर लिएका करदाता ५ लाख ५६ हजार ८ सय ६ पुगेका छन् ।

**तालिका २.९: आन्तरिक राजस्व विभाग मातहतमा दर्ता/आबद्ध करदाताको सङ्ख्या**

| क्र.सं. | विवरण | नेपाल | कोशी प्रदेश |
|---|---|---|---|
| १ | व्यावसायिक स्थायी लेखा नम्बर (PAN) | १९४३७३५ | २८६४५८ |
| २ | व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४०९२७५५ | ५५६८०६ |
| ३ | मू.अ.कर दर्ता | ३२५१०२ | ३५५३३ |
| ४ | अन्त:शुल्क इजाजत | १४३४०१ | २५०५१ |
| ५ | सरकारी तथा अन्य संस्थाहरूलाई W-PAN | ३२०९४ | ६१०४ |
| ६ | विद्युतीय कर बीजकमा आबद्ध करदाता (E- Payment) | १५४०२२९ | १७७६५६ |
| ७ | Computer Billing अनुमति लिएका करदाता | १९५०४ | १५४० |

| क्र.सं. | विवरण | नेपाल | कोशी प्रदेश |
|---|---|---|---|
| ८ | गैरसरकारी संस्था (करदाता/PAN) | ५३५९७ | ४९८७ |
| ९ | टि.डि.एस./E-TDS आबद्धता | १९३०९४ | २९२५९ |
| १० | ठूला करदाता | ५४१ | ५१ |
| ११ | मध्यमस्तरीय करदाता | ५४६ | ७५ |

स्रोतः आन्तरिक राजस्व विभाग, २०८१

**बेरुजू**

२.३१ प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनलाई सुशासनयुक्त बनाउन, बेरुजू न्यूनीकरण गरी वित्तीय अनुशासन कायम गर्नका लागि प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, नियमावली, २०७९ र बेरुजू न्यूनीकरण तथा फस्यौंटसम्बन्धी कार्यविधि, २०८० तर्जुमा भई कार्यान्वयनमा छन् ।

२.३२ कोशी प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, समिति तथा अन्य संस्थाको आर्थिक वर्ष २०७४/७५ देखि २०७९/८० सम्मको अन्तिम लेखापरीक्षणको बेरुजूमध्ये फछ्र्यौट तथा सम्परीक्षण गरी रु. ५ अर्ब ५८ करोड ४ लाख बेरुजू कायम रहेको छ । जुन आर्थिक वर्ष २०७९/८० मा प्रदेशका निकायको लेखापरीक्षण अङ्कको तुलनामा २.५ प्रतिशत हो ।

**तालिका २.१०: प्रदेशका निकायको अन्तिम लेखापरीक्षण बेरुजूको विवरण (रु. लाखमा)**

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| लेखा परीक्षण अङ्क | ३४६६४९ | ४४५७०३ | ४४५९१८ | ४९०१९४ | ५२७८७१ |
| बेरुजू अङ्क | १६७३९ | १२६५२ | १६२८६ | १६४६३ | १३१७६ |
| बेरुजू (प्रतिशतमा) | ४.८ | २.८ | ३.६ | ३.४ | २.५ |
| पेस्की बाहेकको बेरुजू (प्रतिशतमा) | २.२१ | २.६४ | ३.२५ | ३.१ | २.३७ |
| गत आ.व. सम्मको बाँकी बेरुजू | २२२ | १२४९१ | २१७४७ | ३३१७१ | ४२६२८ |
| कायम बेरुजू | १६९६१ | २५१४३ | ३८०३३ | ४९६३४ | ५५८०४ |

स्रोतः महालेखापरीक्षकको छैठौं वार्षिक प्रतिवेदन, २०८१

२.३३ आ.व. २०७८/७९ को अन्तिम लेखापरीक्षण बेरुजूमध्ये असुल उपर गर्नुपर्ने बेरुजू २१ प्रतिशत रहेकोमा आ.व. २०७९/८० मा यस्तो बेरुजू ११.२ प्रतिशत रहेको छ । विगत पाँच वर्षको लेखापरीक्षण बेरुजू हेर्दा नियमित गर्ने बेरुजूको अनुपात औसत ७३.२ प्रतिशतभन्दा माथि रहेको देखिन्छ ।

**चार्ट २.६: कोशी प्रदेशको कुल बेरुजूमध्ये असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की बेरुजूको अनुपात (प्रतिशतमा)**




स्रोतः महालेखापरीक्षकको कार्यालय, २०८१

# ३. बैंक तथा वित्तीय क्षेत्र

३.१ कोशी प्रदेशमा वित्तीय पहुँचको विस्तार हुँदै गएको छ । बैंक तथा वित्तीय संस्थाका शाखा सञ्जालमा भएको विस्तारका कारण बैंकिङ सेवामा जनताको पहुँच बढ्दै गएको छ । प्रदेश अन्तर्गत बैंकिङ क्षेत्रका सम्पूर्ण सूचकमा उल्लेखनीय वृद्धि भएको छ । कोशी प्रदेशका सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेको छ ।

३.२ प्रदेशभित्रका भौगोलिक दृष्टिकोणले अति विकट स्थानमा बसोबास गर्ने नागरिकमा समेत वित्तीय पहुँचको विस्तार गरी समग्र प्रदेशको वित्तीय क्षेत्रको थप सुधार गर्दै जानुपर्ने तर्फ प्रादेशिक वित्तीय नीति केन्द्रित हुनुपर्ने देखिन्छ ।

### वित्तीय संरचना तथा वित्तीय सेवा विस्तार

३.३ २०८० फागुनसम्म कोशी प्रदेशमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामध्ये वाणिज्य बैंकका ७६१, विकास बैंकका १९५, वित्त कम्पनीका ३६ तथा लघुवित्त संस्थाका ८७० गरी कुल १, ८६२ शाखा रहेका छन् । २०८० फागुनसम्म कोशी प्रदेशमा लघुवित्त समेत बैंक तथा वित्तीय संस्थाद्वारा प्रति शाखा औसत २,६६५ जनसङ्ख्यामा बैंकिङ सेवा प्रवाह भएको छ ।

**तालिका ३.१: कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या**

| बैंक तथा वित्तीय संस्था | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|---|
| वाणिज्य बैंक | ६८७ | ७२८ | ७६३ | ७६२ | ७६१ |
| विकास बैंक | १६५ | १७७ | १९४ | १९४ | १९५ |
| वित्त कम्पनी | ४५ | २५ | ३२ | ३६ | ३६ |
| लघुवित्त संस्था | ६८२ | ७८३ | ८६८ | ८७१ | ८७० |
| कुल शाखा सङ्ख्या | १५७९ | १७१३ | १८५७ | १८६३ | १८६२ |
| प्रति शाखा जनसङ्ख्या | ३१३१ | २९११ | २६७७ | २६६३ | २६६५ |

स्रोतः नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय, २०८०    *फागुन मसान्तसम्म

३.४ कोशी प्रदेश अन्तर्गतका १४ जिल्लामध्ये तेह्रथुममा प्रति शाखा सेवा प्रवाह गरेको जनसङ्ख्या सबैभन्दा कम १,८११ रहेको छ भने खोटाङ जिल्लामा सबैभन्दा बढी ३,७३० रहेको छ ।

**चार्ट ३.१: जिल्लागत प्रति शाखा सेवा प्रवाह गरेको जनसङ्ख्या**




स्रोतः नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय, २०८०

३.५ २०८० असारसम्म कोशी प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाका ६२९ ए.टि.एम. बुथ सञ्चालनमा रहेकोमा २०८० फागुनसम्म ३७ थप भई यस्तो सङ्ख्या ६६६ पुगेका छन् । प्रदेशभित्रका बैंक तथा वित्तीय संस्थाबाट १७ लाख ५४ हजार ६ सय ९१ डेबिट कार्ड र ३१ हजार ५ सय १२ क्रेडिट कार्ड जारी भएका छन् । इन्टरनेट सेवाको बढ्दो पहुँच, बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जालमा आएको तीव्र विस्तारले गर्दा अत्याधुनिक बैंकिङ सुविधा लिने ग्राहकको सङ्ख्यामा वृद्धि भएको छ ।

**तालिका ३.२: कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको बैंकिङ सेवाको अवस्था**

| विवरण | | | | | फागुनसम्म | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७९/८० | २०८०/८१ |
| एटीएमको सङ्ख्या | ५०३ | ५३८ | ५७६ | ६२९ | ६०६ | ६६६ |
| क्रेडिट कार्ड लिनेको सङ्ख्या | १२१५५ | १५७४७ | २१५४५ | २७९१४ | २५५८३ | ३१५१२ |
| डेबिट कार्ड लिनेको सङ्ख्या (हजारमा) | ८९३ | १०९८ | १३८९ | १६६१ | १५७७ | १७५५ |
| प्रिपेड कार्ड सङ्ख्या | | | | | २७४० | ६१४७ |
| मोबाइल बैंकिङ ग्राहक सङ्ख्या (हजारमा) | १६११ | २०१५ | २५८७ | ३०४३ | २८३६ | ३४११ |
| इन्टरनेट बैंकिङ ग्राहक सङ्ख्या (हजारमा) | | | | १६५ | १६० | १८५ |
| निक्षेप खाता सङ्ख्या | ४२५४ | ५०२७ | ५९५५ | ६८२३ | ६५३९ | ७२७१ |

स्रोतः नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय

३.६ कोशी प्रदेशमा बैंकिङ सेवा लिने जनसङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ । इन्टरनेट सहितको आधुनिक सूचना प्रविधिको विकाससँगै मोबाइल बैंकिङ तथा इन्टरनेट बैंकिङ सेवा लिने जनसङ्ख्या समेत उच्च दरमा वृद्धि हुँदै गएको छ । मोबाइल बैंकिङ सेवा लिने ग्राहकको सङ्ख्या आर्थिक वर्ष २०७६/७७ मा १६ लाख ११ हजार रहेकोमा क्रमशः वृद्धि हुँदै २०८०/८१ को फागुनसम्म ३४ लाख ११ हजार पुगेको छ ।

**चार्ट ३.२: मोबाइल बैंकिङ ग्राहक सङ्ख्या (हजारमा)**




स्रोतः नेपाल राष्ट्र बैंक, विराटनगर, कार्यालय

*फागुनसम्म

## वित्तीय स्रोत तथा वित्तीय साधन परिचालनको अवस्था

३.७ २०८० पुससम्म कोशी प्रदेशका बैंक तथा वित्तीय संस्थाले रु. ४ खर्ब ३८ अर्ब ७४ करोड निक्षेप सङ्कलन गरेका छन् । प्रदेशमा कुल सङ्कलित निक्षेपमध्ये मोरङमा सङ्कलित निक्षेपको हिस्सा सबैभन्दा बढी ३१.४ प्रतिशत र तेह्रथुम जिल्लामा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ । प्रदेशको कुल निक्षेप सङ्कलनमा मोरङ, सुनसरी र झापा जिल्लाको हिस्सा ७७.४ प्रतिशत रहेको छ ।

३.८ २०८० पुससम्म रु. ५ खर्ब ३१ अर्ब ७६ करोड कर्जा प्रवाह भएको छ । कुल कर्जाको ९० प्रतिशत हिस्सा मोरङ, झापा र सुनसरीमा प्रवाह भएको छ ।

३.९ २०८० फागुनसम्म यस प्रदेश अन्तर्गतका बैंक तथा वित्तीय संस्थामा रहेका कुल ७२ लाख ७१ हजार २ सय ३८ निक्षेप खातामध्ये ७०.४५ प्रतिशत निक्षेप खाता सक्रिय अवस्थामा रहेका छन् । त्यस्तै कुल निक्षेप खातामध्ये ८९.०७ प्रतिशत बचत खाता रहेका छन् ।

३.१० यस अवधिमा सक्रिय रहेका बचत खातामध्ये सक्रिय खाता ७३.२६ प्रतिशत रहेका छन् । कुल सक्रिय खाताको ४४.८५ प्रतिशत महिलाको खाता रहेका छन् ।

**तालिका ३.३: निक्षेप खाताको विवरण**

| विवरण | इकाई | २०८० फागुनसम्म |
|---|---|---|
| कुल निक्षेप खाता | सङ्ख्या | ७२७१२३८ |
| सक्रिय निक्षेप खाता | सङ्ख्या | ५१२२५९१ |
| ऋणी (पुस मसान्त) | सङ्ख्या | २५४४९५ |
| बचत खाता | सङ्ख्या | ६४७६२६३ |
| बचत खातामध्ये सक्रिय खाता | सङ्ख्या | ४७४४५२५ |
| कुल सक्रिय खातामध्ये पुरुषको खाता | सङ्ख्या | २६३७९६२ |
| कुल सक्रिय खातामध्ये महिलाको खाता | सङ्ख्या | २१४४६७५ |

स्रोतः नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय, २०८०

३.११ पुससम्म कोशी प्रदेशको कुल निक्षेपमा चल्ती, बचत, मुद्दती र अन्य निक्षेपको हिस्सा क्रमशः ७.३ प्रतिशत, ४०.४ प्रतिशत, ४७.३ प्रतिशत र ५.० प्रतिशत रहेको छ । २०७९ पुससम्म यस्तो हिस्सा क्रमशः ७.८ प्रतिशत, ३९.३ प्रतिशत, ४७.१ प्रतिशत रहेको थियो ।

३.१२ बैंकिङ सेवाको विस्तारसँगै ऋणीहरूको सङ्ख्यामा समेत वृद्धि हुँदै गएको छ । २०७६ असारमा कोशी प्रदेशका बैंक तथा वित्तीय संस्थाका ऋणीको सङ्ख्या १ लाख ८२ हजार ७ सय २३ रहेकोमा २०७९ असारमा यस्तो सङ्ख्या ३ लाख माथि रहेको थियो । २०८० पुस ऋण कायम रहेका ऋणीको सङ्ख्या २ लाख ५४ हजार ४ सय ९५ रहेको छ ।

**चार्ट ३.३: बैंक तथा वित्तीय संस्थाका ऋणीको सङ्ख्या**




स्रोतः नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय *पुस

## सहुलियतपूर्ण कर्जा

३.१३ कोशी प्रदेशमा २०८० पुससम्म बक्यौता रहेको सहुलियतपूर्ण कर्जा रु. ३३ अर्ब १६ करोड रहेको छ । कुल कर्जाको ९९ प्रतिशतभन्दा बढी हिस्सा व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा र महिला उद्यमशील कर्जाले ओगटेको छ ।

**तालिका ३.४: सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकम (रु. दश लाखमा)**

| सहुलियतपूर्ण कर्जा | २०७९ | २०८० | २०८०* |
|---|---|---|---|
| कपडा उद्योग सञ्चालनका लागि कर्जा | १०९.९ | ४५.०५ | ६०.७ |
| प्राविधिक तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त संस्थाबाट दिइने तालिममा | ०.२ | - | - |
| दलित समुदाय व्यवसाय विकास कर्जा | ६३.७ | ४३.३ | ५५ |
| भूकम्प प्रभावित निजी आवास निर्माण कर्जा | ५ | ३.३१ | ५.२ |
| शिक्षित युवा स्वरोजगार कर्जा | ४ | २.८२ | ४ |
| विदेशबाट फर्केका युवा परियोजना कर्जा | १२०.७ | ८८.१ | ९६.९ |
| उच्च र प्राविधिक/व्यावसायिक शैक्षिक कर्जा | १.६ | १.४८ | १.७ |
| व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा | २३३२०.३ | २१९००.३७ | २२०३६.९० |
| महिला उद्यमशील कर्जा | १२३९४.४ | १०३४३.८५ | १०९०१.३० |
| जम्मा | ३६०१९.९ | ३२४२८.२८ | ३३१६१.८० |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८० *पुस

## सहकारी

३.१४ सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सर्वसाधारण माझ छरिएर रहेको श्रम, पुँजी, प्रविधि तथा सीपलाई एकीकृत गर्दै आर्थिक तथा सामाजिक विकासमा उपयोग गर्न प्रदेश सहकारी ऐन, २०७६ जारी भएको छ ।

३.१५ २०८० असारसम्म कोशी प्रदेशमा दर्ता भएका सहकारीको सङ्ख्या १,०७७ रहेको छ । कुल सहकारीमध्ये बचत तथा ऋण सहकारी ४१.५ प्रतिशत, कृषि सहकारी २२.१ प्रतिशत, बहुउद्देश्यीय १७.० प्रतिशत र अन्य सहकारी १९.५ प्रतिशत रहेका छन् । कोशी प्रदेशका सहकारीमध्ये सबैभन्दा बढी झापा जिल्लामा ३०.९ प्रतिशत र सबैभन्दा कम सोलुखुम्बुमा १.३ प्रतिशत रहेका छन् ।

३.१६ यस अवधिमा कोशी प्रदेशका स्थानीय तहमा कुल ३८३६ सहकारी सञ्चालनमा रहेका छन् ।

३.१७ २०८० असारसम्म कोशी प्रदेशका प्रदेश र स्थानीय तह मातहतमा दर्ता भएका सहकारीमा २१ लाख ७२ हजार ६ सय ४४ व्यक्ति आबद्ध रहेका छन् । सहकारीबाट १४ हजार २ सय ३५ व्यक्तिले प्रत्यक्ष रोजगारी पाएका छन् ।

३.१८ २०८० असारसम्म कोशी प्रदेशका प्रदेश र स्थानीय तह मातहतमा दर्ता भई सञ्चालनमा रहेका सहकारीको जम्मा पुँजी रु. ११ अर्ब ५९ करोड ५९ लाख रहेको छ भने कुल कर्जा प्रवाह रु. १ खर्ब १३ अर्ब ११ करोड ८९ लाख रहेको छ । कुल कर्जा प्रवाहमध्ये ९३.८ प्रतिशत कर्जा प्रवाह कृषि क्षेत्रमा भएको छ ।

**बीमा**

३.१९ २०८० को फागुनसम्म मुलुकमा कुल बीमक सङ्ख्या २,९३२ रहेकोमा कोशी प्रदेशमा यस्तो सङ्ख्या १६.३ प्रतिशत रहेको छ ।

**चार्ट ३.४: बीमकको प्रदेशगत शाखा सङ्ख्या**




स्रोतः नेपाल बीमा प्राधिकरण, २०८०

**तालिका ३.५: कोशी प्रदेशमा रहेका जीवन, निर्जीवन तथा लघु बीमकका शाखा सङ्ख्याको विवरण**

| विवरण | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|
| जीवन बीमा | ३७६ | ३५९ | २९८ |
| निर्जीवन बीमा | १६५ | १६१ | १६२ |
| लघुबीमक | - | - | १७ |
| जम्मा | ५४१ | ५२० | ४७७ |

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८० *फागुनसम्म

३.२० कोशी प्रदेशमा २०८० फागुनसम्म रहेका बीमक सङ्ख्यामध्ये ६२.५ प्रतिशत जीवन बीमा, ३४.० प्रतिशत निर्जीवन बीमा र ३.६ प्रतिशत लघुबीमा कम्पनी रहेका छन् ।

३.२१ कोशी प्रदेशमा २०८० फागुनसम्म बीमा प्रिमियम बापत सङ्कलन भएको रकम रु. १४ अर्ब २५ करोड पुगेको छ । सङ्कलित प्रिमियम (बीमा शुल्क) मध्ये जीवन र निर्जीवनको अंश करिब ८३.७ प्रतिशत र १६.३ प्रतिशत रहेको छ । कुल सङ्कलित प्रिमियममध्ये कोशी प्रदेशको हिस्सा करिब ११.४ प्रतिशत रहेको छ ।

**तालिका ३.६: बीमालेख र बीमा शुल्क सङ्कलनको प्रदेशगत विवरण**

***(बीमा शुल्क रु. करोडमा र हिस्सा प्रतिशतमा)**

| प्रदेश | जीवन | | | निर्जीवन | | | बीमा शुल्क | बीमा शुल्क हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| | सक्रिय बीमालेख सङ्ख्या | बीमा शुल्क | बीमा शुल्क हिस्सा | जारी बीमालेख सङ्ख्या | बीमा शुल्क | बीमा शुल्क आर्जनको हिस्सा | | |
| कोशी | ११४००११ | ११९२.७ | १२.१ | २४६६६९ | २३२.५ | ८.९ | १४२५.२ | ११.४ |
| मधेश | ५६७३२४ | ८७५.१ | ८.९ | १९६४९३ | १७५.१ | ६.७ | १०५०.२ | ८.४ |
| बागमती | ९८८८५६६ | ४३८१.६ | ४४.४ | ८६४४५४ | १७२५.२ | ६५.७ | ६१०६.८ | ४८.९ |
| गण्डकी | ५४८४९२ | १००५.३ | १०.२ | २०३५५६ | १४८.४ | ५.७ | ११५३.८ | ९.२ |
| लुम्बिनी | ९६९६०२ | १५४०.१ | १५.६ | ३११९८२ | २४०.३ | ९.१ | १७८०.३ | १४.३ |
| कर्णाली | १८४२६२ | २७१.६ | २.८ | ३६९७९ | ३६.१ | १.४ | ३०७.७ | २.५ |
| सुदूरपश्चिम | ५०८९९२ | ५९२.८ | ६.० | १०१८९१ | ६९.२ | २.६ | ६६२.० | ५.३ |
| जम्मा | १३८०७२४९ | ९८५९.१ | १००.० | १९६२०२४ | २६२६.८ | १००.० | १२४८५.९ | १००.० |

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८० *फागुनसम्म

## पुँजी बजार

३.२२ २०८० चैत्रसम्म CDSC को तथ्याङ्कमा स्थायी ठेगाना कोशी प्रदेश उल्लेख गरी खोलिएका हितग्राही (डिम्याट) खाताको सङ्ख्या ११ लाख ८७ हजार ४ सय ९१ पुगेको छ । २०७९ चैत्रसम्म डिम्याट खाताको सङ्ख्या १० लाख ९० हजार रहेको थियो ।

३.२३ कोशी प्रदेशको कुल डिम्याट खाता सङ्ख्यामध्ये झापामा सबैभन्दा बढी २२.४ प्रतिशत र तेह्रथुम जिल्लामा सबैभन्दा कम १.९ प्रतिशत रहेका छन् ।

**तालिका ३.७: डिम्याट खाता सङ्ख्या (२०८० चैत्रसम्म)**

| क्र.सं. | जिल्ला | डिम्याट खाता | प्रतिशत |
|---|---|---|---|
| १ | भोजपुर | ३८७४६ | ३.३ |
| २ | धनकुटा | ३४०८३ | २.९ |
| ३ | इलाम | ७६००१ | ६.४ |
| ४ | झापा | २६५९५२ | २२.४ |
| ५ | खोटाङ | ४६६३० | ३.९ |
| ६ | मोरङ | २५३७३५ | २१.४ |
| ७ | ओखलढुङ्गा | ५९२७७ | ५.० |
| ८ | पाँचथर | ३८३८० | ३.२ |
| ९ | संखुवासभा | ३७२५६ | ३.१ |
| १० | सोलुखुम्बु | ४७५८४ | ४.० |
| ११ | सुनसरी | १७९१३१ | १५.१ |
| १२ | ताप्लेजुङ | ३१२३२ | २.६ |
| १३ | तेह्रथुम | २२९९७ | १.९ |

| क्र.सं. | जिल्ला | डिम्याट खाता | प्रतिशत |
|---|---|---|---|
| १४ | उदयपुर | ५६४८७ | ४.८ |
| जम्मा | | ११८७४९१ | १००.० |

स्रोतः नेपाल धितोपत्र बोर्ड, २०८१

३.२४ कोशी प्रदेशमा धितोपत्र दलालको शाखा सङ्ख्या २०७९ चैत्रसम्म १६ वटा रहेकोमा २०८० चैत्र सम्ममा यस्तो शाखा सङ्ख्या २० पुगेको छ ।

**तालिका ३.८: धितोपत्रसम्बन्धी विवरण**

| क्र.सं. | विवरण | नेपाल | कोशी प्रदेश |
|---|---|---|---|
| १ | धितोपत्र दलालको शाखा सङ्ख्या | १०३ | २० |
| २ | धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त योग्य संस्थागत लगानीकर्ता | १५० | १ |
| ३ | मर्चेन्ट बैंकरका शाखा | १३ | २ |
| ४ | आस्वा सदस्यको सङ्ख्या | ४३ | २ |

स्रोतः नेपाल धितोपत्र बोर्ड, २०८१

३.२५ कोशी प्रदेशमा खोलिएका धितोपत्र दलालका शाखा कार्यालयबाट २०८०/८१ चैत्रसम्म रु. २२ अर्ब ५२ करोड ४९ लाख बराबरको धितोपत्र खरिद र रू.२४ अर्ब ८४ करोड ४२ लाख बराबरको धितोपत्र बिक्री भएको छ।

**तालिका ३.९: कोशी प्रदेशमा खोलिएका धितोपत्र दलालका शाखा कार्यालयहरूबाट भएको धितोपत्र खरिद र बिक्रीको विवरण**

| आ.व. | खरिद | | बिक्री | |
|---|---|---|---|---|
| | कारोबार सङ्ख्या | रकम रु. लाखमा | जम्मा कारोबार सङ्ख्या | कारोबार रु. लाखमा |
| २०७९/८० | ६०२१४५ | २६८७९३ | ६९२४७० | २७३०४० |
| २०८०/८१* | ६७४९३६ | २२५२४९ | ९५७६५६ | २४८४४२ |

स्रोतः नेपाल धितोपत्र बोर्ड, २०८१

*चैत्र मसान्तसम्म

# ४. आर्थिक तथा पूर्वाधार क्षेत्र

## गरिबी निवारण र रोजगारी

४.१ नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८० अनुसार नेपालमा गरिबीको रेखा प्रतिव्यक्ति प्रति वर्ष रु. ७२ हजार ९ सय ८ निर्धारण गरिएको छ । जसमध्ये खाद्य गरिबीको रेखा रु. ३५ हजार २९ र गैर खाद्य गरिबीको रेखा रु. ३७ हजार ८ सय ७९ रहेको छ ।

४.२ नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) अनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २०.२७ प्रतिशत रहेको छ । कोशी प्रदेशमा गरिबीको दर १७.२ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसतभन्दा कम रहेको छ ।

**चार्ट ४.१ः प्रदेशगत रूपमा गरिबीको दर (प्रतिशतमा)**




स्रोतः नेपाल जीवनस्तर सर्वेक्षण, चौथो, राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

४.३ गरिबीको विषमताको (Poverty Gap) (जसले गरिबीमा रहेको जनसङ्ख्या गरिबीको रेखाबाट कति टाढा रहेका छन् भन्ने जानकारी गराउँछ), राष्ट्रियस्तरको सूचकको मान ४.५२ प्रतिशत रहेको देखिन्छ । यसैगरी गरिबीमा रहेको जनसङ्ख्याको बीचको असमानता मापन गर्ने सूचक गरिबीको गहनता (Squared Poverty Gap) को राष्ट्रियस्तरको मान १.४८ प्रतिशत रहेको छ ।

**तालिका ४.१ः प्रदेशगत रूपमा गरिबीको स्थिति**

| प्रदेश | गरिबीको दर | गरिबीको विषमता | गरिबीको गहनता | गरिबीको फैलावट प्रतिशत | कुल जनसङ्ख्या प्रतिशत |
|---|---|---|---|---|---|
| कोशी | १७.१९ | ३.८४ | १.२५ | १३.८० | १६.२३ |
| मधेश | २२.५३ | ४.६२ | १.३६ | २५.०८ | २२.५६ |
| बागमती | १२.५९ | २.६४ | ०.८९ | १२.६८ | २०.४२ |
| गण्डकी | ११.८८ | २.३३ | ०.७१ | ४.८८ | ८.३४ |

| प्रदेश | गरिबीको दर | गरिबीको विषमता | गरिबीको गहनता | गरिबीको फैलावट प्रतिशत | कुल जनसङ्ख्या प्रतिशत |
|---|---|---|---|---|---|
| लुम्बिनी | २४.३५ | ५.८ | १.९९ | २२.७६ | १८.९३ |
| कर्णाली | २६.६९ | ६.२५ | २.१६ | ६.७४ | ५.१२ |
| सुदूरपश्चिम | ३४.१६ | ८.४१ | २.८७ | १४.०२ | ८.३२ |

स्रोतः नेपाल जीवनस्तर सर्वेक्षण, २०२२/२३

४.४ यस्तै राष्ट्रिय बहुआयामिक गरिबीको सूचकाङ्क ०.०७४ रहेको छ भने कोशी प्रदेशमा गरिबीको विषमताको सूचक मान ३.८४ प्रतिशत, गरिबीको गहनता सूचक मान १.२५ र बहुआयामिक सूचकाङ्क ०.०६६ रहेको छ । राष्ट्रियस्तरसँग तुलना गर्दा यस कोशी प्रदेशको गरिबीको विषमता, गहनता र बहुआयामिक सूचकमा राष्ट्रिय औसतभन्दा राम्रो देखिएको छ ।

**तालिका ४.२ः कोशी प्रदेशको बहुआयामिक गरिबीको स्थिति**

| गरिबीको विवरण | कोशी प्रदेश | नेपाल |
|---|---|---|
| बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशतमा) | १५.९ | १७.४ |
| बहुआयामिक गरिबी सूचकाङ्क | ०.०६६ | ०.०७४ |
| बहुआयामिक गरिबीको सघनता प्रतिशत(Intensity) | ४१.४ | ४२.५ |
| गरिबीको दर | १७.१९ | २०.२७ |
| गरिबीको विषमता | ३.८४ | ४.५२ |
| गरिबीको गहनता | १.२५ | १.४८ |
| गिनी गुणक (सूचकाङ्क) | | ०.३० |

स्रोतः बहुआयामिक गरिबी सूचक, २०२१, राष्ट्रिय योजना आयोग

४.५ सन् २०२२ मा नेपालको मानव विकास सूचकाङ्क ०.६०१ रहेको छ । नेपाल मानव विकासको विश्व श्रेणीमा १४६ औं स्थानमा पर्दछ ।

४.६ बहुआयामिक गरिबी मापनका लागि समेटिएका १० क्षेत्रहरू (Assets, Cooking Fuel, Housing, Sanitation, Water, Electricity, Years of Schooling, Schooling Attendance, Nutrition, Child Mortality) मध्ये कोशी प्रदेशमा सबैभन्दा धेरै योगदान गर्ने क्षेत्र Years of Schooling रहेको देखाएको छ । जसले २७.८ प्रतिशत योगदान गर्दछ भने दोस्रोमा पोषणमा आधारित सूचकले १८.२ प्रतिशत योगदान गरेको छ । सबैभन्दा कम योगदान गर्ने सूचकको रूपमा Child Mortality र Water रहेको छ जसको समान २.२ प्रतिशत योगदान रहेको छ । राष्ट्रियस्तरमा क्षेत्रगत सूचकसँग तुलना गर्दा Nutrition, School Attendance, Sanitation को स्थिति मात्र राम्रो देखिएको छ भने बाँकी ७ सूचकहरू राष्ट्रियस्तरभन्दा न्यून अवस्थामा देखिएको छ ।

चार्ट ४.२ः गरिबीको तुलनात्मक स्थिति




स्रोतः राष्ट्रिय योजना आयोग, २०२१

४.७ विकासका हरेक क्रियाकलाप र आयोजनाहरूलाई गरिबी निवारणको लक्ष्यसँग आबद्ध गरी कार्यान्वयन गर्न सकिएमा गरिबी निवारणमा सघाउ पुग्ने देखिन्छ ।

४.८ २०८० चैत्रसम्मको तथ्याङ्क अनुसार गरिब घर-परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत कोशी प्रदेशका ८ जिल्लाका ५५ हजार १ सय ४६ गरिब परिवारको अन्तिम सूची तयार भएको छ । कोशी प्रदेशमा गरिब परिवार पहिचान भएकामध्ये अति गरिब २० हजार ५ सय ६२, मध्यम गरिब १९ हजार ५ सय ६० र सामान्य गरिब १५ हजार २४ रहेका छन् ।

## श्रम तथा रोजगारी

४.९ नेपालको संविधान, दिगो विकास लक्ष्य तथा अन्य क्षेत्रगत कानूनले गरिबी निवारण र रोजगारीलाई केन्द्रित गरी नीति तथा कार्यक्रम तर्जुमा गर्दै आएका छन् । सन् २०३० सम्ममा बालश्रमको पूर्ण उन्मूलन र अर्ध बेरोजगारी दर १० प्रतिशतभन्दा तल झार्ने लक्ष्य लिएको छ ।

४.१० नेपाल श्रमशक्ति सर्वेक्षण, २०१८ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेकोमा कोशी प्रदेशमा बेरोजगारी दर १०.२ प्रतिशत रहेको छ ।

४.११ स्थानीय तहबाट एकीकृत रूपमा श्रम तथा रोजगारसम्बन्धी सेवा प्रवाह गर्न एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ । राष्ट्रिय योजना आयोगबाट एकीकृत राष्ट्रिय रोजगार प्रणालीको ढाँचा तयार भएको छ ।

४.१२ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कोशी प्रदेशका ११६ स्थानीय तहमा सञ्चालित १,२२८ आयोजनाबाट औसत ६४.९५ दिनका आधारमा कुल १ लाख ७ हजार ९ सय ४२ जनाले रोजगारी प्राप्त गरेका छन् ।

तालिका ४.३ः प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण*

| प्रदेश | स्थानीय तहको सङ्ख्या | आयोजना प्रविष्ट गरेका स्थानीय तहको सङ्ख्या | आयोजना सङ्ख्या | रोजगारीमा खटिएको व्यक्तिको सङ्ख्या | जम्मा रोजगारी दिन | औसत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| कोशी | १३७ | ११६ | १२२८ | १६६२ | १०७९४२ | ६४.९५ |
| नेपाल | ७५३ | ५८५ | ७५८१ | ६६९९ | ४०८१४८ | ६०.९३ |

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०८०

४.१३ चालु आर्थिक वर्षको फागुनसम्म कोसी प्रदेशमा सूचीकृत भएकामध्ये १.५ प्रतिशत न्यूनतम रोजगारीमा खटिएका छन् । आर्थिक वर्ष २०७९/८० मा १३.२ प्रतिशत सूचीकृत बेरोजगार न्यूनतम रोजगारीमा खटिएका थिए ।

४.१४ आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशबाट ७० हजार ६ सय २३ व्यक्तिले नयाँ श्रम स्वीकृति लिएकोमा महिलाको अंश १४.३ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०७९/८० मा नयाँ श्रम स्वीकृति लिने सङ्ख्या ३,८१५ ले बढी ७४,४३८ जना पुगेका छन् । जसमध्ये महिलाको श्रम स्वीकृति लिने दर गत वर्षकै नजिक रही १४.९३ प्रतिशत रहेको पुगेको छ । आर्थिक वर्ष २०७९/८० मा कुल ४ लाख ३ हजार ६ सय ४१ श्रम स्वीकृति लिएका श्रमिकमध्ये कोशी प्रदेशबाट श्रम स्वीकृति लिनेको प्रतिशत १८.४४ रहेको छ । सात प्रदेशको तुलनामा कोशी प्रदेश श्रम स्वीकृति लिने श्रमिकको सङ्ख्याको आधारमा दोस्रो स्थानमा रहेको छ । मधेश प्रदेश पहिलो स्थानमा रहेको छ ।

४.१५ आर्थिक वर्ष २०७८/७९ मा झापाबाट सबैभन्दा बढी १३ हजार ५ सय ५८ व्यक्तिले नयाँ श्रम स्वीकृति लिएका थिए । मोरङ र सुनसरीबाट समेत श्रम स्वीकृति लिनेको सङ्ख्या उच्च रहेको थियो भने आर्थिक वर्ष २०७९/८० सम्ममा सबैभन्दा बढी श्रम स्वीकृति लिनेमा झापा जिल्ला नै अग्र स्थानमा रही मोरङ र सुनसरी समेत गत वर्ष जस्तै अग्र स्थानमै रहेका छन् । उक्त जिल्लामा गत वर्षको तुलनामा श्रम स्वीकृति लिनेको सङ्ख्या केही कमी आई झापा, मोरङ र सुनसरीको क्रमशः १२,५७९, १२,२११ र ९,२६१ रहेको छ ।

४.१६ बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बमोजिम हालसम्म कोशी प्रदेशको सहित नेपालका ६ स्थानीय तह बालश्रममुक्त घोषणा भएका छन् । चालु आर्थिक वर्षको वैशाखसम्म कोशी प्रदेशका बालमैत्री घोषणा भएका स्थानीय तह ४ पुगेका छन् ।

४.१७ सामाजिक सुरक्षा कोष मार्फत श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा छ । औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना अन्तर्गत दाबी भुक्तानीका लागि सामाजिक सुरक्षा कोषले सम्झौता गरेका १४६ अस्पतालमध्ये कोशी प्रदेशमा २६ रहेका छन् । सामाजिक सुरक्षा कोषमा कोशी प्रदेश अन्तर्गत आर्थिक वर्ष २०७५/७६ देखी चालु आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म १ हजार ९ सय ६८ रोजगारदाता र ४९ हजार ३ सय ४५ योगदानकर्ता सूचीकृत भएका छन् ।

**तालिका ४.४ः सामाजिक सुरक्षा कोषमा आबद्ध भएका रोजगारदाता र योगदानकर्ता सम्बन्धी विवरण**

| विवरण | सूचीकृत रोजगारदाता | | सूचीकृत योगदानकर्ता | |
|---|---|---|---|---|
| | कोशी प्रदेश | नेपाल | कोशी प्रदेश | नेपाल |
| २०७५/७६ | २०७ | ३२६१ | १०४६ | २४३३० |
| २०७६/७७ | १५८४ | ९२०२ | १५४५० | १३२७२२ |
| २०७७/७८ | ६९ | २५०८ | १२३४५ | ११६६६८ |
| २०७८/७९ | २० | २२४१ | ५३८० | ७३०२४ |
| २०७९/८० | १८ | ८३३ | ७९०३ | ७७३७० |
| २०८०/८१* | ७० | ७१० | ७२२१ | ६२०११ |
| जम्मा | १९६८ | १८७५५ | ४९३४५ | ४८६१२५ |

स्रोतः सामाजिक सुरक्षा कोष *फागुनसम्म

**कृषि क्षेत्र**

४.१८ मुलुकको अर्थतन्त्र गैर कृषि क्षेत्रतर्फ रूपान्तरण हुँदै गएको छ । कुल गार्हस्थ्य उत्पादनमा गैर कृषि क्षेत्रको योगदान बढ्दै जाँदा कृषि क्षेत्रको योगदान भने घट्दै गएको छ । राष्ट्रियस्तरमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएकोमा कोशी प्रदेशमा योगदान पनि घट्दै गएको देखिन्छ । चालु आर्थिक वर्षमा यस प्रदेशको कृषि क्षेत्रको योगदान ३२.८० रहने अनुमान रहेको छ।

४.१९ ४.१९ कृषिको लागि कोशी प्रदेशमा प्रचुर सम्भावना रहेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशको कुल जनसङ्ख्या मध्ये ६२.७ प्रतिशत जनसङ्ख्या कृषि क्षेत्रमा आबद्ध रहेका छन् ।

४.२० राष्ट्रिय कृषि गणना, २०७८ अनुसार नेपालमा कुल ४१ लाख ३१ हजार कृषक परिवार रेहेकोमा यस प्रदेशमा १९.१० प्रतिशत कृषक परिवार रहेको देखाएको छ । ती परिवारले कुल ५ लाख ३५ हजार ३ सय ६८ हेक्टर जमिन चलन गरेको देखाएको छ । कृषक परिवारले चलन गरेको जग्गा राष्ट्रियस्तरमा विगत दश वर्षको तुलनामा १२ प्रतिशतले घटेको र सोही अवधिमा परिवारको सङ्ख्या भने ८ प्रतिशतले बढेको देखाएको छ । नेपालमा सबैभन्दा धेरै कृषक परिवार भएको जिल्ला क्रमशः झापा, मोरङ र सुनसरी रहेका छन् ।

४.२१ कोशी प्रदेशका स्थानीय तहमध्ये मेचीनगर नगरपालिका, वराहक्षेत्र नगरपालिका र त्रियुगा नगरपालिकामा धेरै कृषक परिवार रहेका छन् भने कृषक परिवारले चलन गरेको जग्गाको क्षेत्रफलका आधारमा गौरादह नगरपालिका, रतुवामाई नगरपालिका र सूर्योदय नगरपालिका क्रमशः पहिलो, दोस्रो तथा तेस्रो स्थानमा रहेका छन् ।

४.२२ चालु आर्थिक वर्ष २०८०/८१ मा नेपालको कृषि क्षेत्रको उत्पादन ३.०५ प्रतिशतले बढ्ने अनुमान रहेको छ भने कोशी प्रदेशको कृषि क्षेत्रको उत्पादन २.४५ प्रतिशतले बढ्ने अनुमान रहेको छ ।

**चार्ट ४.३ः प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान र वार्षिक वृद्धिदर (प्रतिशतमा)**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

*अनुमानित

४.२३ कोशी प्रदेशको कुल भू-भागको करिब ३१.९ प्रतिशत क्षेत्रफल खेतीयोग्य रहेको छ । यस प्रदेशको खेतीयोग्य जमिन ८ लाख २६ हजार ६४६ हेक्टर मध्ये ८६.४ प्रतिशतमा मात्र खेती भइरहेको छ भने खेतीयोग्य तर बाँझो रहेको जग्गा करिब १३.६ प्रतिशत रहेको छ ।

४.२४ प्रदेशको कुल खेतीयोग्य जग्गामध्ये सबैभन्दा बढी मोरङ जिल्लामा १४.१ प्रतिशत रहेको छ । यसैगरी झापा, सुनसरी, इलाम र खोटाङमा क्रमशः ११.९ प्रतिशत, ९.९ प्रतिशत, ८.५ प्रतिशत र ८.१ प्रतिशत रहेको छ ।

**तालिका ४.५: कोशी प्रदेशमा जमिन उपयोगको स्थिति (हेक्टरमा)**

| | |
|---|---|
| कृषि चलनमा रहेको जमिन | ५३२९३७ |
| कृषिको लागि प्रयोग भएको जमिन | ४९७६८६ |
| कृषि जमिन | ४६३६५७ |
| बाली लागेको जमिन | ४५५०७६ |
| खेतीयोग्य जमिन | ३९८७७२ |
| अस्थायी बाली लागेको जग्गा | ३८१४४५ |
| अस्थायी चौरचरन | २७२५ |
| अस्थायी बाझो जग्गा | १४६०२ |
| स्थायी बाली लागेको जग्गा | ५६३०४ |
| स्थायी चौरचरन | ८५८१ |
| घर आँगन गोठले ढाकेको जग्गा | ३४०२९ |
| निजी बन बनेलो | ३२४३६ |
| पोखरी | २०५१ |
| अन्य जग्गा | ७६४ |

स्रोतः राष्ट्रिय कृषि गणना, २०७८

## कृषि उत्पादनको स्थिति

४.२५ कोशी प्रदेशमा मुख्य खाद्यान्न बाली, धान, मकै, गहुँ र कोदो र नगदे बालीमा चिया उखु, अलैंची, अदुवा, आलु र तरकारी उत्पादन हुने गरेको छ । कोशी प्रदेशमा आर्थिक वर्ष २०७९/८० भएको कृषि उत्पादनमध्ये सबैभन्दा बढी धान उत्पादन भएको छ । त्यस्तै दोस्रो र तेस्रो प्रमुख उत्पादनमा क्रमशः मकै र गहुँ रहेको छ ।

४.२६ आर्थिक वर्ष २०७८/७९ को तुलनामा २०७९/८० मा मकै र तरकारीको उत्पादन बढेको छ भने धान र कोदोको उत्पादनमा केही कमी आएको छ ।

**चार्ट ४.४: कोशी प्रदेशको कृषि उत्पादन (मेट्रिक टनमा)**




स्रोतः उद्योग कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, २०८१

४.२७ आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा प्रमुख खाद्यान्न बालीमा धान बालीको उत्पादन १३ लाख ३६ हजार २ सय ५७ मेट्रिक टन रहेको छ । यस प्रदेशमा आर्थिक वर्ष २०७९/८० मा दूधको उत्पादन ५ लाख १० हजार मेट्रिक टन भएको छ भने मासु ७५ हजार ८३३ मेट्रिक टन र अण्डा ११ करोड ५२ लाख २१ हजार गोटा उत्पादन भएको छ ।

४.२८ प्रमुख कृषि बालीको न्यूनतम समर्थन मूल्य प्रदेश सरकारबाट अलग्गै निर्धारण नगरी सङ्घीय सरकारले निर्धारण गरेको मूल्यलाई नै अवलम्बन गरिएको छ । जसअनुसार आर्थिक वर्ष २०७९/८० मा मोटा धानको न्यूनतम समर्थन मूल्य प्रति क्विन्टल रु. २,९६७ कायम भएकोमा आर्थिक वर्ष २०८०/८१ मा रु. ३,१९८ कायम भएको छ । त्यस्तै गत वर्ष मध्यम धानको प्रति क्विन्टल मूल्य रु. ३,१२८ रहेकोमा चालु आर्थिक वर्षमा रु. ३,३६२ कायम भएको छ । चालु आर्थिक वर्षबाट चैते धानको समेत न्यूनतम समर्थन मूल्य तोक्न सुरु भएको छ ।

**तालिका ४.६: प्रमुख बालीको न्यूनतम समर्थन मूल्य (रुपैयाँ प्रति क्विन्टल)**

| क्र.सं. | बाली | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| १ | मोटा धान | २७३५ | २७५२ | २९६७ | ३१९८ |
| २ | मध्यम धान | २८८५ | २९०२ | ३१२८ | ३३६२ |
| ३ | चैते धान | | | | २७०७.२८ |
| ४ | उखु | ५४४ | ५९० | ६१० | ६३५ |
| ५ | गहुँ | ३१११ | ३१६५ | ३३५१ | |

स्रोतः कृषि तथा पशुपक्षी विकास मन्त्रालय, काठमाडौं

## कृषि उत्पादनको जिल्लागत विभाजन

४.२९ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कोशी प्रदेशका विभिन्न जिल्लालाई उत्पादन सम्भाव्यता र क्षमताको आधारमा जोन, सुपरजोन आदिको रूपमा विकास गरी कृषि क्षेत्रको विकास र विस्तारको लागि प्रयास गरेको छ । यस प्रदेशमा झापा जिल्लालाई धान खेतीको सुपरजोन र अलैंची उत्पादनको

लागि पाँचथर, ताप्लेजुङ, तेह्रथुम, भोजपुर तथा संखुवासभा जिल्लालाई अलैंची जोनको रुपमा विकास गरिएको छ ।

४.३० कोशी प्रदेशमा आ.व. २०८०/८१ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सुपरजोन १, जोन ३७, पकेट १३८ र १६ ब्लकहरू सञ्चालनमा रहेका छन् । ब्लकमध्ये कृषितर्फ १४ र पशुपक्षीतर्फ २ रहेका छन् ।

**तालिका ४.७: प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका सञ्चालित पकेट, ब्लक, जोन र सुपरजोनको विवरण**

| सि.नं. | जिल्ला | जोन/सुपरजोन | | ब्लक | | पकेट सङ्ख्या (कृषि तर्फ) |
|---|---|---|---|---|---|---|
| | | बाली, वस्तु | सङ्ख्या | बाली, वस्तु | सङ्ख्या | |
| १ | झापा | धान (सुपरजोन), रबर, सुपारी, मकै | सुपरजोन-१ जोन-३ | केरा, गाई | २ | १७ |
| २ | ताप्लेजुङ | अलैंची, मकै | जोन-२ | सुन्तला जात | १ | ७ |
| ३ | पाँचथर | अलैंची, आलु | जोन-२ | किवी | १ | ८ |
| ४ | मोरङ | धान, माछा, तरकारी | जोन-३ | गहुँ, भेसी | २ | २० |
| ५ | सुनसरी | अदुवा/बेसार, तरकारी, माछा, धान, बङ्गुर | जोन-५ | गहुँ | १ | ११ |
| ६ | धनकुटा | तरकारी, सुन्तलाजात फलफूल | जोन-२ | तरकारी | १ | ६ |
| ७ | तेह्रथुम | अलैंची, तरकारी | जोन-२ | मकै | १ | ६ |
| ८ | संखुवासभा | अलैंची, सुन्तलाजात फलफूल | जोन-२ | तरकारी | १ | ११ |
| ९ | भोजपुर | अलैंची, सुन्तलाजात फलफूल | जोन-२ | मकै | १ | ६ |
| १० | सोलुखुम्बु | स्याउ/ओखर, किवी, सुन्तलाजात, अदुवा/बेसार | जोन-४ | तरकारी | १ | ७ |
| ११ | ओखलढुङ्गा | आलु, बाख्रा | जोन-२ | धान | १ | ११ |
| १२ | खोटाङ | मकै, तरकारी, बाख्रा | जोन-३ | सुन्तला जात | १ | ८ |
| १३ | इलाम | किवी, गाई | जोन-२ | आलु | १ | १३ |
| १४ | उदयपुर | सुन्तलाजात फलफूल, अदुवा/बेसार, बहुबाली (मकै, धान, आलु) | जोन-३ | आलु | १ | ७ |
| | जम्मा | | सुपरजोन-१ जोन-३७ | | १६ | १३८ |

स्रोतः उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, २०८१

४.३१ आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा कृषि र पशुपक्षी बीमातर्फ क्रमशः १ हजार ३७ र २६ हजार ८ सय २१ बीमालेख रहेका थिए । उक्त वर्षमा कृषि बीमातर्फ रु. २ करोड २० लाख र पशुपक्षी बीमातर्फ रु. ६ अर्ब ४३ करोड २८ लाख बराबरको प्रिमियम सङ्कलन भएको थियो भने प्रिमियम शुल्कको करिब ८० प्रतिशत अनुदान दिइएको थियो ।

**तालिका ४.८: कृषि तथा पशु बीमा कार्यान्वयनको विवरण र अवस्था**

| क्र.सं. | विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|
| कृषितर्फ | बीमालेख सङ्ख्या | ७७२ | १०३७ | ३१३ |
| | बीमाङ्क रकम (लाखमा) | १७७७७ | ४१४८ | ६०१० |
| | प्रिमियम (लाखमा) | ८८८९ | २२१ | २२६ |
| | प्रिमियम शुल्कमा अनुदान (लाखमा) | ७१११ | १७६ | १८० |
| पशुपक्षी तर्फ | बीमालेख सङ्ख्या | २७३९२ | २६८२१ | ११०६५ |
| | बीमाङ्क रकम (लाखमा) | ५६५५७ | ६४३२८ | २९६४३ |
| | प्रिमियम (लाखमा) | २७८१ | २९७३ | १४४९ |
| | प्रिमियम शुल्कमा अनुदान (लाखमा) | २१२५ | २३७७ | ११५९ |

स्रोतः नेपाल बीमा प्राधिकरण *चैत्र मसान्तसम्म

## कृषि सेवा तथा तालिम

४.३२ चालु आर्थिक वर्षको चैत्रसम्म प्रदेश सरकार अन्तर्गतका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, प्रयोगशाला लगायतका कार्यालयहरूबाट पशुपक्षी उपचारतर्फ ४ लाख २५ हजार, प्रयोगशाला परीक्षण तर्फ ५२ हजार, कृत्रिम गर्भाधान तर्फ १ लाख १३ हजार र खोपतर्फ १५ लाख ७२ सेवा प्रवाह भएको छ ।

**तालिका ४.९: प्रदेशका कार्यालयहरूबाट कृषि तथा पशुपक्षीतर्फ सेवा प्रवाहको विवरण (सङ्ख्या)**

| क्र.सं. | सेवा प्रवाह | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|---|---|
| १ | प्रयोगशालामा परीक्षण (हजारमा) | २७.८ | ३५.८ | ४८.७ | २३ | ५२ |
| २ | पशुपक्षी उपचार (हजारमा) | १२८ | २२७ | २३८ | २३८ | ४२५ |
| ३ | भ्याक्सिनेसन (हजारमा) | २०७० | २४२१ | २१४३ | ३३८४ | १५७२ |
| ४ | कृत्रिम गर्भाधान (हजारमा) | ४३ | ४७ | ५३ | १०३ | ११३ |
| ५ | कृषक पाठशाला कार्यक्रम | ५७५ | ३९० | ६५० | ७५० | |

स्रोतः उद्योग, कृषि तथा सहकारी मन्त्रालय, विराटनगर *चैत्र मसान्तसम्म

४.३३ आर्थिक वर्ष २०७९/८० मा प्रदेश कृषि मन्त्रालय र मातहतका कार्यालयहरूबाट प्रदेश सरकार स्रोत तर्फ रु. ५५ करोड २ लाख र संघ अनुदान स्रोत तर्फ रु. २७ करोड २५ लाख गरी कुल ८२ करोड २७ लाख रकम कृषि अनुदान स्वरूप प्रदान भएको थियो । चालु आर्थिक वर्षको चैत्रसम्म कुल ३ करोड ८२ लाख अनुदान हस्तान्तरण भएको छ ।

**तालिका ४.१०: प्रदेशका निकायबाट प्रदान भएको कृषि अनुदान रकमको विवरण (रु. लाखमा)**

| क्र.सं. | अनुदानको स्रोत | २०७८/७९ | २०७९/८० | २०८०/८१ चैत्रसम्म |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारतर्फ | ५८२१.३६ | ५५०१.६१ | १८९.६९ |
| २ | संघ अनुदानतर्फ | ४७०५.४९ | २७२५.१२ | १९१.९२ |
| कुल जम्मा | | १०५२६.८५ | ८२२६.७३ | ३८१.६१ |

स्रोतः उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश

**वन**

४.३४ नेपालमा कुल भूभागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत बुट्यान गरी ४५.३१ प्रतिशत क्षेत्रफल वनक्षेत्रले ओगटेको छ । नेपालको भू-धरातलीय आधारमा सबैभन्दा बढी वनक्षेत्र चुरे क्षेत्रमा र सबैभन्दा कम वनक्षेत्र तराईमा रहेको छ भने प्रादेशिक आधारमा नेपालको कुल वनक्षेत्रमध्ये सबैभन्दा बढी वनक्षेत्र कोशी प्रदेशमा १८.८ प्रतिशत रहेको छ ।

४.३५ कोशी प्रदेशको कुल भू-भागको ४४.४४ प्रतिशत वन र ४.५२ प्रतिशत बुट्यान गरी कुल ४८.९६ प्रतिशत भूभाग वनक्षेत्रले ओगटेको छ । कोशी प्रदेशको वनक्षेत्रमध्ये उच्च हिमालमा ७ प्रतिशत, उच्च पहाडमा ३४ प्रतिशत, मध्य पहाडमा ४३ प्रतिशत, चुरे क्षेत्रमा १२ प्रतिशत र तराईमा ५ प्रतिशत रहेको छ । संखुवासभा जिल्ला सबै कोशी प्रदेशका जिल्लाहरूमा सबैभन्दा धेरै वनक्षेत्र भएको जिल्ला हो भने झापा सबैभन्दा कम वन क्षेत्रफल भएको जिल्ला हो ।

४.३६ राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र निजी वन गरी विभिन्न प्रकारहरू वनहरू रहेका छन् । त्यस्तै सरकारले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्र स्थापना गरी वनक्षेत्रको संरक्षण गर्ने प्रयास गरेको छ ।

**तालिका ४.११: प्रदेशगत वनक्षेत्रको स्थिति**

| प्रदेश | प्रदेशको क्षेत्रफल (हेक्टर) | वनक्षेत्र (हेक्टर) | नेपालको कुल भू-भागमा प्रदेशगत वनक्षेत्र (प्रतिशत) | नेपालको कुल वनक्षेत्रमा प्रदेशगत वनक्षेत्र (प्रतिशत) | प्रदेशगत भू-भागमा वनक्षेत्र (प्रतिशत) |
|---|---|---|---|---|---|
| कोशी | २६०५२६० | ११५७९०५ | ७.८३ | १८.८ | ४४.४४ |
| नेपाल | १४७९३०१५ | ६१६६७६६ | ४१.६९ | १००.० | ४१.६९ |

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०८०

नोटः बुट्यान तथा झाडी बाहेकको वनक्षेत्रमात्र समावेश गरिएको ।

४.३७ २०८० फागुनसम्म १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष र ६ संरक्षण क्षेत्र गरी कुल २० संरक्षित क्षेत्र रहेका छन् भने कोशी प्रदेशमा राष्ट्रिय निकुञ्जहरू २ वटा, वन्यजन्तु आरक्ष १ वटा र संरक्षण क्षेत्र १ वटा गरी कुल ४ संरक्षित क्षेत्र रहेका छन् ।

**तालिका ४.१२: कोशी प्रदेशमा अवस्थित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षित क्षेत्रहरू**

| क्र.सं. | निकुञ्ज तथा आरक्ष | स्थापना (वि.सं.) | क्षेत्रफल (व.कि.मि.) | अवस्थित जिल्ला |
|---|---|---|---|---|
| १ | सगरमाथा राष्ट्रिय निकुञ्ज | २०३३ | ११४८ | सोलुखुम्बु |
| २ | मकालु वरुण राष्ट्रिय निकुञ्ज | २०४९ | १५०० | सोलुखुम्बु र संखुवासभा |
| ३ | कोशी टप्पु वन्यजन्तु आरक्ष | २०३२ | १७५ | सुनसरी, सप्तरी, उदयपुर |
| ४ | कञ्चनजङ्घा संरक्षण क्षेत्र | २०५४ | २०३५ | ताप्लेजुङ |

स्रोतः प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग, २०८०

४.३८ रामसार सूचीमा सूचीकृत नेपालका सिमसार क्षेत्र १० वटा रहेका छन् जसमध्ये यस प्रदेशका ३ वटा क्षेत्र समावेश भएका छन् ।

**तालिका ४.१३: कोशी प्रदेशमा अवस्थित रामसार सूचीमा सूचीकृत सिमसार क्षेत्र**

| क्र.सं. | सिमसार क्षेत्र | रामसार सूची नं. | क्षेत्रफल (हे.) | अवस्थित जिल्ला |
|---|---|---|---|---|
| १ | कोशी टप्पु | ३८० | १७५०० | सुनसरी |
| २ | गोक्यो ताल | १६९२ | ७७७० | सोलुखुम्बु |
| ३ | माइपोखरी | १८५० | ९० | इलाम |

स्रोतः प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग, २०८०

४.३९ कोशी प्रदेशको १३ सहित नेपालका जम्मा १०६ स्थानीय तहमा वनक्षेत्र रहेको छैन । कोशी प्रदेशका नगरपालिकामा १८.४ प्रतिशत वनक्षेत्र रहेको छ भने गाउँपालिकामा १८.१ प्रतिशत वनक्षेत्र रहेको छ ।

४.४० १४ वटै जिल्लाका सामुदायिक वन ३,७११ वटा, कबुलियती वन ९८५ वटा, निजी वन २०८२ वटा, धार्मिक वन ४४ वटा, साझेदारी वन ४ वटा, चक्ला वन १ वटा र सरकारद्वारा व्यवस्थित वनको सङ्ख्या १ वटा रहेका छ । यी विभिन्न प्रकृतिका वनहरूमध्ये सामुदायिक बनले ओगटेको क्षेत्रफल र आबद्ध घरधुरीको सङ्ख्या सबैभन्दा धेरै रहेको पाइन्छ । जिल्लागत रूपमा भोजपुर जिल्लामा सामुदायिक वनको सङ्ख्या अन्य जिल्लाको भन्दा धेरै रहेको छ भने झापामा सबैभन्दा कम रहेको छ ।

४.४१ कोशी प्रदेशमा वनक्षेत्रले काष्ठ र गैर काष्ठमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यस प्रदेशमा वनक्षेत्रबाट उत्पादित रुद्राक्ष, चिराइतो र बोधिचित्त लगायतका गैर काष्ठ एवम् जडीबुटीजन्य उत्पादनले आय-आर्जन र रोजगारी अभिवृद्धिमा योगदान पुऱ्याएको छ ।

**तालिका ४.१४: काष्ठ तथा गैर काष्ठ उत्पादन र वनक्षेत्रको राजस्व सङ्कलनको विवरण**

| आ.व. | उत्पादित काठ (क्यु.फिट) | दाउरा (चट्टा) | प्राप्त राजस्व (रु. लाखमा) | प्राप्त मु.अ. कर (रु. लाखमा) | प्रदेश सेवा शुल्क (रु. लाखमा) |
|---|---|---|---|---|---|
| २०७९।८० | २८७८६५७१ | ८१३८ | २४९६ | ८१९९ | ५३६ |
| २०८०।८१ वैशाखसम्म | २६८५९०६२ | ५३०१ | १४१५ | ७२१४ | ७१४ |

स्रोतः प्रदेश वन निर्देशनालय, २०८१

४.४२ कोशी प्रदेशमा आर्थिक वर्ष २०७८/७९ मा १६५ हेक्टर क्षेत्रमा वृक्षारोपण गरिएकोमा आर्थिक वर्ष २०७९/८० मा १५३ हेक्टरमा वृक्षारोपण गरिएको छ ।

## भूमि व्यवस्थापन तथा गुठी

४.४३ कोशी प्रदेशका सबै मालपोत कार्यालयहरूमा भू-सूचना प्रणालीबाट अनलाइन सेवा LRIMS लागू भएको छ । आधुनिक डिजिटल प्रविधिको प्रयोग गरी जग्गा प्रशासनमा Public Access Module (PAM) लागू गर्न भूमिसुधार तथा मालपोत कार्यालयहरूमा भू-सेवा केन्द्र स्थापना भएको छ ।

४.४४ प्रदेशमा रहेका मालपोत कार्यालयहरूबाट आ.व. २०८०/८१ को चैत्रसम्म रु. ३ अर्ब ५० करोड ५० लाख राजस्व सङ्कलन भएको छ । आर्थिक वर्ष २०७९/८० मा प्रदेशका मालपोत कार्यालयबाट सङ्कलन भएको कुल राजस्वमध्ये पुँजीगत लाभकरको हिस्सा ४३.४ प्रतिशत रहेको छ । आ.व. २०७८/७९ को तुलनामा आ.व. २०७९/८० मा मालपोतको राजस्व सङ्कलनमा १५.३ प्रतिशतले कमी आएको छ ।

**तालिका ४.१५: कोशी प्रदेशका मालपोत कार्यालयहरूबाट राजस्व सङ्कलन विवरण (रु. लाखमा)**

| राजस्व शीर्षक | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|
| रजिस्ट्रेसन शुल्क | ३३८०६ | ३६९९४ | १९७१५ | १९४०८ |
| रोक्का/सेवा शुल्क, प्रशासनिक दस्तुर | ४४५३ | १८०१ | १६३३ | २९२७ |
| पुँजीगत लाभकर | १५६६२ | १६२६४ | २०४१० | १२७०० |
| अन्य राजस्व | ३१७ | ४४७ | ५२५२ | १५ |
| जम्मा | ५४२३८ | ५५५०६ | ५४२३८ | ५५५०६ |

स्रोतः भूमि व्यवस्थापन तथा अभिलेख विभाग (वार्षिक प्रतिवेदन/LRIMS को रिपोर्ट अनुसार) *चैत्र मसान्तसम्म

४.४५ प्रदेश आर्थिक ऐन अनुसार घरजग्गा रजिस्ट्रेसन लिखत पारित गर्दा लाग्ने शुल्कमा महिला, ज्येष्ठ नागरिक, नाबालक, अपाङ्गता भएका व्यक्ति, शहीद परिवार, दलित एवम् पिछडिएका जाति, कृषि, उद्योगलाई प्रवर्द्धन गर्न समेत राजस्व छुटको प्रावधान रहेको छ ।

४.४६ कोशी प्रदेशमा रहेका मालपोत कार्यालयहरूबाट घरजग्गा रजिस्ट्रेसन बापत लाग्ने दस्तुरमा आर्थिक वर्ष २०८०/८१ चैत्र सम्ममा रु. ३२ करोड ३४ लाख बराबरको छुट गरिएको छ । आर्थिक वर्ष २०७९/८० मा सङ्कलन भएको रजिस्ट्रेसन शुल्कको तुलनामा २१.५ प्रतिशत अर्थात् रु. ४२ करोड ४१ लाख छुट भएकोमा सोमध्ये महिलाले पाएको छुट रकम रु. ४० करोड १४ लाख रहेको छ ।

**तालिका ४.१६: कोशी प्रदेशका मालपोत कार्यालयहरूबाट रजिस्ट्रेसन दस्तुर छुटको विवरण (रकम रु. लाखमा)**

| आर्थिक वर्ष | छुट पाउनेका नाममा पारित लिखत अनुसार राजस्व छुट | | | | | जम्मा छुट रकम |
|---|---|---|---|---|---|---|
| | महिला | दलित तथा जनजाति | शहीद परिवार | अपाङ्गता भएका व्यक्ति | अन्य | |
| २०७७/७८ | ३७७८ | ७० | - | ५ | १२५ | ३९७८ |
| २०७८/७९ | ३५९६ | ७६ | - | २ | ११५ | ३७८९ |
| २०७९/८० | ४०१४ | ८६ | ८ | ८ | १२५ | ४२४१ |
| २०८०/८१* | ३१२९ | ६६ | १ | ५ | ३३ | ३२३४ |

स्रोतः भूमि व्यवस्थापन तथा अभिलेख विभाग (वार्षिक प्रतिवेदन/LRIMS को रिपोर्ट अनुसार) *चैत्र मसान्तसम्म

४.४७ कोशी प्रदेशमा छुट र अमानत समेत गरी राजगुठीहरू जम्मा ८२ रहेका छन् । ताप्लेजुङ, पाँचथर र सोलुखुम्बु बाहेक प्रदेशका सबै जिल्लामा राजगुठी रहेका छन् भने सबैभन्दा बढी भोजपुर जिल्लामा २२ राजगुठी रहेका छन् । धनकुटा र मोरङ जिल्लाको गरी २ वटा निजी गुठीहरू गुठी संस्थानमा दर्ता रहेका छन् ।

**तालिका ४.१७ः कोशी प्रदेशमा रहेका राजगुठीहरूको जिल्लागत विवरण**

| जिल्ला | सङ्ख्या | जिल्ला | सङ्ख्या |
|---|---|---|---|
| इलाम | २ | ओखलढुङ्गा | १७ |
| संखुवासभा | ७ | उदयपुर | १ |
| तेह्रथुम | ३ | झापा | २ |
| धनकुटा | ११ | मोरङ | ६ |
| भोजपुर | २२ | सुनसरी | ३ |
| खोटाङ | ८ | | |

स्रोतः गुठी संस्थान, २०८०

४.४८ भूमि व्यवस्थापन तथा अभिलेख विभागको वार्षिक प्रतिवेदन, २०७९/८० अनुसार कोशी प्रदेशमा राजगुठीको कित्ता सङ्ख्या ४,९७५, निजी गुठीको कित्ता सङ्ख्या ४,९८६ र अन्य गुठीको कित्ता सङ्ख्या ५६,३६२ गरी जम्मा ६६ हजार ३ सय २३ कित्ता गुठीको जग्गा रहेको छ ।

४.४९ राष्ट्रिय भूमि आयोग अनुसार २०८० चैत्रसम्म कोशी प्रदेशका १४ वटै जिल्लामा गरी कुल १३ हजार ८ सय २२ भूमिहीन दलित, ५२ हजार ४ सय ९२ सुकुमबासी र १ लाख ४९ हजार ४ सय ७८ अव्यवस्थित बसोबासीको लगत सङ्कलन भएको छ । लगत सङ्कलन भएकामध्ये ७६ जना भूमिहीन दलित, १०८ सुकुमबासी र १०७ अवस्थित बसोबासीलाई जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण गरी कुल ८० लाख १२ हजार ७ सय ६४ वर्ग मिटर जग्गा वितरण गरेको छ ।

## सिँचाइ

४.५० नेपालमा २०८० असार मसान्तसम्म कुल १५ लाख ५५ हजार ५ सय ८ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको थियो । चालु आर्थिक वर्षको फागुनसम्म सतह तर्फ ६२० हेक्टर, लिफ्ट तर्फ २७० हेक्टर, भूमिगत तर्फ ७०० हेक्टर र जलाशय तर्फ ५० हेक्टर गरी थप १,६४० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ । यस समेत गरी हालसम्म १५ लाख ५७ हजार १ सय ४८ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ । सिँचाइ सुविधा पुगेका क्षेत्रमध्ये ६५.७ प्रतिशतमा सतह सिँचाइ पुगेको छ भने ३४.१ प्रतिशतमा भूमिगत सिँचाइ सुविधा पुगेको छ ।

४.५१ कोशी प्रदेशमा कुल २ लाख ८४ हजार ९ सय १२ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ भने वर्षभरि सिँचाइ हुने क्षेत्रफल २ लाख १० हजार ८ सय ८३ पुगेको छ ।

**तालिका ४.१८ः कोशी प्रदेशमा सिँचाइ सुविधाको विस्तार**

| जिल्ला | सिँचाइको स्रोत अनुसार सिञ्चित क्षेत्र (हेक्टर) | | | | | | | वर्षभरि सिँचाइ हुने क्षेत्रफल (हे.) |
|---|---|---|---|---|---|---|---|---|
| | खोला/ताल/पोखरी | | बाँध/ जलाशय | ट्युवेल/ बोरिङ | अन्य | मिश्रित | जम्मा | |
| | सतही | पम्पिङ् | | | | | | |
| ताप्लेजुङ | ५९२८ | १४४८ | १७४ | ० | ४७३ | १८३ | ८२०६ | ३९३५ |
| संखुवासभा | ३३६५ | १५०६ | ९२५ | ० | १७१३ | ३१० | ७८१९ | ३४९९ |
| सोलुखुम्बु | ११९२ | २६५ | २१ | १ | १३४ | ४० | १६५३ | ६९७ |
| ओखलढुङ्गा | २७२२ | १७४ | २ | ११६ | ४१७ | ७८ | ३५०८ | २५९० |
| खोटाङ | ६७११ | १७४ | २४ | ० | २१५ | १८ | ७१४१ | ३८६२ |
| भोजपुर | ३६८५ | ११६० | ४३६ | ० | १५२३ | ८५ | ६८८८ | २९९२ |
| धनकुटा | ४५१५ | ९३५ | १०४ | १६ | २४१ | ६७ | ५८७७ | ४५५५ |
| तेह्रथुम | २५७२ | ११३३ | ६४६ | ० | ६६५ | १६७ | ५१८२ | ३०७४ |
| पाँचथर | ३५३५ | १०९४ | ६ | ० | ७४९ | १५६ | ५५४१ | २९२५ |
| इलाम | ७२५७ | ४८०३ | २३३ | ४९२ | ३०९७ | ८७२ | १६७५५ | १०१९४ |

| जिल्ला | सिँचाइको स्रोत अनुसार सिञ्चित क्षेत्र (हेक्टर) | | | | | | | वर्षभरि सिँचाइ हुने क्षेत्रफल (हे.) |
|---|---|---|---|---|---|---|---|---|
| | खोला/ताल/पोखरी | | बाँध/ जलाशय | ट्युवेल/ बोरिङ | अन्य | मिश्रित | जम्मा | |
| | सतही | पम्पिङ् | | | | | | |
| झापा | ९४८३ | ५९२६ | १७८९ | ४४३८४ | ४५३० | १६२१ | ६७७३३ | ५२२८७ |
| मोरङ | १२८१९ | १२०७० | १०२८२ | ३९२९८ | ३४०८ | ३५०३ | ८१३८१ | ६४०७२ |
| सुनसरी | १०५८० | ३१९२ | १०९१६ | २७९१४ | १६५२ | १६७९ | ५५९३३ | ४८६५७ |
| उदयपुर | ३७३७ | २४४६ | ९८८ | २७७८ | ११८७ | १५९ | ११२९५ | ७५४४ |
| कोशी प्रदेश | ७८१०२ | ३६३२३ | २६५४६ | ११४९९८ | २०००३ | ८९३९ | २८४९१२ | २१०८८३ |

स्रोतः कृषि गणना, २०७८

४.५२ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत साना तथा मझौला सिँचाइ क्रियाकलापबाट चालु आर्थिक वर्षको फागुनसम्म थप ४७५ हेक्टर गरी कुल हालसम्म कुल २५,७९७ हेक्टर सिञ्चित क्षेत्रफल विस्तार भएको छ ।

## उद्योग

४.५३ कोशी प्रदेशमा हाल धरान र धनकुटा गरी २ वटा औद्योगिक क्षेत्रहरू रहेका छन् । प्रदेश सरकार अन्तर्गत धनकुटामा एकवटा औद्योगिक ग्राम रहेको छ। म्याङ्लुङ, पाखीबास, छथर जोरपाटी, धरान, बेलका, रौतामाई र मोलुङ गरी ७ वटा औद्योगिक ग्रामहरू स्थानीय तह अन्तर्गत सञ्चालनमा रहेका छन् ।

४.५४ हरेक प्रदेशमा औद्योगिक क्षेत्र स्थापना गर्ने नेपाल सरकारको नीतिअनुसार २०८० फागुनसम्म कोशी प्रदेशको दमक-झापा जिल्लामा औद्योगिक क्षेत्र घोषणा भई प्रारम्भिक कार्य अगाडि बढेको छ ।

**तालिका ४.१९: कोशी प्रदेशमा रहेका ठूला, मझौला र साना उद्योगको विवरण**

| उद्योग | उद्योग विभागमा दर्ता रहेका | प्रदेश सरकार अन्तर्गतका कार्यालयमा दर्ता रहेका | कुल |
|---|---|---|---|
| ठूला | २५० | २ | २५२ |
| मझौला | ३७५ | १९ | ३९४ |
| साना | २७८ | ८१५७३ | ८१८५१ |
| कुल | ९०३ | ८१५९४ | ८२४९७ |

स्रोतः उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, २०८१

४.५५ २०८० चैत्रसम्म कोशी प्रदेशमा दर्ता भएका ठूला, मझौला र साना गरी कुल ८२ हजार ४ सय ९७ उद्योग दर्ता भएका छन् । त्यस्तै यस अवधिमा कोशी प्रदेशमा कुल ९५ हजार ५ सय ४६ लघु, घरेलु तथा साना उद्योग दर्ता भएका छन् ।

४.५६ २०८० फागुनसम्म लगत कट्टा गरी अद्यावधिक गरिएका लघु, घरेलु तथा साना उद्योगमध्ये कोशी प्रदेशमा रहेका उद्योगको हिस्सा १३.८ प्रतिशत छ ।

**तालिका ४.२०: लघु, घरेलु तथा साना उद्योग दर्ता, नवीकरण एवम् खारेजी सम्बन्धी (२०७९ चैत्र मसान्तसम्मको) विवरण**

| अवधि | दर्ता सङ्ख्या | नवीकरण | खारेजी |
|---|---|---|---|
| २०७४/७५ सम्मको | ४९७३५ | - | - |
| २०७५/७६ | ६९४३ | ३१३२ | २७९ |
| २०७६/७७ | ६५६१ | २०४० | १७१ |
| २०७७/७८ | १४५२७ | ५८४३ | ५१० |

| अवधि | दर्ता सङ्ख्या | नवीकरण | खारेजी |
|---|---|---|---|
| २०७८/७९ | ९९१० | ४२३६ | ५३२ |
| २०७९/८० | ५२०५ | ३८१९ | ५६८ |
| २०८०/८१ (चैत्र मसान्तसम्मको) | २६६५ | ३६९६ | ४२१ |
| २०८० चैत्र मसान्तसम्म जम्मा | ९५५४६ | २२७६६ | २४८१ |

स्रोतः उद्योग कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, २०८१

४.५७ चालु आर्थिक वर्षको चैत्रसम्म कोशी प्रदेशमा कुल २२ हजार ७ सय ६६ उद्योगले नवीकरण गराएका छन् भने २,४८१ को दर्ता खारेजी भएको छ ।

४.५८ कोशी प्रदेश सरकार अन्तर्गत दर्ता भएका उद्योगमा प्रस्तावित कुल लगानी रु. ९० अर्ब ६८ करोड र कुल प्रस्तावित रोजगारी १ लाख २० हजार ३ सय ३० रहेको छ ।

**तालिका ४.२१: प्रदेश अन्तर्गत दर्ता भएका उद्योगहरूको लगानी र रोजगारीको विवरण**

| अवधि | लगानी (रु. करोडमा) | रोजगारी |
|---|---|---|
| २०७५/७६ | १४४२.८ | २३३१२ |
| २०७६/७७ | १३७१.१७ | २१८७७ |
| २०७७/७८ | ३१८८ | ४३९७१ |
| २०७८/७९ | ३०६५.७४ | ३१०६९ |
| २०७९/८० | १४५४.६४ | १५३४१ |
| २०८०/८१ (चैत्र सम्मको) | ८५७.३६ | ८०७२ |
| २०८० चैत्र सम्मको | ९०६७.७१ | १२०३३० |

स्रोतः उद्योग कृषि तथा सहकारी मन्त्रालय

४.५९ कोशी प्रदेशका साना तथा घरेलु उद्यमीहरूलाई २०७८/७९ मा ६७० वटा र २०७९/८० मा ६५५ वटा उपयुक्त प्रविधि हस्तान्तरण भएको छ ।

४.६० २०८० चैत्रसम्म कोशी प्रदेशमा प्रदेश सरकार अन्तर्गतका निकायमा दर्ता रहेका व्यापारिक फर्म तथा प्रतिष्ठानको सङ्ख्या १९ हजार ९ सय ६९ रहेको छ ।

४.६१ कोशी प्रदेशमा आर्थिक वर्ष २०७९/८० मा १,५३८ व्यापारिक प्रतिष्ठानको अनुगमन गरिएको छ । आर्थिक वर्ष २०७८/७९ मा १,४९१ वटा व्यापारिक प्रतिष्ठानको अनुगमन गरिएको थियो ।

४.६२ चालु आर्थिक वर्षको चैत्रसम्म प्रदेश सरकार अन्तर्गतका निकायहरूमा दर्ता रहेका व्यापारिक फर्म तथा प्रतिष्ठानहरूको सङ्ख्या १६९७ रहेको छ । विगतका ५ आर्थिक वर्ष मध्येमा आर्थिक वर्ष २०७७/७८ मा दर्ता हुने फर्म तथा प्रतिष्ठानहरूको सङ्ख्या अन्य आर्थिक वर्षभन्दा उच्च रहेको थियो ।

चार्ट ४.५: दर्ता भएका फर्म तथा प्रतिष्ठानहरूको सङ्ख्या




स्रोतः उद्योग कृषि तथा सहकारी मन्त्रालय *चैत्रसम्म

**मञ्जूषा बक्स ४ (क) उदय परियोजना**

साना तथा मझौला उद्यम प्रवर्द्धनका लागि स्विजरल्याण्ड एस.डी.सी. को अनुदानमा उदय परियोजना (Udaya– Investment and Innovation for Economic Development Project, Phase 1) कोशी प्रदेश अन्तर्गतका निकायबाट सञ्चालन गर्न नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएको छ । यो परियोजना डिसेम्बर १, २०२३ देखि नोभेम्बर ३०, २०२७ सम्म सञ्चालन हुनेछ । परियोजनाको कुल लागत करिब रु. १ अर्ब १४ करोड ९४ लाखमध्ये एस.डी.सी. को ६१.७ प्रतिशत र कोशी प्रदेश सरकारको ३८.३ प्रतिशत लागत साझेदारी रहनेछ । यस परियोजनाको प्रमुख उद्देश्यहरु देहाय अनुसार रहेका छन्:

- प्राविधिक सहायता मार्फत साना तथा मझौला उद्यमी व्यवसायीहरूलाई दिने सेवा प्रवर्धनका लागि बैंक तथा वित्तीय संस्था र व्यवसाय परामर्श सेवा प्रदायकसँग पुलको रूपमा काम गर्ने ।
- साना तथा मझौला उद्यमीहरूको सार्वजनिक सेवा र सूचनामा पहुँच पुऱ्याउने उद्देश्यले डिजिटल सूचना पोर्टलको स्थापना गर्ने ।
- सञ्चालनमा रहेका र पूँजी वृद्धिको लागि इच्छुक उद्यमी व्यवसायीहरूलाई कर्जा लिने प्रक्रियाका सम्बन्धमा आवश्यक वित्तीय परामर्श, जोखिम न्यूनीकरण संयन्त्र मार्फत सहयोग गर्ने ।
- बैंक तथा व्यवसाय परामर्श सेवा प्रदायकहरूसँग सहलगानी मोडेलमा साना तथा मझौला उद्यमीहरूको व्यावसायिक प्रणाली विकासका लागि सहयोग गर्ने ।

### पेट्रोलियम पदार्थ

४.६३ कोशी प्रदेशका आयल निगमका प्रादेशिक भण्डारण केन्द्रहरूमा ८ दिनसम्मको लागि ८ हजार ७ सय ६५ किलोलिटर पेट्रोलियम पदार्थको भण्डारण क्षमता रहेको छ ।

**तालिका ४.२२: प्रदेशगत पेट्रोलियम पदार्थको भण्डारण क्षमता**

| प्रदेश | प्रादेशिक भण्डारण क्षमता (कि.लि.) | | | | जम्मा | भण्डारण क्षमता (दिन) |
|---|---|---|---|---|---|---|
| | पेट्रोल | डिजेल | मट्टीतेल | हवाई इन्धन | | |
| कोशी | ५६० | ७११० | ७१० | ३८५ | ८७६५ | ८ |
| जम्मा | १३६३२ | ५४८४८ | २६९५ | ८८१५ | ७९९९० | १३ |

स्रोतः नेपाल आयल निगम, २०८०

४.६४ २०८० फागुनसम्म ग्याँस उद्योगको सङ्ख्या ६४ मध्ये कोशी प्रदेशमा १० ग्याँस उद्योग सञ्चालनमा रहेका छन् । देशभरिका ६४ उद्योगमा ९,९३१ मेट्रिक टन ग्याँस भण्डारण गर्न सक्ने क्षमता रहेकोमा कोशी प्रदेशको कुल भण्डारण क्षमता १,२३० मेट्रिक टन रहेको छ ।

**चार्ट ४.६: प्रदेशगत ग्याँस उद्योगीको सङ्ख्या र सोको भण्डारण क्षमता (मेट्रिक टनमा)**




स्रोतः नेपाल आयल निगम, २०८०

नोटः भित्री वृत्तले ग्याँस उद्योगीको सङ्ख्या र बाहिरी वृत्तले भण्डारण क्षमता जनाउँछ ।

### व्यापार

४.६५ ओलाङचुङगोला, किमाथाङ्का, पशुपतिनगर, मेची, भद्रपुर, विराटनगर र सुनसरी गरी ७ वटा भन्सार कार्यालयहरू एवम् ३४ वटा छोटी भन्सार कार्यालय कोशी प्रदेशमा पर्दछन् । आर्थिक वर्ष २०७९/८० मा नेपालको कुल भन्सारजन्य राजस्वको कुल राजस्वमध्ये कोशी प्रदेशमा पर्ने भन्सार कार्यालयहरूको हिस्सा २५.२७ प्रतिशत रहेको थियो भने सो अवधिको कुल राजस्वमा कोशी प्रदेशमा पर्ने भन्सार कार्यालयहरूको हिस्सा ४.८२ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षको चैत्रसम्मको कुल भन्सार राजस्वमा कोशी प्रदेशमा पर्ने भन्सार कार्यालयहरूको हिस्सा २२.५८ प्रतिशत र कुल राजस्वमा कोशी प्रदेशमा पर्ने भन्सार कार्यालयहरूको हिस्सा ४.३५ प्रतिशत रहेको छ ।

४.६६ आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेश स्थित भन्सार कार्यालयहरूबाट रु. २ खर्ब ३८ अर्ब ४८ करोड बराबरको वस्तु आयात भएको थियो भने रु. ६१ अर्ब ३८ करोड बराबरको वस्तु निर्यात भएको थियो । उक्त अवधिमा रु. १६ अर्ब ७७ करोडको भटमासको कच्चा तेल आयात हुँदा भटमासको प्रशोधित तेल रु. १५ अर्ब ४३ करोड बराबरको निर्यात भएको छ ।

४.६७ चालु आर्थिक वर्षको चैत्र सम्ममा कोशी प्रदेश स्थित भन्सार कार्यालयहरूबाट रु. १ खर्ब ६१ अर्ब वस्तु आयात भएको छ भने रु. ४१ अर्ब ७८ करोड बराबरको वस्तु निर्यात भएको छ ।

४.६८ आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशस्थित भन्सार कार्यालयबाट देशको कुल आयातको करिब १४.८० प्रतिशत आयात र करिब ३९.०६ प्रतिशत निर्यात भएको थियो भने चालु आर्थिक वर्षको चैत्रसम्म यस्तो हिस्सा क्रमशः १३.८ प्रतिशत र ३६.७ प्रतिशत रहेको छ ।

४.६९ कोशी प्रदेशका भन्सार नाकामध्ये विराटनगर भन्सार नाकाबाट मात्र ७८ प्रतिशत माथिको वस्तु आयात हुने गरेको छ भने ६० प्रतिशत माथिको वस्तु निर्यात हुने गरेको छ ।

**तालिका ४.२३: कोशी प्रदेशस्थित भन्सार कार्यालयबाट आर्थिक वर्ष २०७९/८० मा भएका मुख्य निर्यात र आयात (रु. करोडमा)**

| मुख्य १० आयात | आयात मूल्य | मुख्य १० निर्यात | निर्यात मूल्य |
|---|---|---|---|
| पेट्रोल | ११८५.०१ | प्रशोधित पाम तेल | ९४०.३९ |
| कच्चा पाम तेल | १०७४.७७ | अलैंची | ८२४.१५ |
| भटमासको तेल कच्चा | १०४७.२८ | सेन्थेटिक यार्न | ७११.४६ |
| एल पी ग्याँस | १०३६.७६ | जुटका बुनिएका कपडा | ४७७.३९ |
| पोलीथिन दाना | ९४३.६८ | फलामे पाता | ४२७.८० |
| डिजेल | ८४९.१६ | चिया | ३५८.५१ |
| एच.आर.सिट | ७४६.६८ | भटमासको तेल प्रशोधित | ३१०.०९ |
| स्टील वायर रड इनक्वायल र ८ एम.एस. सम्म | ६३२.२७ | प्लाइउड | २८७.१४ |
| स्टेपल फाइबर | ६०८.८२ | बोरा झोला जुटको | २४६.७२ |
| सूर्यमुखीको कच्चा तेल | ५९६.८७ | अन्य कपडा (उनी, सुती, टेरीकटन बाहेकका) | १६१.६९ |
| अन्य | १५१२६.२८ | अन्य | १३९२.१८ |
| जम्मा | २३८४७.५७ | जम्मा | ६१३७.५३ |

स्रोतः भन्सार विभाग, २०८१

## खानी तथा खनिज

४.७० २०८० चैत्रसम्म कोशी प्रदेशमा खानी तथा खनिज पदार्थ खोजतलासको प्रमाणपत्र प्राप्त गर्ने खानीको सङ्ख्या ५६ र खानी उत्खननको प्रमाणपत्र प्राप्त गर्नेको सङ्ख्या १० वटा रहेको छ ।

तालिका ४.२४: कोशी प्रदेशमा खानी उत्खननको अनुमति प्राप्त गरेका खानी तथा खनिजको विवरण

| क्र.सं. | खनिज पदार्थ | जिल्ला/पालिका | क्षेत्रफल (व.कि.मि.) |
|---|---|---|---|
| १ | तामा | सोलुखुम्बु, दूधकोसी | ६.० |
| २ | चूनढुङ्गा | उदयपुर, उदयपुरगढी | १७.१०५ |
| ३ | चूनढुङ्गा | धनकुटा, खाल्सा छिन्ताङ्ग शहीदभूमि | ५.९४६ |
| ४ | चूनढुङ्गा | उदयपुर, चौदण्डीगढी | ३.४४ |
| ५ | चूनढुङ्गा | धनकुटा, महालक्ष्मी | १.८७५ |
| ६ | चूनढुङ्गा | उदयपुर, कटारी | १.९९९ |
| ७ | चूनढुङ्गा | उदयपुर, कटारी | ६.४७५ |
| ८ | चूनढुङ्गा | उदयपुर, त्रियुगा | ५.३८७ |
| ९ | चूनढुङ्गा | उदयपुर, कटारी | २.० |
| १० | क्रिष्टल क्वार्ज | संखुवासभा, सभापोखरी | १.५ |

स्रोतः खानी तथा भूगर्भ विभाग, २०८१

## पर्यटन

४.७१ नेपाल सरकारले पहिचान गरेका प्रमुख पर्यटकीय गन्तव्यहरूमध्ये कोशी प्रदेशमा १४ रहेका छन् भने नयाँ र विकास गरिनुपर्ने पर्यटकीय क्षेत्र १६ रहेका छन् ।

४.७२ कोशी प्रदेशको चताराधाममा आयोजना भएको महाकुम्भमेलाका कारण स्थलमार्गबाट ३५ लाखभन्दा बढी भारतीय पर्यटक यस प्रदेशमा मात्र भित्रिएको अनुमान छ। साथै कोशी प्रदेशमा ४८ हजारको हाराहारीमा तेस्रो मुलुकका पर्यटक यस प्रदेशमा भित्रिने गरेका छन्।

४.७३ सन् २०२२ मा कोशी प्रदेशमा पर्वतारोहीको सङ्ख्या १ हजार १ सय १८ रहेकोमा सन् २०२३ मा पर्वतारोहीको सङ्ख्या १५ प्रतिशतले वृद्धि भई करिब १५ सयको हाराहारीमा पुगेको अनुमान छ ।

## कोशी प्रदेशमा रहेका पर्यटनसँग सम्बन्धित अन्य विवरणहरू

४.७४ कोशी प्रदेशमा तारे स्तरका होटेल गत वर्ष ११ वटा रहेकोमा १ वटा थप भई कुल १२ पुगेको, पर्यटकीय स्तरको होटेल गत वर्षको ३३ वटाबाट ३ वटा थप भई ३६ पुगेको छ भने निजी र सामुदायिक होमस्टे गरी कुल होमस्टेको सङ्ख्या १०५ रहेको छ ।

४.७५ गत आर्थिक वर्ष कोशी प्रदेशमा ६५ वटा ट्राभल तथा ट्रेकिङ एजेन्सीले पर्यटकहरूलाई विभिन्न पर्यटकीय सेवा उपलब्ध गराइरहेकोमा चालु आर्थिक वर्षमा उक्त सङ्ख्या ६ थप भई ७१ पुगेका छन् । कोशी प्रदेशमा ट्रेकिङ गाइडको सङ्ख्या गत वर्ष ८५ रहेकोमा २ थप भई ८७ पुगेको छ ।

४.७६ यस प्रदेशमा २८९ जना टुरगाइड रहेका छन् । चालु आर्थिक वर्षमा ४ पोर्टरगाइड थप भई कुल पोर्टरगाइडको सङ्ख्या ८५ पुगेको छ ।

४.७७ प्रदेशमा ४ स्थानमा जलयात्रा/र्‍याफ्टिङ सञ्चालनमा रहेका छन् भने इटहरीको इप्पील्याण्ड, झापाको ह्याप्पील्याण्ड र भेडेटार-देवीथान जीपलाइन साथै जङ्गल सफारीका रूपमा माउण्टेन साइक्लिङ तथा रक क्लाइम्बिङ, इलामको स्काइवाक र बुढासुब्बा प्याराग्लाइडिङ कोशी प्रदेशका साहसिक पर्यटकीय खेलको रूपमा परिचित छन् ।

**भौतिक पूर्वाधार र यातायात**

४.७८ कोशी प्रदेशका सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छन् । २०८० फागुनसम्म नेपालको २१ स्थानीय तहको केन्द्रसम्म सडक पहुँच नपुगेकोमा कोशी प्रदेशका २ वटा स्थानीय सडक पहुँच नपुगेको अवस्था छ । उक्त स्थानीय तहहरू सोलुखुम्बु जिल्लाको खुम्बु पासाङ ल्हामु गाउँपालिका तथा संखुवासभाको जिल्लाको भोटखोला गाउँपालिका रहेका छन् ।

**तालिका ४.२५: स्थानीय तहको केन्द्रसम्म सडक पहुँच अवस्था**

| प्रदेश | स्थानीय तह | केन्द्रसम्म सडक पहुँच नपुगेको | | केन्द्रसम्म सडक पुगेको तर पक्की हुन बाँकी सडक | | जम्मा सडकको लम्बाइ |
|---|---|---|---|---|---|---|
| | | स्थानीय तह | सडकको लम्बाइ | स्थानीय तह | सडकको लम्बाइ | |
| | सङ्ख्या | | कि.मि. | सङ्ख्या | कि.मि. | |
| कोशी | १३७ | २ | ४० | ५४ | १०७९ | १११९ |
| नेपाल | ७५३ | २१ | ४४७ | २०० | २९३६ | ३३८३ |

स्रोतः सहरी विकास मन्त्रालय, २०८०

४.७९ प्रदेश सरकारबाट निर्माणाधीन ७७ बहुवर्षीय सडक आयोजनामध्ये २०८० चैत्रसम्म २२ सडक निर्माण सम्पन्न भएका छन् । निर्माण सम्पन्न भएका बहुवर्षीय सडकको जम्मा लम्बाइ २९८.११ कि.मि. रहेको छ ।

४.८० कोशी प्रदेश सरकार अन्तर्गतका निकायबाट आर्थिक वर्ष २०७५/७६ देखि २०८० को चैत्रसम्म ८० मोटरेवल पुल र १८४ झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ । यस अवधिमा १२५७.५ कि.मि. ग्राभेल, ११०२.३९ कि.मि. कच्ची सडक र ५२७.९१ कि.मि. कालोपत्रे सडक निर्माण सम्पन्न भएको छ ।

**तालिका ४.२६: प्रदेश सरकारबाट निर्माण भएका सडक तथा पुलको विवरण**

| आर्थिक वर्ष | बहुवर्षीय सडक (सम्पन्न) | सडक निर्माण सम्पन्न भएका (कि.मि) | | | | | | पुल निर्माण सम्पन्न (सङ्ख्या) | | ट्र्याक ओपन (कि.मि) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मर्मत | ग्राभेल | कच्ची | (RCC/PCC) | सोलिङ | कालोपत्रे | मोटरेवल | झोलुङ्गे | |
| २०७५/७६ | - | ६०१ | १२८.९ | १८१.३ | ०.५९ | | २६.१८ | १० | ७ | ७.५ |
| २०७६/७७ | - | ६१.५४ | २११.३५ | ४७७.८२ | ३.९५ | ४.१८ | ५२.२१ | १२ | २९ | १४२.६ |
| २०७७/७८** | - | ५१.१३ | १७५.३१ | १०९.१९ | २.४० | २.७६ | ४०.६१ | ८ | ४४ | ५५.१९ |
| २०७८/७९** | ३ | १०६.१६ | ३८०.१९ | ९१.०७ | १.५३ | ९.९५ | ९८.७२ | २५ | २५ | ४९.०८ |
| २०७९/८० | १३ | २०४.११ | २५९.३९ | १४१.५५ | ५.७६ | २२.५ | २०६.४८ | १९ | ५४ | ९८.५३ |
| २०८०/८१* | ६ | १६.३ | १०२.३६ | १०१.४६ | ३.०६ | ८.४५ | १०३.७१ | ६ | २५ | २०.०४ |
| जम्मा | २२ | १०४०.२४ | १२५७.५ | ११०२.३९ | १७.२९ | ४७.८४ | ५२७.९१ | ८० | १८४ | ३७२.९४ |

स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश, २०८१ *चैत्र मसान्तसम्म

**नोटः सङ्घबाट ठेक्का लागेर हस्तान्तरण भएका आयोजना बाहेकको विवरण अद्यावधिक गरिएको ।

४.८१ आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकास गर्न दलित, विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायलाई आवास व्यवस्थाको लागि सञ्चालन भएको जनता आवास कार्यक्रममा आर्थिक वर्ष २०७५/७६ देखि छनौट भएका ८ हजार ७ सय ८२ लाभग्राहीमध्ये २०८० चैत्रसम्म ५ हजार ९ सय १० लाभग्राहीको आवास निर्माण सम्पन्न भएको छ ।

**तालिका ४.२७: जनता आवास कार्यक्रम मार्फत निर्माण हुने घरहरूको विवरण**

| विवरण | छनौट भएका जम्मा | निर्माण सम्पन्न | निर्माणाधीन |
|---|---|---|---|
| आवास व्यवस्थापन कार्यक्रम (संघ सशर्त अनुदान तर्फको) | ६९४८ | ४९८७ | १९६१ |
| जनता आवास कार्यक्रम (प्रदेश सरकार स्रोत तर्फको) | १८३४ | ९२३ | ९११ |
| जम्मा | ८७८२ | ५९१० | २८७२ |

स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश, २०८१

४.८२ कोशी प्रदेशस्थित पूर्व-पश्चिम राजमार्ग, मेची राजमार्ग, कोशी राजमार्ग, सगरमाथा राजमार्ग, हुलाकी लोकमार्ग, मध्य-पहाडी (पुष्पलाल) राजमार्ग लगायतका राजमार्गहरू रहेका छन् । जसको कुल लम्बाई १७०३ कि.मि. रहेको छ ।

**तालिका ४.२८: प्रदेशभित्रका राजमार्गहरू (किलोमिटरमा)**

| जिल्ला | पूर्व पश्चिम राजमार्ग | मेची राजमार्ग | कोशी राजमार्ग | सगरमाथा राजमार्ग | हुलाकी राजमार्ग | मध्य पहाडी (पुष्पलाल) राजमार्ग | तमोर करिडोर सडक | मदन भण्डारी राजमार्ग | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| कोशी प्रदेश | १३४.९ | ३११.१ | ३२०.० | १४५.९ | ७८ | ४२४ | १३०.४ | १५८.८ | १७०३ |
| जम्मा लम्बाई | १०२७.७ | ३११.१ | ३२० | १५८ | १८५७ | १८७९ | ३१४ | १३९० | ७२५६.७ |
| कोशी प्रदेशको अंश(%) | १३.१३ | १०० | १०० | ९२.३३ | १२.१६ | ३५.४५ | ४१.५२ | १३.२३ | २३.४७ |

स्रोत: प्रदेश योजना आयोग/आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय

## हवाई यातायात तथा यातायातका अन्य माध्यमहरू

४.८३ कोशी प्रदेशमा रहेका १५ वटा विमानस्थलहरूमध्ये १२ वटा नियमित सञ्चालनमा रहेका छन् । जसमध्ये विराटनगर विमानस्थल र चन्द्रगढी विमानस्थल रात्रिकालीन अवतरण क्षमता भएका र मध्यम आकारका विमानहरू अवतरण गर्ने क्षमताका हुन् । सोलुखुम्बु तथा खोटाङ जिल्लामा क्रमशः ४ र ३ वटा विमानस्थल रहेका छन् ।

४.८४ सडक र हवाई यातायातको अतिरिक्त यस प्रदेशमा जलयात्रा तथा रेल परिवहनको समेत सम्भावना रहेको छ । हाल सुनसरी जिल्लाको चतरा देखि भोजपुर जिल्लाको सिम्लेसम्म जलयात्रा सञ्चालनमा रहेको छ ।

४.८५ कोशी प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरूमा चालु आर्थिक वर्ष २०८०/८१ को चैत्र सम्ममा २४ हजार १ सय ३२ वटा सवारी साधनहरू दर्ता भएका छन् । गत आर्थिक वर्ष २०७९/८० मा ३० हजार ४ सय ४९ वटा सवारी साधनहरू दर्ता भएका थिए । आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा सवारी साधन दर्ता सङ्ख्यामा ६४ प्रतिशतले कमी आएको देखिन्छ ।

**तालिका ४.२९: प्रदेशमा दर्ता भएका सवारी साधन र राजस्वको विवरण**

| सि.नं. | विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|---|
| १ | बस | २२८ | ३४५ | ३२४ | १६८ |
| २ | मिनिबस/मिनिट्रक | २१५ | १५२ | ४९ | ३५ |
| ३ | क्रेन/डोजर/लोडर/एस्काभेटर/ट्रक/ट्रिपर | ४८१ | ११९६ | ३५६ | ३४५ |
| ४ | जिप/कार/भ्यान/ पिकअप | २१०५ | २२०८ | ७४९ | ६६८ |
| ५ | ई-कार | | | ५ | २० |
| ६ | माइक्रोबस | १२ | १५ | २९ | २८ |
| ७ | टेम्पो | १६१० | ११०७ | २८३ | ६३० |
| ८ | मोटरसाइकल/स्कुटर | ६७३०४ | ७५०१८ | २३१२१ | १८५७१ |
| ९ | ई-स्कुटर | | | ३४७ | ३५८ |
| १० | ट्र्याक्टर/पावरटिलर | २१२७ | १६१० | ३८६ | ३३५ |
| ११ | ई-रिक्सा | ६०४ | २५०८ | ४२५७ | २९७४ |
| १२ | अन्य | ४३२ | ७२ | ६७ | - |
| जम्मा | | ७५११८ | ८४२३१ | ३०४४९ | २४१३२ |
| यातायात क्षेत्रको राजस्व सङ्कलन (रु. लाखमा) | | २४४८० | २६३३३ | २८०२० | २३०३२ |

स्रोतः आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर, २०८१ *चैत्रसम्म

नोटः गत आ.व. को सङ्ख्या अन्यथा भएकोले सच्याइएको ।

४.८६ आन्तरिक मामिला तथा कानून मन्त्रालयमा २०८० चैत्रसम्म सवारी चालक प्रशिक्षण केन्द्र २७ वटा र सवारी साधन मर्मत गर्ने कारखाना तथा वर्कशपहरू ४ वटा दर्ता भएका छन् ।

## ऊर्जामा पहुँच

४.८७ २०८० असारसम्म कोशी प्रदेशमा ९५.७८ प्रतिशत विद्युतीकरण भएको छ । २०७९ असारसम्म यस प्रदेशका कुनै पनि जिल्लामा शत प्रतिशत विद्युतीकरण हुन नसकेकोमा यस वर्षको सोही अवधिमा पूर्ण रूपमा विद्युतीकरण भएका जिल्लामा सुनसरी, झापा र धनकुटा रहेका छन् । न्यून विद्युतीकरण भएका जिल्लामा अन्तिमबाट क्रमशः भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा र संखुवासभा रहेका छन् ।

४.८८ गत वर्षको तुलनामा २०८० असारसम्म पनि भोजपुर जिल्लामा विद्युतीकरण पहुँच थप विस्तार भएको छैन । यस प्रदेशका स्थानीय ४५ वडामा विद्युतीकरणमा पहुँच नपुगेको अवस्था छ ।

४.८९ २०८० फागुनसम्म कोशी प्रदेशका कुल जनसङ्ख्यामध्ये ९७.७ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच (वैकल्पिक ऊर्जासहित) पुगेको छ। कोशी, सुदूरपश्चिम र कर्णाली प्रदेशमा विद्युत पहुँच राष्ट्रिय औसतभन्दा न्यून रहेको छ । २०८० असारसम्म ११ लाख ९७ हजार ७ सय २० घर-परिवारको विद्युतीकरणमा पहुँच पुगेको छ ।

**तालिका ४.३०: राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसङ्ख्या (प्रतिशतमा)**

| प्रदेश | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|---|
| कोशी | ८६.३ | ८२.४३ | ९६.९५ | ९७.० | ९५.३ |
| नेपाल (वैकल्पिक ऊर्जासहित) | ९०.० | ९३.० | ९४.० | ९५.० | ९७.७ |

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०८० *फागुनसम्म

४.९० चालु आर्थिक वर्षको फागुनसम्म थप भएको २९९ मेगावाटमध्ये कोशी प्रदेशमा ८८ मेगावाट विद्युत उत्पादन भएको छ ।

**तालिका ४.३१: प्रदेशगत विद्युत उत्पादन क्षमता (मेगावाटमा)**
**(वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक)**

| प्रदेश | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
|---|---|---|---|---|---|---|
| कोशी | ७५.९ | २३८ | २८० | ३४५ | ४८९ | ५७७ |
| मधेश | ७९.७७ | ० | १३ | २१ | २५ | २५ |
| बागमती | ९०.३ | ४५६ | ४७२ | १०४६ | ११४९ | ११९६ |
| गण्डकी | ८७.३९ | ५११ | ५२९ | ५९५ | ८३१ | ९३३ |
| लुम्बिनी | ८१.०३ | २२ | ३१ | ३१ | ४७ | ५८ |
| कर्णाली | २७.०३ | ११ | ११ | ११ | १६ | १६ |
| सुदूरपश्चिम | ५८.९ | ५२ | ५२ | ५८ | १२० | १७१ |
| जम्मा | ८८.० | १२९० | १३८८ | २१०७ | २६७७ | २९७६ |

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०८० *फागुनसम्म

## सार्वजनिक निजी साझेदारी

४.९१ प्रदेश सरकारले प्रदेश भित्र लगानी भित्र्याउन सार्वजनिक क्षेत्र निजी तथा सहकारी क्षेत्रहरूसँग साझेदारी गर्ने नीति अवलम्बन गरेको छ । निजी लगानीमा सहजीकरण गर्न सार्वजनिक, निजी, सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ अनुसार प्रदेश लगानी प्राधिकरणको स्थापना भएको छ ।

४.९२ २०८० वैशाखसम्म निजी लगानी एवम् सार्वजनिक निजी तथा साझेदारीमा सञ्चालन गर्ने गरी ९६ परियोजनाहरूको पूर्व सम्भाव्यता अध्ययन (Pre Feasibility Study) सम्पन्न भएको छ ।

४.९३ प्रदेश लगानी प्राधिकरणबाट सम्भाव्यता अध्ययन भई लगानी प्रक्रियामा रहेका परियोजनामध्ये २०८० वैशाखसम्म निर्माणाधीन १, लगानी स्वीकृतिको चरणमा रहेका ५, वार्ता प्रक्रियामा रहेका ६ र तेस्रो लगानी सम्मेलन (सोकेस) मा पठाइएका ६ गरी १८ परियोजनाको कुल लागत रु. ८५ अर्ब ६७ करोड रहेको छ ।

## मञ्जूषा बक्स ४ (क) प्रदेश लगानी प्राधिकरणबाट प्रक्रिया अघि बढाइएका परियोजनाको विवरण

(कोशी प्रदेश अन्तर्गत)

| निर्माणाधीन परियोजना (Under Construction) | लागत अनुमान |
|---|---|
| १. भेडेटार स्काईवाक परियोजना | रु.२० करोड |

**लगानी स्वीकृतिको चरणमा रहेका परियोजनाहरु (Under Process)**

| | | |
|---|---|---|
| १. | विराटनगर बहुउद्देश्यीय व्यापारिक भवन परियोजना | रु. ४ अर्ब ८० करोड |
| २. | बर्जुताल पर्यटन परियोजना, सुनसरी | रु. ४ अर्ब २८ करोड |
| ३. | विराटनगर सार्वजनिक बस सञ्चालन परियोजना | रु. २८ करोड |
| ४. | सगरमाथा केवलकार परियोजना, सोलुखुम्बु | रु. ५ अर्ब |
| ५. | उदयपुर क्लिङ्कर उद्योग परियोजना | रु. ३२ अर्ब |
| | जम्मा | रु.४६ अर्ब ३६ करोड |

**लगानीको वार्ता प्रक्रियामा रहेका परियोजनाहरु (Under Negotiation)** (Figure are in Crore(Nrs))

| S.No. | Projects | District | Estimated Cost |
|---|---|---|---|
| 1 | Green Hydrogen & Chemical Fertilizer Project | Sunsari & Udayapur | 2600 |
| 2 | Koshi Podway Project | Sankhuwa Sabha | 500 |
| 3 | Kakadvitta Buspark Project | Jhapa | 35 |
| 4 | Biratnagar MSW Project | Morang | 40 |
| 5 | Kakadvitta-Bhadrapur MSW Project | Jhapa | 30 |
| 6 | Kodako Rakshi Project | All Pahadi Districts | 40 |
| Total | | | **3245** |

**तेस्रो लगानी सम्मेलनमा पठाइएका परियोजनाहरु (Showcashed During Investment Summit 2024)**

(Figure are in Crore(Nrs))

| S.No. | Projects | District | Estimated Cost |
|---|---|---|---|
| 1 | Belbari SWM (Solid Waste Management) Project | Morang | 63 |
| 2 | Chhattar Jorpati Agriculture and Cold Storage Project | Dhankutta | 10 |
| 3 | Citrus Farming, Processing Industry and Research Centre Project | Dhankutta | 27 |
| 4 | International Standard Exhibition and Convention Center Project | Morang | 123 |
| 5 | Pathari Eco-Tourism and free range farming Project | Morang | 60 |
| 6 | Siddhi Khola Multi-dimensional Tourism Project | Illam | 383 |
| Total | | | 666 |

स्रोतः प्रदेश लगानी प्राधिकरणको कार्यालय, २०८१

**सूचना तथा सञ्चार**

४.९४ कोशी प्रदेशमा सूचना र सञ्चारका प्रविधिको विकास तीव्र रूपमा भइरहेको छ । मोबाइल, इन्टरनेट सेवा, एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन मिडिया, सामाजिक सञ्जाल, हुलाक सेवा र निजी क्षेत्रका सञ्चार माध्यमहरूको पर्याप्त विस्तार भएको छ ।

४.९५ आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशमा दर्ता भएका ३९ वटा रेडियो एफ.एम. र ५ वटा केबल टेलिभिजन सञ्चालनमा रहेका छन् ।

४.९६ प्रेस काउन्सिल नेपालको अभिलेख अनुसार २०८० असार मसान्तसम्म कोशी प्रदेशमा १०१ वटा दैनिक, ५ वटा अर्ध-साप्ताहिक, ३३८ वटा साप्ताहिक, ४५ वटा पाक्षिक र अन्य पत्रपत्रिका गरी जम्मा ५३४ वटा पत्रपत्रिकाहरू दर्ता भई प्रकाशनमा रहेका छन् । मोरङ जिल्लामा सबैभन्दा बढी १६८ वटा र सबैभन्दा कम सोलुखुम्बुमा २ वटा पत्रिकाहरू प्रकाशन दर्ता भएका छन् ।

**तालिका ४.३२: प्रदेशमा पत्रपत्रिका प्रकाशन दर्ता स्थिति**

| जिल्ला | दैनिक | अर्ध-साप्ताहिक | सासाहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | १ | १ | ६ | १ | ० | ० | १ | ० | १० |
| पाँचथर | १ | १ | १६ | ० | २ | १ | ० | ० | २१ |
| इलाम | ४ | ० | १७ | २ | १ | ० | ० | ० | २४ |
| संखुवासभा | ० | ० | १४ | ५ | १ | ० | ० | ० | २० |
| तेह्रथुम | ० | ० | ७ | ० | ० | ० | १ | ० | ८ |
| धनकुटा | ० | ० | ७ | १ | १ | ० | ० | ० | ९ |
| भोजपुर | ० | ० | ४ | ० | ० | ० | ० | ० | ४ |
| खोटाङ | १ | ० | ७ | ८ | १ | ० | १ | ० | १८ |
| सोलुखुम्बु | ० | ० | २ | ० | ० | ० | ० | ० | २ |
| ओखलढुंगा | ० | ० | ६ | १ | १ | ० | १ | ० | ९ |
| उदयपुर | ८ | ० | २४ | २ | २ | ० | १ | ० | ३७ |
| झापा | २१ | १ | ५६ | २ | ७ | १ | १ | १ | ९० |
| मोरङ | ४२ | ० | ९६ | २० | ६ | १ | २ | १ | १६८ |
| सुनसरी | २३ | २ | ७६ | ३ | ६ | २ | १ | १ | ११४ |
| जम्मा | १०१ | ५ | ३३८ | ४५ | २८ | ५ | ९ | ३ | ५३४ |

स्रोतः प्रेस काउन्सिल नेपाल, वार्षिक प्रतिवेदन, २०८०

# ५. सामाजिक क्षेत्र

५.१ सामाजिक क्षेत्रमा सरकारी तथा निजी लगानी बढ्दै गएसँगै यस क्षेत्रका सूचकमा सुधार हुँदै आएको छ । प्रत्येक नागरिकसम्म आधारभूत स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन नीतिगत, कानूनी र संस्थागत व्यवस्था गरिएको छ । सबैलाई अनिवार्य र आधारभूत शिक्षाको प्रत्याभूति गरिएबमोजिम शिक्षामा पहुँच वृद्धि हुँदै गएको छ । फलस्वरूप, आधारभूत र माध्यमिक तहमा खुद भर्ना दर बढ्दै गएको छ । आधारभूत र शुद्ध खानेपानी सेवामा विस्तार हुँदै गएको छ ।

**शिक्षा क्षेत्र**

५.२ कोशी प्रदेशका ५ वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसङ्ख्यामा साक्षरता दर ७९.७ प्रतिशत रहेको छ । जसमा पुरुषको साक्षरता दर ८६.१ प्रतिशत छ भने महिलाको साक्षरता दर ७३.६ प्रतिशत रहेको छ । कोशी प्रदेशका सबै जिल्ला साक्षर घोषणा भएका छन् ।

५.३ कोशी प्रदेशमा रहेका जिल्लाहरूमा पाँच वर्ष वा सो भन्दा माथिको जनसङ्ख्यामा सबैभन्दा बढी इलाम जिल्लामा ८३.४ प्रतिशत साक्षर रहेका छन् भने सबैभन्दा कम ओखलढुङ्गा जिल्लामा ७३.९ प्रतिशत रहेका छन् । खोटाङ र ओखलढुङ्गा बाहेक अन्य जिल्लाहरूको साक्षरता दर राष्ट्रिय दर भन्दा माथि रहेको छ ।

५.४ कोशी प्रदेशमा कुल साक्षर जनसङ्ख्या ३६ लाख ३९ हजार ५ सय ४७ मध्ये २८.२ प्रतिशत व्यक्तिहरूले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेका छन् । निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म) उत्तीर्ण गर्ने व्यक्तिहरू २०.१ प्रतिशत र एस.एल.सी. वा सो सरह उत्तीर्ण गर्ने व्यक्तिहरू कुल साक्षर जनसङ्ख्याको ११.३ प्रतिशत रहेका छन् ।

५.५ कोशी प्रदेशमा स्नातक तह उत्तीर्ण गर्नेको सङ्ख्या १ लाख २५ हजार ४८२ अर्थात् कुल साक्षर जनसङ्ख्याको ३.४ प्रतिशत छन् भने स्नातकोत्तर तह उत्तीर्ण गर्नेको सङ्ख्या ५२ हजार ७० अर्थात् कुल साक्षर जनसङ्ख्याको १.४ प्रतिशत रहेको छ ।

५.६ शैक्षिक सत्र २०८० मा देशभर ३५ हजार ८ सय ७६ विद्यालयमध्ये कोशी प्रदेशमा १९.४ प्रतिशत अर्थात् ६ हजार ९ सय ६२ वटा विद्यालय रहेका छन् । जसमध्ये सामुदायिक विद्यालयको सङ्ख्या ७७ प्रतिशत रहेको छ ।

**तालिका ५.१: विभिन्न तहका विद्यालयको विवरण**

| प्रदेश/तह | आधारभूत तह कक्षा (१-५) | | आधारभूत तह कक्षा (१-८) | | माध्यमिक तह कक्षा (९-१०) | | माध्यमिक तह कक्षा (११-१२) | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | |
| कोशी | ३०६७ | ३५६ | १००७ | ४०५ | ६५३ | ६२० | ६३२ | २२२ | ६९६२ |
| नेपाल | १५८०२ | १८१५ | ४९७२ | १७९५ | ३५३३ | ३१३९ | ३६८३ | ११३७ | ३५८७६ |

स्रोत: आर्थिक सर्वेक्षण २०८०/८१, अर्थ मन्त्रालय

५.७ कोशी प्रदेशका सामुदायिक विद्यालयमा कार्यरत स्थायी १९,५०७, अस्थायी ३,५३९ र राहत ७,१५१ शिक्षक समेत गरी सम्पूर्ण शिक्षकहरूको सङ्ख्या ३० हजार १ सय ९७ जना रहेको छ । मुलुकभरिका कुल शिक्षक सङ्ख्याको १९.७ प्रतिशत शिक्षक कोशी प्रदेशमा रहेका छन् ।

**तालिका ५.२: सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको विवरण**

| तह/शिक्षक | | कोशी | नेपाल |
|---|---|---|---|
| आधारभूत तह (१-८) | स्थायी | १४२५८ | ७१०५८ |
| | अस्थायी | २३९९ | ९१०६ |
| | राहत | ३४८० | २१८७१ |
| आधारभूत तह (६-८) | स्थायी | ३००६ | १४३३९ |
| | अस्थायी | ६०१ | १९१३ |
| | राहत | १७८२ | ९६०९ |
| माध्यमिक तह (९-१०) | स्थायी | २२४३ | ११७३४ |
| | अस्थायी | २८४ | १०४२ |
| | राहत | १२९४ | ६७४४ |
| माध्यमिक तह (११-१२) | स्थायी | ० | ० |
| | अस्थायी | २५५ | १९१८ |
| | राहत | ५९५ | ३९४१ |
| कुल जम्मा | स्थायी | १९५०७ | ९७१३१ |
| | अस्थायी | ३५३९ | १३९७९ |
| | राहत | ७१५१ | ४२१६५ |
| | जम्मा | ३०१९७ | १५३२७५ |

स्रोतः आर्थिक सर्वेक्षण २०८०/८१, अर्थ मन्त्रालय

५.८ कोशी प्रदेशका विद्यालयमा अध्ययनरत विद्यार्थीमध्ये छात्रको सङ्ख्या छात्राको भन्दा बढी रहेको छ । शैक्षिक सत्र २०८० मा कोशी प्रदेशमा कक्षा १ देखि १२ सम्मका ११ लाख १४ हजार ९ सय विद्यार्थीमध्ये छात्रा ४८.९ प्रतिशत र छात्र ५१.१ प्रतिशत रहेका छन् ।

**तालिका ५.३: विद्यार्थी भर्नाको विवरण (हजारमा)**

| विद्यालय तह/विद्यार्थी | | कोशी | नेपाल |
|---|---|---|---|
| आधारभूत तह (१-५) | छात्रा | २५६.० | १६९०.१ |
| | छात्र | २७६.९ | १८२९.१ |
| | जम्मा | ५३२.९ | ३५१९.२ |
| आधारभूत तह (६-८) | छात्रा | १४२.५ | ८९५.६ |
| | छात्र | १४९.८ | ९५६.९ |
| | जम्मा | २९२.३ | १८५२.५ |
| आधारभूत तह (१-८) | छात्रा | ३९८.५ | २५८५.७ |
| | छात्र | ४२६.७ | २७८६.० |
| | जम्मा | ८२५.२ | ५३७१.७ |
| माध्यमिक तह (९-१०) | छात्रा | ८४.२ | ५१२.० |
| | छात्र | ८४.९ | ५३३.१ |
| | जम्मा | १६९.२ | १०४५.१ |

| विद्यालय तह/विद्यार्थी | | कोशी | नेपाल |
|---|---|---|---|
| माध्यमिक तह (११-१२) | छात्रा | ६२.४ | ३६७.३ |
| | छात्र | ५८.२ | ३५९.२ |
| | जम्मा | १२०.५ | ७२६.५ |
| माध्यमिक तह (९-१२) | छात्रा | १४६.६ | ८७९.३ |
| | छात्र | १४३.१ | ८९२.३ |
| | जम्मा | २८९.७ | १७७१.६ |
| कुल जम्मा | छात्रा | ५४५.२ | ३४६४.९ |
| | छात्र | ५६९.८ | ३६७८.३ |
| | जम्मा | १११४.९ | ७१४३.३ |

स्रोतः आर्थिक सर्वेक्षण, २०८०/८१, अर्थ मन्त्रालय

५.९ कोशी प्रदेशमा शैक्षिक सत्र २०८० मा कक्षा १ देखि १२ सम्मका कुल ११ लाख १४ हजार ९ सय विद्यार्थीमध्ये ६४.९ प्रतिशत सामुदायिक विद्यालयमा र संस्थागत विद्यालयमा ३५.१ प्रतिशत अध्ययनरत रहेका छन् ।

५.१० शैक्षिक सत्र २०८० मा कोशी प्रदेशमा खुद विद्यार्थी भर्ना दर सबैभन्दा बढी कक्षा १-५ सम्म ९५.६ प्रतिशत रहेकोमा सबैभन्दा कम कक्षा ११-१२ मा ३६.९ प्रतिशत रहेको छ ।

**चार्ट ५.१: कोशी प्रदेशमा विद्यार्थी खुद भर्ना दर (प्रतिशतमा)**




स्रोतः आर्थिक सर्वेक्षण, २०८०/८१, अर्थ मन्त्रालय

५.११ शैक्षिक सत्र २०७९ को माध्यमिक शिक्षा परीक्षा (SEE) मा कोशी प्रदेशबाट ७९ हजार ६ सय ७६ जना विद्यार्थी सहभागी भएकोमा जि.पि.ए. २.०० देखि २.४० प्राप्त गर्ने विद्यार्थी सङ्ख्या सबैभन्दा बढी २२.३२ प्रतिशत रहेको छ ।

**तालिका ५.४: माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (SEE) २०७९ को नतिजा विवरण (जम्मा सहभागीको प्रतिशतमा)**

| प्रदेश/ तह | जम्मा सहभागी | GPA 0.80 T0 < 1.20 | GPA 1.20 To < 1.60 | GPA 1.60 To < 2.00 | GPA 2.00 To < 2.40 | GPA 2.40 To < 2.80 | GPA 2.80 To < 3.20 | GPA 3.20 To < 3.60 | GPA 3.60 To <= 4.00 | NA |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कोशी | ७९६७६ | ०.३३ | ६.२२ | १८.०५ | २२.३२ | १९.०२ | १६.११ | ११.५४ | ३.६१ | २.७८ |
| नेपाल | ४८४९२४ | ०.५ | ८ | १८.२ | २१.१ | १८.४ | १४.९ | ११.४ | ४.६ | २.९ |

स्रोतः आर्थिक सर्वेक्षण, २०८०/८१,अर्थ मन्त्रालय

५.१२ कोशी प्रदेशमा विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त २२८ वटा क्याम्पस तथा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू सञ्चालनमा रहेका छन् । पूर्वाञ्चल विश्वविद्यालय, प्रादेशिक मनमोहन प्राविधिक विश्वविद्यालय र बि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान यस प्रदेशमा रहेका छन् ।

**तालिका ५.५: कोशी प्रदेशमा रहेका विश्वविद्यालय र क्याम्पसहरूको विवरण**

| केन्द्रीय विश्वविद्यालय | प्रादेशिक विश्वविद्यालय | सामुदायिक क्याम्पस | आङ्गिक क्याम्पस | निजी क्याम्पस | मेडिकल कलेज/ प्रतिष्ठान |
|---|---|---|---|---|---|
| १ | १ | ९७ | २४ | १०३ | ३ |

स्रोतः सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, २०८१

५.१३ मोरङको बुढीगंगामा रहेको मनमोहन प्राविधिक विश्वविद्यालयमा हाल बि.ई. सिभिल इन्जिनियरिङमा ११२ जना, बि.ई. इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्समा ३७ जना र बि. फार्मेसीमा २० जना गरी जम्मा १६९ जना विद्यार्थीले उच्च शिक्षा हासिल गरिरहेका छन् ।

५.१४ शैक्षिक सत्र २०८० मा कोशी प्रदेशमा प्राविधिक धारका विद्यालय १०२ र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) लागू भएका विद्यालय ४१ रहेका छन्। त्यस्तै, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को आङ्गिक शिक्षालय ७, साझेदार शिक्षालय १४ र CTEVT बाट सम्बन्धन प्राप्त निजी संस्था ४२ गरी प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षालय २०६ रहेका छन् ।

**तालिका ५.६: कोशी प्रदेशमा रहेका प्राविधिक शिक्षालयसम्बन्धी जिल्लागत विवरण**

| क्र.सं. | जिल्ला | प्राविधिक विद्यालय (कक्षा ९-१२) | CTEVT आंगिक शिक्षालय | TECS | CTEVT साझेदार शिक्षालय | CTEVT बाट सम्बन्धन प्राप्त निजी शिक्षालय | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | ४ | ० | २ | ० | ० | ६ |
| २ | पाँचथर | ७ | ० | १ | ० | ० | ८ |
| ३ | इलाम | ९ | १ | २ | ० | १ | १३ |
| ४ | झापा | १६ | १ | ६ | ७ | १३ | ४३ |
| ५ | मोरङ | १६ | ० | ७ | ४ | १० | ३७ |
| ६ | सुनसरी | १० | ० | ३ | २ | १२ | २७ |
| ७ | धनकुटा | ५ | १ | १ | ० | २ | ९ |
| ८ | तेह्रथुम | १ | १ | १ | ० | ० | ३ |
| ९ | संखुवासभा | ८ | ० | १ | ० | १ | १० |

| क्र.सं. | जिल्ला | प्राविधिक विद्यालय (कक्षा ९-१२) | CTEVT आंगिक शिक्षालय | TECS | CTEVT साझेदार शिक्षालय | CTEVT बाट सम्बन्धन प्राप्त निजी शिक्षालय | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १० | भोजपुर | ७ | २ | २ | ० | ० | ११ |
| ११ | सोलुखुम्बु | ३ | ० | २ | १ | ० | ६ |
| १२ | ओखलढुङ्गा | ६ | ० | ५ | ० | ० | ११ |
| १३ | खोटाङ | ४ | १ | ४ | ० | १ | १० |
| १४ | उदयपुर | ६ | ० | ४ | ० | २ | १२ |
| जम्मा | | १०२ | ७ | ४१ | १४ | ४२ | २०६ |

स्रोतः सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, २०८१

५.१५ कोशी प्रदेशमा मदरसा १५३, गुम्बा २९, गुरुकुल २७ र मुन्धुमशाला २ गरी जम्मा २११ धार्मिक प्रकृतिका विद्यालय रहेका छन् ।

५.१६ कोशी प्रदेशमा विशेष शिक्षा प्रदान गर्ने विद्यालय ६, आवासीय विद्यालय तथा नमुना विद्यालय ९४ रहेका छन् । कोशी प्रदेश अन्तर्गत भाषा शिक्षण र ब्रिज कोर्ष सञ्चालनका लागि २०८० चैत्रसम्म ४३ संस्थालाई अनुमति प्रदान गरिएको छ ।

## स्वास्थ्य क्षेत्र

५.१७ चालु आर्थिक वर्षको फागुनसम्म कोशी प्रदेशमा विभिन्न व्यक्तिले अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक सेवा गरी ७४ लाख १९ हजार पटक स्वास्थ्य संस्थाबाट सेवा लिएकोमा बहिरङ्ग सेवाको अंश ९५ प्रतिशत माथि रहेको छ ।

**तालिका ५.७: अस्पताल सुविधा लिएको विवरण (पटक हजारमा)**

| प्रदेश/तह | २०७८/७९ | | | २०७९/८० | | | २०८०/८१* | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अन्तरङ्ग | बहिरङ्ग | आकस्मिक | अन्तरङ्ग | बहिरङ्ग | आकस्मिक | अन्तरङ्ग | बहिरङ्ग | आकस्मिक |
| कोशी | ४५५ | ८२०१ | ५८९ | २८७ | ९१७३ | ३३८ | १२२ | ७०५१ | २४६ |
| नेपाल | १४८६ | ४५८१७ | २९३९ | ११८७ | ५३८८० | १९४८ | ३८५ | ३९५८८ | १४११ |

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०८० *फागुनसम्म

५.१८ स्वास्थ्य सेवामा नागरिकको पहुँच बढ्दै गएको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशको सरदर औसत आयु ७०.४ वर्ष रहेको छ भने नेपालको ७१.३ वर्ष रहेको छ । कोशी प्रदेशमा नवजात शिशु मृत्यु दर प्रति हजार जीवित जन्ममा १९ रहेको छ भने नेपालमा यस्तो दर १७ रहेको छ । नेपालको प्रति लाख जीवित जन्ममा १५१ रहेको मातृ मृत्युदर कोशी प्रदेशमा १५७ रहेको छ ।

**तालिका ५.८: कोशी प्रदेशको प्रादेशिक स्वास्थ्य सूचकहरूको अवस्था**

| सूचक | एकाइ | कोशी प्रदेश | नेपाल |
|---|---|---|---|
| औसत आयु | वर्ष | ७०.४ | ७१.३ |
| कुल प्रजनन दर | दर | १.८ | १.९ |
| मातृ मृत्यु दर | प्रति लाख जीवित जन्ममा | १५७ | १५१ |
| कोरा मृत्युदर | प्रति हजार | ७.७२ | ६.८१ |

| सूचक | एकाइ | कोशी प्रदेश | नेपाल |
|---|---|---|---|
| नवजात शिशु मृत्युदर | प्रति हजार जीवित जन्ममा | १९ | १७ |
| बाल मृत्युदर | प्रति हजार जीवित जन्ममा | ५.९ | ५.९ |
| पाँच वर्षमुनिका बालबालिकाहरूमा पुड्कोपना | प्रतिशत | २०.० | २४.८ |
| पाँच वर्षमुनिका बालबालिकाहरूमा ख्याउटेपन | प्रतिशत | ३.८ | ७.७ |
| पाँच वर्षमुनिका बालबालिकाहरूमा कम तौल | प्रतिशत | १३.० | १८.७ |
| पाँच वर्षमुनिका बालबालिकामा रक्तअल्पता | प्रतिशत | ३४.० | ४३.३ |
| १२-२३ महिनाका बालबालिकामा पूर्ण खोप | प्रतिशत | ८१.० | ८०.० |
| परिवार नियोजनको साधन प्रयोग दर | प्रतिशत | ६१.५ | ५७.२ |
| स्वास्थ्य केन्द्रमा बच्चा जन्माउने महिलाहरू | प्रतिशत | ८१.५ | ७९.३ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ र स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश, २०८०

५.१९ २०८० चैत्रसम्म कोशी प्रदेशका ७ लाख १३ हजार ६ सय घर-परिवारका २२ लाख ४५ हजार ९ सय २ स्वास्थ्य बीमामा आबद्ध भएका छन् । कोशी प्रदेश अन्तर्गत स्वास्थ्य बीमामा आबद्ध सेवा प्रदायक स्वास्थ्य संस्था तथा अस्पताल १०७ रहेका छन् ।

**स्वास्थ्य संस्थाको स्थिति**

५.२० कोशी प्रदेशमा धरान स्थित वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, विराटनगर स्थित कोशी अस्पताल, नोवेल मेडिकल कलेज, विराट मेडिकल कलेज तथा विर्तामोड स्थित बि एण्ड सि मेडिकल कलेज लगायतका विशेषज्ञ एवम् विशिष्टिकृत स्वास्थ्य सेवा प्रदान गर्ने प्रमुख स्वास्थ्य संस्था रहेका छन् ।

५.२१ जिल्ला अस्पताल पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर ५० शैयामा स्तरोन्नति भएका छन् भने प्रादेशिक अस्पताल, भद्रपुर २०० शैयामा स्तरोन्नति भएको छ । सबै जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट जडान र केही अस्पतालमा आई.सी.यू. सेवा सञ्चालनमा आएको छ ।

५.२२ आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कोशी प्रदेशमा सबै तहका अस्पताल २२२, शिक्षण अस्पताल २, प्राथमिक स्वास्थ्य केन्द्र ३३, स्वास्थ्य चौकी ६३०, आधारभूत स्वास्थ्य सेवा केन्द्र ३७२, सामुदायिक स्वास्थ्य इकाई १५८, शहरी स्वास्थ्य केन्द्र १०५, डायग्नोस्टिक सेन्टर ४, प्रतिष्ठान १, नर्सिङ होम १ र अन्य स्वास्थ्य संस्था १४२ गरी जम्मा १,६६६ वटा स्वास्थ्य संस्था रहेका छन् ।

**तालिका ५.९: कोशी प्रदेशमा रहेका स्वास्थ्य संस्थाको विवरण**

| स्वास्थ्य संस्था | सङ्ख्या |
|---|---|
| प्रतिष्ठान | १ |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | ३७२ |
| क्लिनिक | १ |

| स्वास्थ्य संस्था | सङ्ख्या |
|---|---|
| सामुदायिक स्वास्थ्य इकाई | १५८ |
| डायग्नोस्टिक सेन्टर | ४ |
| जिल्ला क्लिनिक | २ |
| जनरल अस्पताल | ६० |
| स्वास्थ्य चौकी | ६३० |
| संस्थागत क्लिनिक | ७ |
| मेडिकल सेन्टर | ५ |
| मेडिकल क्लिनिक | ११ |
| गैह्र सरकारी स्वास्थ्य संस्था | ४४ |
| नर्सिङ होम | १ |
| अन्य स्वास्थ्य संस्था | ६८ |
| प्राथमिक स्वास्थ्य केन्द्र | ३३ |
| प्राथमिक तह अस्पताल | ३६ |
| निजी अस्पताल | ९९ |
| द्वितीय तह अस्पताल 'क' वर्ग | १४ |
| विशिष्टिकृत अस्पताल | १२ |
| शिक्षण अस्पताल | २ |
| तृतीय तह अस्पताल | १ |
| सहरी स्वास्थ्य केन्द्र | १०५ |
| जम्मा | १६६६ |

स्रोतः स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश, २०८०

५.२३ कोशी प्रदेशको स्वास्थ्य मन्त्रालय मातहतका जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र १४ वटै जिल्लामा रहेका छन् । प्रादेशिक आयुर्वेद अस्पताल सहित प्रदेशमा ११८ आयुर्वेद स्वास्थ्य संस्था रहेका छन् ।

**तालिका ५.१०: कोशी प्रदेशमा रहेका आयुर्वेद स्वास्थ्यको विवरण**

| विवरण | सङ्ख्या |
|---|---|
| प्रादेशिक आयुर्वेद अस्पताल | १ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | १४ |
| नागरिक आरोग्य केन्द्र (स्थानीय तहमा) | ५३ |
| आयुर्वेद औषधालय | ५० |
| जम्मा | ११८ |

स्रोतः स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश

५.२४ कोशी प्रदेश सरकारले २०८० चैत्रसम्म क्यान्सर रोग लागेका २५३ जना, CKD रोग लागेका १२७ र अन्य रोग लागेका ९७ जना गरी जम्मा ४७७ जना कडा रोग लागेका बिरामीहरूको लागि आर्थिक सहायता रकम उपलब्ध गराएको छ ।

**तालिका ५.११: कडा रोग लागेका बिरामीलाई आर्थिक सहायताको विवरण**

| क्र.सं. | रोग | लाभग्राही सङ्ख्या |
|---|---|---|
| १ | क्यान्सर | २५३ |
| २ | CKD (मृगौला सम्बन्धी) | १२७ |
| ३ | प्रत्यारोपण | ५० |
| ४ | मुटु रोग | २७ |
| ५ | Head Injury | १० |
| ६ | अन्य | १० |
| | जम्मा | ४७७ |

स्रोतः स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश, २०८१

५.२५ कोशी प्रदेशमा २०८० चैत्र सम्ममा विद्यालय नर्सिङ कार्यक्रम कार्यान्वयन भएका १६० विद्यालयमा १४० जना नर्स कार्यरत छन् । विद्यालय नर्सिङ कार्यक्रमबाट १ लाख ४० हजार विद्यार्थी लाभान्वित भएका छन् ।

५.२६ कोशी प्रदेशमा चालु आ.व. २०८०/८१ को चैत्रसम्म सञ्चालनमा रहेका "क" वर्गका एम्बुलेन्स ६, "ख" वर्गका एम्बुलेन्स ७३ र "ग" वर्गका बिरामी बोक्ने सवारी साधन ४१५ गरी जम्मा ४९४ एम्बुलेन्स, GPS जडान भएका एम्बुलेन्स ५८ र २५ शव वाहन रहेका छन् ।

५.२७ कोशी प्रदेशमा २०८०/८१ चैत्रसम्म ५६ स्वास्थ्य प्रयोगशाला दर्ता भएका छन् । चालु आर्थिक वर्षको चैत्रसम्म प्रदेश जनस्वास्थ्य प्रयोगशालामा सेवा लिएका सेवाग्राहीको सङ्ख्या ७ हजार ५ सय ३५ रहेको छ भने परीक्षण सङ्ख्या ५० हजार ५ सय ८२ रहेको छ ।

५.२८ कोशी प्रदेशमा रक्त सञ्चार सेवा केन्द्र (ब्लड बैंक) १७ र आकस्मिक रक्त सञ्चार सेवा केन्द्र ५ रहेका छन् । आ.व. २०८०/८१ को चैत्र सम्ममा कोशी प्रदेशबाट ५१९ जनाले स्वास्थ्यसम्बन्धी विभिन्न तालिम प्राप्त गरेका छन् ।

**जनसङ्ख्या**

५.२९ राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ रहेको छ, जसमध्ये कोशी प्रदेशमा १७.०१ प्रतिशतको बसोबास छ । यस प्रदेशको कुल जनसङ्ख्यामध्ये महिला ५१.२८ प्रतिशत र पुरुष अंश ४८.७२ प्रतिशत छन् ।

५.३० कोशी प्रदेशमा परिवार सङ्ख्या (संस्थागत सहित) ११ लाख ९१ हजार ५ सय ५६ रहेका छन् । कोशी प्रदेशको सरदर वार्षिक जनसङ्ख्या वृद्धि दर ०.८६ प्रतिशत, लैङ्गिक अनुपात ९५.०२ र जनघनत्व १९२ जना प्रति वर्ग किलोमिटर रहेको छ ।

**तालिका ५.१२: नेपालको तुलनामा कोशी प्रदेशको जनसाङ्ख्यिक सूचक**

| सूचक | नेपाल | कोशी प्रदेश | सूचक | नेपाल | कोशी प्रदेश |
|---|---|---|---|---|---|
| वार्षिक जनसंख्या वृद्धिदर | ०.९२ | ०.८६ | आन्तरिक (भित्री) बसाई सराई दर (प्रति लाखमा) | १९६ | ११२ |
| जनसंख्या परिवर्तन प्रतिशत (१० वर्षमा) | १०.१ | ९.४ | आन्तरिक (बाहिरी) बसाई सराई दर (प्रति लाखमा) | २२८२ | १६०० |
| जनघनत्व (प्रति वर्ग कि.मि.) | १९८ | १९२ | बाहृय बसाई सराई (आप्रवासन दर) प्रति लाखमा | ७७० | ९१९ |
| जनसंख्याको हिस्सा प्रतिशत | | १७.०१ | बाह्य बसाई सराई (प्रवासन दर) प्रति लाखमा | ४५६२ | ४०७७ |
| औसत परिवार आकार | ४.३७ | ४.१६ | कुल बसाई सराई दर (प्रति लाखमा) | ५३३१ | ४९९५ |
| लैङ्गिक अनुपात (प्रति १०० जना महिलामा) | ९५.५९ | ९५.०२ | खुद बसाई सराई दर (प्रति लाखमा) | -३७५२ | -३१५८ |
| जन्मिदाको लैङ्गिक अनुपात (प्रति १०० जना महिलामा) | ११२ | १०६ | देशभित्र अन्यत्र अक्सर बसोबास गर्ने जनसंख्या प्रतिशत | ७.७७ | ७ |
| पहिलो पटक विवाह गर्दाको औसत उमेर | २० | २१ | देश बाहिर अन्यत्र अक्सर बसोबास गर्ने जनसंख्या प्रतिशत | ७.५१ | ६.९१ |
| बालबालिकाको जनसंख्या (०-१४ वर्ष) प्रतिशत | २७.८३ | २५.९९ | जन्म दर्ता (<६ वर्ष) प्रतिशत | ७४.०४ | ७०.८५ |
| क्रियाशिल श्रमशक्ति (१५-५९ वर्ष) प्रतिशत | ६१.९६ | ६२.८ | अन्य लिङ्गीको जनसंख्या | २९८९ | ३०४ |
| ज्येष्ठ नागरिक (६० वर्ष वा सो भन्दा माथि) प्रतिशत | १०.२१ | ११.२२ | अपाङ्गता भएका व्यक्ति (जम्मा जनसंख्याको प्रतिशत) | २.२२ | २.३६ |
| ६८ वर्ष वा सो भन्दा माथिका जनसंख्या प्रतिशत | ५.२३ | ५.६९ | जनसंख्याको मध्यिका उमेर | २६ | २८ |
| सहरी जनसंख्या प्रतिशत | २७.३ | २२.९ | जनसंख्याको औसत उमेर | २९.४४ | ३०.७५ |
| शहरोन्मुख जनसङ्ख्या प्रतिशत | ३९.६ | ४१.१ | *अति न्यून वर्ग परिवार प्रतिशत | २०.२६ | २०.६५ |

| सूचक | नेपाल | कोशी प्रदेश | सूचक | नेपाल | कोशी प्रदेश |
|---|---|---|---|---|---|
| ग्रामीण जनसंख्या प्रतिशत | ३३.१ | ३६.१ | *न्यून वर्ग परिवार प्रतिशत | १९.७१ | २२.१४ |
| नगरपालिकाको जनसंख्या प्रतिशत | ६६.२ | ६२.४ | *अति न्यून वर्ग जनसंख्या प्रतिशत | १९.९१ | १९.३५ |
| गाउँपालिकाको जनसंख्या प्रतिशत | ३३.८ | ३७.६ | *न्यून वर्ग जनसंख्या प्रतिशत | २०.४२ | २२.८५ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ (राष्ट्रिय जनगणना, २०७८ जनसाङ्ख्यिक सूचक)

*पञ्चम सम्पन्नता (Wealth Quintile) सूचक अनुसार (संस्थागत बाहेक)

**खानेपानी तथा सरसफाइ**

५.३१ २०८० चैत्रसम्म कोशी प्रदेशका ८८.०६ प्रतिशत जनसङ्ख्यामा आधारभूत खानेपानी सुविधा पुगेको छ भने ९८.६८ प्रतिशत जनसङ्ख्यामा आधारभूत सरसफाइ सुविधा पुगेको छ ।

**तालिका ५.१३ः कोशी प्रदेशमा खानेपानी तथा सरसफाइको अवस्था**

| क्र.सं. | जिल्ला | आधारभूत खानेपानीबाट लाभान्वित जनसङ्ख्या (%) | आधारभूत सरसफाइबाट लाभान्वित जनसङ्ख्या (%) |
|---|---|---|---|
| १ | सुनसरी | ८७.३८ | १००.० |
| २ | मोरङ | ८६.०४ | १००.० |
| ३ | झापा | ८८.८२ | ९७.३५ |
| ४ | इलाम | ९१.१४ | ९८.३४ |
| ५ | खोटाङ | ९४.५५ | १००.० |
| ६ | उदयपुर | ९४.४३ | १००.० |
| ७ | ओखलढुङ्गा | ६५.० | ९०.० |
| ८ | सोलुखुम्बु | ७०.० | ९३.० |
| ९ | भोजपुर | ९३.४५ | ९८.१ |
| १० | संखुवासभा | ९२.२७ | ९६.८ |
| ११ | धनकुटा | ९३.० | १००.० |
| १२ | तेह्रथुम | ९५.० | १००.० |
| १३ | पाँचथर | ८६.२७ | १००.० |
| १४ | ताप्लेजुङ | ९२.७५ | ९६.० |
| कोशी प्रदेश* | | ८८.०६ | ९८.६८ |

स्रोतः खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेश, २०८१ *अद्यावधिक जनसङ्ख्या अनुसार

५.३२ कोशी प्रदेशमा खानेपानीको मुख्य स्रोतको रूपमा धारा/पाइप (घर-परिसरभित्र) प्रयोग गर्ने ३४.२ प्रतिशत, धारा/पाइप (घर-परिसर बाहिर) प्रयोग गर्ने २०.१ प्रतिशत र ट्युवबेल/हातेपम्प प्रयोग गर्ने ४०.४ प्रतिशत परिवार रहेका छन् । खुला इनार कुवा प्रयोग गर्ने १.६ प्रतिशत र नदी खोलाको प्रयोग गर्ने ०.२ प्रतिशत परिवार रहेका छन् । नेपालको औसतको तुलनामा कोशी प्रदेशमा ट्युवबेल/हातेपम्प प्रयोग गर्ने परिवार सङ्ख्या बढी देखिन्छ ।

५.३३ कोशी प्रदेशको कुल परिवार सङ्ख्या ११ लाख ९१ हजार ५ सय ५६ मध्ये ६३.२५ प्रतिशत परिवारले फ्लस भएको शौचालय प्रयोग गरेका छन् भने ३.१६ प्रतिशत (३७,६५३ परिवार) मा शौचालय नभएको देखिन्छ ।

**तालिका ५.१४: शौचालय सुविधा अनुसारको परिवार (प्रतिशत)**

| सूचक | नेपाल | कोशी प्रदेश |
|---|---|---|
| फ्लस भएको शौचालय प्रयोग गर्ने परिवार | ६४.८८ | ६३.२५ |
| साधारण शौचालय भएका परिवार | ३०.११ | ३३.१५ |
| सार्वजनिक शौचालय प्रयोग गर्ने परिवार | ०.४९ | ०.४५ |
| शौचालय नभएका परिवार | ४.५३ | ३.१६ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१ (राष्ट्रिय जनगणना, २०७८ जनसाङ्ख्यिक सूचक)

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

५.३४ महिला समानता र विकास सहभागितामा परिचित प्रदेश निर्माण गर्ने दीर्घकालीन लक्ष्यका साथ प्रदेशको "लैङ्गिक समानता नीति, २०७९" तर्जुमा भई कार्यान्वयनमा आएको छ ।

५.३५ बाल विवाह विरुद्धको प्रादेशिक रणनीति (२०७९/८०-२०८३/८४) तर्जुमा भई कार्यान्वयनमा छ । बाल विवाह विरुद्ध सचेतनाका लागि किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ अनुसार कोशी प्रदेशका १३७ वटै स्थानीय तहमा कार्यक्रम सञ्चालनमा छ ।

**तालिका ५.१५: कोशी प्रदेशमा लैङ्गिक विकासको स्थिति**

| विवरण | कोशी प्रदेश | नेपाल |
|---|---|---|
| लैङ्गिक विकास सूचकाङ्क (GDI) | ०.९०१ | ०.८८६ |
| लैङ्गिक विषमता सूचकाङ्क (GII) | ०.४५९ | ०.४७९ |
| महिला परिवारमूली सङ्ख्या प्रतिशत | ३०.८७ | ३१.५५ |
| महिला साक्षरता दर प्रतिशत | ७३.६३ | ६९.३७ |
| महिलाको नाममा रहेको घर जग्गाको स्वामित्व | | |
| घर वा जग्गा भएका महिला प्रतिशत | २८.४० | २३.८६ |
| घर मात्र भएका महिला प्रतिशत | १.५७ | २.३५ |
| जग्गा मात्र भएका महिला प्रतिशत | १२.५७ | ९.६६ |
| घर र जग्गा दुवै भएका महिला प्रतिशत | १४.२५ | ११.८४ |
| घरजग्गा दुवै नभएका महिला प्रतिशत | ७०.६७ | ७४.५६ |

स्रोतः बहुआयामिक गरिबी सूचक, २०२१, राष्ट्रिय योजना आयोग/राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

५.३६ NDHS २०२२ का अनुसार कोशी प्रदेशमा लैङ्गिक हिंसाको प्रकृति अनुसार गर्भ अवस्थामा हुने हिंसा ५.५ प्रतिशत, यौनिक हिंसा ७.४ प्रतिशत, मानसिक हिंसा ९.९ प्रतिशत, शारीरिक हिंसा २०.४ प्रतिशत शारीरिक, यौनिक वा मानसिक हिंसा २३ प्रतिशत हुने गरेको छ ।

५.३७ २०८० चैत्रसम्म कोशी प्रदेशमा लैङ्गिक तथा घरेलु हिंसा पीडित महिला र किशोरीका लागि प्रदेशस्तरीय दीर्घकालीन पुनः स्थापना गृहमा २१ जना र स्थानीय तहमा रहेका १६ वटा अल्पकालीन पुनः स्थापना गृहमा ५० जना आश्रित रहेका छन् ।

५.३८ चालु आर्थिक वर्षको फागुनसम्म कोशी प्रदेश अन्तर्गत ८ वटा वृद्धाश्रम र १५ वटा बालगृहहरू सूचीकृत भएका छन् । सूचीकृत बालगृहमा ३५७ बालबालिका आश्रित रहेका छन् ।

५.३९ आर्थिक वर्ष २०७५/७६ देखि २०८० फागुनसम्म राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत प्रदेशका दुर्गम तथा पहाडी क्षेत्रका १९० गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गरिएको छ।

**तालिका ५.१६ः कोशी प्रदेशमा उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको विवरण**

| आ.व. | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | ५ | १० | २८ | ५५ | ४४ | ४८ | १९० |

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०८० *फागुनसम्म

## अपाङ्गता सम्बन्धी अवस्था

५.४० नेपालको कुल जनसङ्ख्याको २.२ प्रतिशत जनसङ्ख्यामा कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ भने कोशी प्रदेशको हकमा २.४ प्रतिशत देखिन्छ । कोशी प्रदेशमा पुरुषको जनसङ्ख्यामध्ये २.६ प्रतिशत र महिलाको जनसङ्ख्यामा २.१ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन् । कोशी प्रदेशमा अपाङ्गता भएका जम्मा व्यक्तिमध्ये पुरुषको हिस्सा ५३.९ प्रतिशत र महिलाको हिस्सा ४६.१ प्रतिशत रहेको छ ।

५.४१ कोशी प्रदेशमा अपाङ्गता भएका जम्मा १ लाख १७ हजार २ सय १९ जना मध्ये शारीरिक अपाङ्गता ३४.५ प्रतिशत, न्यून दृष्टियुक्त १६.४ प्रतिशत, सुस्त श्रवण ९.५ प्रतिशत, बहुअपाङ्गता ९.३ प्रतिशत रहेका छन् ।

५.४२ प्रदेश सरकार, स्थानीय तह र गैरसरकारी संस्थाको साझेदारीमा २०८० चैत्रसम्म अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम कोशी प्रदेशका १११ स्थानीय तहमा विस्तार भएको छ । २०७९ चैत्रमा उक्त कार्यक्रम प्रदेशका ७९ स्थानीय तहमा सञ्चालनमा रहेको थियो ।

## युवा तथा खेलकुद

५.४३ कोशी प्रदेशको इटहरीमा प्रादेशिक रङ्गशाला, मोरङको वैजनाथपुरमा क्रिकेट रङ्गशाला, शहीद रङ्गशाला विराटनगर लगायत सबै जिल्लामा जिल्लास्तरीय खेलमैदान तथा रङ्गशालाहरू स्थापना भएका छन् । प्रदेश खेलकुद विकास बोर्ड र १४ वटा जिल्ला खेलकुद विकास समितिबाट खेलकुद क्षेत्रको विकास एवम् प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम र प्रतियोगिताहरू सञ्चालन भएका छन् ।

५.४४ बागमती प्रदेशले सञ्चालन गरेको राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा कोशी प्रदेशले १६ स्वर्ण, २३ रजत र ३६ कांस्य गरी कुल ७५ पदक सहित तेस्रो स्थान हासिल गरेको छ । विद्यालयस्तरको राष्ट्रिय खेलकुद (राष्ट्रपति रनिङसिल्ड) प्रतियोगितामा कोशी प्रदेशले चौथो स्थान हासिल गरेको छ ।

५.४५ नेपालको तर्फबाट एसियन खेलकुद प्रतियोगितामा सहभागी भई कवड्डीमा कांस्य पदक प्राप्त गर्ने कोशी प्रदेशका खेलाडी र प्रशिक्षक सहित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्ने १४ जना खेलाडीले चालु आ.व. २०८०/८१ मा नगद पुरस्कार सहित सम्मान प्राप्त गरेका छन् ।

५.४६ चालु आ.व. मा कोशी प्रदेशभित्र स्थानीय तहमार्फत १४९ र प्रदेशमार्फत ५१ गरी कुल २०० खेल पूर्वाधार निर्माण तथा स्तरोन्नतिका कार्यहरू भइरहेका छन् ।

५.४७ चालु आ.व. २०८०/८१ राष्ट्रिय युवा परिचालन कार्यक्रम अन्तर्गत प्रदेशभित्रका सरकारी कार्यालय, अस्पताल, भेटेरिनरी, विद्यालय र सामुदायिक संस्थाहरूमा २३७ जना स्वयंसेवकहरू परिचालन भएका छन् ।

### पुस्तकालय र सिकाई केन्द्र

५.४८ कोशी प्रदेशमा सामुदायिक पुस्तकालयहरू १५२ वटा रहेका छन् । सबैभन्दा बढी मोरङ जिल्लामा ४४ वटा रहेका छन् भने उदयपुर र सोलुखुम्बुमा २/२ वटा पुस्तकालयहरू रहेका छन् । यस्तै सामुदायिक सिकाई केन्द्रहरू ३९३ वटा रहेका छन् ।

**तालिका ५.१७: सामुदायिक पुस्तकालय र सिकाई केन्द्रहरूको जिल्लागत विवरण**

| क.सं. | जिल्लाको नाम | सामुदायिक पुस्तकालय | सामुदायिक सिकाई केन्द्र |
|---|---|---|---|
| १ | भोजपुर | १० | २६ |
| २ | धनकुटा | ३ | २८ |
| ३ | इलाम | ६ | २८ |
| ४ | झापा | २७ | २९ |
| ५ | खोटाङ | ९ | ३१ |
| ६ | मोरङ | ४४ | ४३ |
| ७ | ओखलढुङ्गा | ३ | ५२ |
| ८ | पाँचथर | १० | २५ |
| ९ | संखुवासभा | ६ | २० |
| १० | सोलुखुम्बु | २ | १४ |
| ११ | सुनसरी | १९ | २२ |
| १२ | ताप्लेजुङ | ५ | २२ |
| १३ | तेह्रथुम | ६ | २१ |
| १४ | उदयपुर | २ | ३२ |
| | जम्मा | १५२ | ३९३ |

स्रोतः सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश र शिक्षा तथा मानव विकास स्रोत केन्द्र

### भाषा, कला तथा संस्कृति

५.४९ प्रदेशभित्र रहेका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण संवर्धन र विकास गर्ने उद्देश्यले प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ जारी भएको छ । समानुपातिक समावेशी, समतामूलक र समृद्ध प्रदेशको निर्माणको दीर्घकालीन सोच र सामाजिक न्याय सहितको मर्यादित जीवन र समृद्ध समाजको निर्माण गर्ने लक्ष्यका साथ प्रदेश सामाजिक समावेशीकरण नीति, २०७९ कार्यान्वयनमा छ ।

५.५० कोशी प्रदेशमा ३३ वटा सङ्ग्रहालयहरू रहेका छन् । धनकुटामा प्रदेश सङ्ग्रहालय रहेको छ । सबैभन्दा बढी धनकुटा र सुनसरी जिल्लामा ५/५ वटा सङ्ग्रहालयहरू रहेका छन् ।

**तालिका ५.१८: कोशी प्रदेशमा रहेका सङ्ग्रहालयहरूको विवरण**

| क.सं. | जिल्ला | सङ्ग्रहालयको नाम | क.सं. | जिल्ला | सङ्ग्रहालयको नाम |
|---|---|---|---|---|---|
| १ | झापा | राजवंशी सङ्ग्रहालय, घैलाडुवा | १८ | भोजपुर | दुङ्माली बहूद्देश्यीय सांस्कृतिक सङ्ग्रहालय, पौवादुङ्मा |
| २ | झापा | जातीय सङ्ग्रहालय, दमक | १९ | तेह्रथुम | लिम्बु सङ्ग्रहालय |
| ३ | झापा | कोच राजवंशी सङ्ग्रहालय, कनकाई | २० | तेह्रथुम | चोलुङ पार्क तथा युमा सङ्ग्रहालय, लालीगुराँस |
| ४ | झापा | राजवंशी जातीको सङ्ग्रहालय, भद्रपुर | २१ | खोटाङ | किराँत सङ्ग्रहालय |

| क्र.सं. | जिल्ला | सङ्ग्रहालयको नाम | क्र.सं. | जिल्ला | सङ्ग्रहालयको नाम |
|---|---|---|---|---|---|
| ५ | सुनसरी | थारू सङ्ग्रहालय, रामधुनी | २२ | धनकुटा | प्रदेश सङ्ग्रहालय (प्रदेश सरकार अन्तर्गत) |
| ६ | सुनसरी | आदिवासी जनजाति बहुजातीय सङ्ग्रहालय, धरान | २३ | धनकुटा | भीमनारायण सङ्ग्रहालय |
| ७ | सुनसरी | यलम्बर सङ्ग्रहालय, धरान | २४ | धनकुटा | आदिवासी जनजाति सङ्ग्रहालय, चौविसे |
| ८ | सुनसरी | काव्यवाटिका सङ्ग्रहालय, इटहरी | २५ | धनकुटा | सामुदायिक मगर सङ्ग्रहालय, चौविसे |
| ९ | सुनसरी | माझी सङ्ग्रहालय, मधुवन, वराहक्षेत्र | २६ | धनकुटा | आदिवासी संस्कृति सङ्ग्रहालय |
| १० | उदयपुर | किराँत राई सांस्कृतिक सङ्ग्रहालय, त्रियुगा | २७ | सोलुखुम्बु | Sherpa Culture Museum and Mt. Everest Documentation Centre, Namche |
| ११ | उदयपुर | दनुवार जातीय सांस्कृतिक सङ्ग्रहालय त्रियुगा | २८ | सोलुखुम्बु | Tenzing Heritage Centre, Namche (Sagarmatha National Park) |
| १२ | उदयपुर | मगर जातीय सङ्ग्रहालय, त्रियुगा | २९ | सोलुखुम्बु | Sherpa heritage, Khumjung |
| १३ | उदयपुर | थारू सङ्ग्रहालय, बेलका | ३० | संखुवासभा | घरेलु घर सङ्ग्रहालय, धर्मदेवी |
| १४ | मोरङ | मदन भण्डारी सङ्ग्रहालय, उर्लाबारी | ३१ | पाँचथर | हिलिहाङ दरवार सङ्ग्रहालय |
| १५ | मोरङ | थारू सङ्ग्रहालय, उर्लाबारी | ३२ | इलाम | लेप्चा सङ्ग्रहालय, इलाम |
| १६ | मोरङ | मष्टो सङ्ग्रहालय, विराटनगर | ३३ | ओखलढुङ्गा | सिद्धिचरण सङ्ग्रहालय |
| १७ | मोरङ | किरात राई सङ्ग्रहालय, लेटाङ |  |  |  |

स्रोतः सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, २०८१

## सामाजिक सुरक्षा कार्यक्रम

५.५१ नेपालमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको सङ्ख्या ३७ लाख ६ हजार ३ सय २७ (२०८० फाल्गुनसम्म) रहेकोमा कोशी प्रदेशमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जम्मा लाभग्राहीको सङ्ख्या ५ लाख २१ हजार ४ सय ६३ (२०८० चैत्रसम्म) रहेको छ । जम्मा लाभग्राही मध्ये ६८ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक ३ लाख ७ हजार ८ सय ७२ जना (५९ प्रतिशत) रहेका छन् । कोशी प्रदेशको कुल जनसङ्ख्यामध्ये करिब १०.५ प्रतिशतले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको देखिन्छ।

**तालिका ५.१९: सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण**

| जिल्ला | ज्येष्ठ नागरिक (६८ वर्ष माथि) | ज्येष्ठ नागरिक (दलित) | एकल महिला (६० वर्ष माथि) | बिधुवा महिला | पूर्ण अपाङ्गता भएका (क वर्ग) | अपाङ्गता भएका (ख वर्ग) | दलित बालबालिका | लोपोन्मुख जाति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | ७७०५ | ४२३ | १०२८ | १३६१ | ४१३ | ९२९ | ७५० | ० | १२६०९ |
| पाँचथर | ११७२३ | ५८२ | १४९५ | २२२० | ४२० | ११०३ | ९१० | ० | १८४५३ |
| इलाम | २०२५५ | ९२९ | २२७६ | ३२८२ | ५९९ | १६५७ | ११३९ | ३०८७ | ३३२२४ |
| झापा | ६२९२५ | ३००९ | ७३३१ | १३९८० | २७१३ | ४४५८ | ३८७७ | ६३९५ | १०४६८८ |
| संखुवासभा | ११२९९ | ७९४ | १३८९ | १९९६ | ५६५ | १३०८ | ११६५ | ० | १८५१६ |
| तेह्रथुम | ६९०३ | ५२३ | ८७८ | ११४२ | ३११ | ६२२ | ७६० | ० | १११३९ |
| भोजपुर | १२९०७ | ९५६ | १५६७ | २११९ | ४६० | १११८ | १३७१ | २३ | २०५२१ |
| धनकुटा | १०८६९ | ६७९ | १४८९ | २०८८ | ५०० | १४५४ | ९३६ | ० | १८०१५ |
| मोरङ | ६३४१७ | ५४६५ | ८९४४ | १६०४७ | २८०२ | ५१८६ | ८३२३ | ६ | ११०१९० |
| सुनसरी | ४३५७८ | ३५९७ | ६३६५ | १२५९६ | १४८८ | ४२२१ | ७४०५ | ६ | ७९२५६ |
| सोलुखुम्बु | ८३१८ | ४७१ | ९९१ | १७१९ | ३८६ | ८५२ | ९८८ | ० | १३७२५ |
| खोटाङ | १५२१३ | १११५ | १५०८ | २१६० | ६७६ | १३०४ | २२८६ | ० | २४२६२ |
| ओखलढुङ्गा | १२६८७ | ९१४ | १२३१ | २०२४ | ७८९ | १३७९ | १७५५ | ० | २०७७९ |
| उदयपुर | २००७३ | १९६५ | २४१० | ४४२५ | ११४१ | २२१९ | ३७९९ | ५४ | ३६०८६ |
| जम्मा | ३०७८७२ | २१४२२ | ३८९०२ | ६७१५९ | १३२६३ | २७८१० | ३५४६४ | ९५७१ | ५२१४६३ |
| मासिक दर रु. | ४००० | २६६० | २६६० | २६६० | ३९९० | २१२८ | ५३२ | ३९९० | |

स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, २०८१

नोटः ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता दिने उमेर आर्थिक वर्ष २०७८/७९ सम्म ७० वर्ष भएकोमा आर्थिक वर्ष २०७९/८० बाट ६८ वर्ष कायम भएको ।

५.५२ कोशी प्रदेशका जिल्लाहरूबाट २०८० चैत्रसम्म सामाजिक सुरक्षा कोषमा सूचीकृत रोजगारदाताको सङ्ख्या १,९७८ र योगदानकर्ताको सङ्ख्या ४९,९८९ पुगेको छ । सामाजिक सुरक्षा कोषमा आवद्ध योगदानकर्तालाई औषधि उपचार तथा स्वास्थ्य सुविधाका लागि कोशी प्रदेशका ८ वटा अस्पतालहरूमा सेवा उपलब्ध रहेको छ ।

### व्यक्तिगत घटना दर्ता र राष्ट्रिय परिचय पत्र

५.५३ कोशी प्रदेशमा २०८० चैत्रसम्म २ लाख ४२ हजार ३ सय ३८ व्यक्तिगत घटना दर्ता भएका छन् । आ.व. २०७९/८० मा २ लाख ५९ हजार ९ सय ४१ व्यक्तिगत घटना दर्ता भएका थिए।

**तालिका ५.२०: कोशी प्रदेशमा व्यक्तिगत घटना दर्ताको विवरण**

| आ.व. | जन्म | मृत्यु | सम्बन्ध विच्छेद | विवाह | बसाई सराई | | कुल दर्ता |
|---|---|---|---|---|---|---|---|
| | | | | | आएको | गएको | |
| २०७९/८० | ११३३५० | ३१९०४ | ४५२१ | ४९५७८ | ३०३७४ | ३०२१४ | २५९९४१ |
| २०८०/८१* | १११८३२ | ३६५१२ | ५७३३ | ४७५४६ | १९९३२ | २०७८३ | २४२३३८ |

स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, २०८१ *चैत्रसम्म

५.५४ कोशी प्रदेश अन्तर्गतका जिल्लाहरूमा सुरु देखि २०८० चैत्रसम्म ४१ हजार ४ सय ६९ ले राष्ट्रिय परिचयपत्र प्राप्त गरेका छन् ।

**तालिका ५.२१: कोशी प्रदेशमा राष्ट्रिय परिचयपत्र दर्ता र वितरणको अवस्था**

| क्र.सं. | जिल्ला | विवरण दर्ता सङ्ख्या | कार्ड वितरण सङ्ख्या |
|---|---|---|---|
| १ | ताप्लेजुङ | ६५८१७ | ३५७ |
| २ | पाँचथर | ११७७३७ | ४१२ |
| ३ | इलाम | १८४४०५ | ३८२१ |
| ४ | संखुवासभा | १०६५०८ | ६८९ |
| ५ | तेह्रथुम | ५८१०१ | ५१४ |
| ६ | धनकुटा | ९६५४२ | १८१ |
| ७ | भोजपुर | ९४०९० | ४५४ |
| ८ | खोटाङ | १०३३२० | २३०८ |
| ९ | सोलुखुम्बु | ५२६२५ | ३६२१ |
| १० | ओखलढुङ्गा | ८५२२८ | ११८२ |
| ११ | उदयपुर | १९४८६६ | ४२२६ |
| १२ | झापा | ५५१८९१ | ६९९३ |
| १३ | मोरङ | ६१७१०१ | १०९६९ |
| १४ | सुनसरी | ४६९३३५ | ५७४२ |
| | जम्मा | २७९७५६६ | ४१४६९ |

स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, २०८१

## गैरसरकारी संस्था

५.५५ सामाजिक विकास संस्था ऐन, २०७५ अनुसार कोशी प्रदेशको सामाजिक विकास मन्त्रालयमा २०८० चैत्रसम्म दर्ता भएका गैरसरकारी संस्था ३५ वटा र सूचीकृत भएका संस्थाको सङ्ख्या २९७ पुगेको छ । २०७९ चैत्रसम्म सामाजिक विकास मन्त्रालयमा दर्ता भएका गैरसरकारी संस्था ३४ र सूचीकृत भएका संस्थाको सङ्ख्या १७० रहेको थियो ।

५.५६ कोशी प्रदेश सरकारबाट तर्जुमा भएको अन्तर्राष्ट्रिय विकास सहायता परिचालन तथा समन्वयसम्बन्धी कार्यविधि, २०७८ अनुसार विकास सहायता परिचालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कार्यक्रम तथा प्रगति विवरण प्रविष्ट गर्न विकास साझेदार पोर्टल (DP's Portal) निर्माण भई सञ्चालनमा रहेको छ ।

# ६. सुशासन र प्रशासन

६.१ प्रदेश सरकार, कोशी प्रदेश अन्तर्गत मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय, अन्य निकाय र कार्यालयहरू गरी जम्मा १९८ सरकारी निकाय रहेका छन्। प्रदेशका सरकारी निकाय/कार्यालयको स्वीकृत जम्मा दरबन्दी ४,०५८ रहेकोमा २०८० चैत्रसम्म ५८.१५ प्रतिशत पदपूर्ति भएको छ । जम्मा पदपूर्तिमध्ये करार (श्रेणी विहीन तथा आधारभूत तह) का कर्मचारी १९.३ प्रतिशत रहेका छन् ।

**तालिका ६.१: कोशी प्रदेशका सरकारी कार्यालय, दरबन्दी एवम् पदपूर्तिको विवरण**

| क्र.सं. | विवरण | जम्मा |
|---|---|---|
| १ | प्रदेशका निकाय/कार्यालय सङ्ख्या | १९८ |
| २ | स्वीकृत दरबन्दी सङ्ख्या | ४०५८ |
| ३ | स्थायी पदपूर्ति | १९०४ |
| ४ | करार मार्फत पदपूर्ति | ४५६ |
| ५ | जम्मा पदपूर्ति | २३६० (५८.२%) |
| ६ | रिक्त दरबन्दी | १६९८ (४१.८%) |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश, २०८१

६.२ प्रदेश सरकार अन्तर्गत मन्त्रालयहरू ९, अन्य निकाय ४, निर्देशनालय ६, तालिम केन्द्र ८ र अन्य कार्यालय १७१ रहेका छन् ।

६.३ प्रदेश अन्तर्गत शिक्षा, स्वास्थ्य, कृषि, पशुपक्षी विकास लगायतका तालिम केन्द्रहरूले विभिन्न पेशागत एवम् उद्यमशीलता विकासका तालिम सञ्चालन गरिरहेका छन् । सहकारी क्षेत्रमा तालिम प्रदान गर्न प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय रहेको छ ।

६.४ सामाजिक विकास मन्त्रालय अन्तर्गत झापा र ओखलढुङ्गामा रहेका व्यावसायिक सीप विकास तालिम केन्द्रहरूले आय-आर्जन, स्वरोजगार एवम् उद्यमशीलता प्रवर्द्धन गर्न विभिन्न तालिमहरू सञ्चालन गरिरहेका छन् ।

६.५ प्रदेश सरकार तथा स्थानीय तहका पदाधिकारीका लागि तालीम सञ्चालन तथा क्षमता विकास गर्न झापाको कलवलगुडीमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सञ्चालनमा रहेको छ ।

### प्रशासन तथा निजामती सेवा

६.६ प्रदेशमा सबैभन्दा बढी कार्यालय सङ्ख्या उद्योग कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत ५२ रहेका छन् भने सबैभन्दा बढी दरबन्दी पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत १ हजार १ सय ७८ रहेको छ ।

**तालिका ६.२: कोशी प्रदेश सरकार मातहतका कार्यालयको सङ्ख्या र दरबन्दी विवरण**

| क्र.सं. | मन्त्रालय/निकायको नाम | संगठन संरचनाको प्रकृति | कार्यालयको सङ्ख्या (मन्त्रालय/निकाय समेत) | कूल स्वीकृत दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | केन्द्रीय | ४ | ९६ |
| २ | प्रदेश सभा सचिवालय | केन्द्रीय | १ | ८२ |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | केन्द्रीय/स्थलगत | ७ | ९० |
| ४ | भौतिक पूर्वाधार विकास मन्त्रालय | केन्द्रीय/स्थलगत | १४ | २३५ |
| ५ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | केन्द्रीय/स्थलगत | ९ | १७८ |
| ६ | स्वास्थ्य मन्त्रालय | केन्द्रीय/स्थलगत | ५० | १००१ |
| ७ | खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालय | केन्द्रीय/स्थलगत | २५ | ३३३ |
| ८ | सामाजिक विकास मन्त्रालय | केन्द्रीय/स्थलगत | ८ | १५१ |
| ९ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | केन्द्रीय/स्थलगत | ५२ | ६५१ |
| १० | पर्यटन, वन तथा वातावरण मन्त्रालय | केन्द्रीय/स्थलगत | २४ | ११७८ |
| ११ | प्रदेश योजना आयोग | केन्द्रीय | १ | २० |
| १२ | प्रदेश लोकसेवा आयोग | केन्द्रीय | १ | ३२ |
| १३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | केन्द्रीय | १ | ११ |
| जम्मा | | | १९८ | ४०५८ |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश, २०८१

६.७ कोशी प्रदेशमा समायोजन भएका १,८०९ जना, सङ्घबाट कामकाजमा खटिएका ८४ जना र स्थानीय तहमा दरबन्दी रही प्रदेशमा कामकाजका लागि खटिएका ११ जना गरी जम्मा १ हजार ९ सय ४ जना स्थायी कर्मचारी कार्यरत रहेका छन् । जसमध्ये महिला कर्मचारी १३.६ प्रतिशत र पुरुष कर्मचारी ८६.४ प्रतिशत रहेका छन् ।

६.८ प्रदेशमा कार्यरत स्थायी कर्मचारीमध्ये सबैभन्दा बढी प्रशासन सेवामा ३१.३ प्रतिशत रहेका छन् भने वन र स्वास्थ्य सेवाका कर्मचारीहरू क्रमशः ३०.९ प्रतिशत र १६.६ प्रतिशत रहेका छन् ।

**तालिका ६.३: प्रदेशमा कार्यरत स्थायी कर्मचारीको सेवागत विवरण**

| क्र.सं | सेवा | प्रदेशमा समायोजन भएका | सङ्घबाट काजमा खटिएका | स्थानीय तहबाट काजमा खटिएका | जम्मा | महिला | पुरुष |
|---|---|---|---|---|---|---|---|
| १ | प्रशासन | ५३२ | ६१ | ३ | ५९६ | ६४ | ५३२ |
| २ | वन | ५८४ | ४ | ० | ५८८ | ४५ | ५४३ |
| ३ | स्वास्थ्य | ३०४ | ४ | ८ | ३१६ | १०६ | २१० |
| ४ | इन्जिनियरिङ | २१८ | ३ | ० | २२१ | ९ | २१२ |
| ५ | शिक्षा | २४ | २ | ० | २६ | ३ | २३ |
| ६ | कृषि | १४७ | २ | ० | १४९ | ३१ | ११८ |

| क्र.सं | सेवा | प्रदेशमा समायोजन भएका | सङ्घबाट काजमा खटिएका | स्थानीय तहबाट काजमा खटिएका | जम्मा | महिला | पुरुष |
|---|---|---|---|---|---|---|---|
| ७ | कानून | ० | ८ | ० | ८ | १ | ७ |
| कुल जम्मा | | १८०९ | ८४ | ११ | १९०४ | २५९ | १६४५ |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश, २०८१

६.९ प्रदेश लोक सेवा आयोगले २०७८ देखि २०८० चैत्रसम्म स्थानीय सेवाको रिक्त पदमा आन्तरिक प्रतिस्पर्धाबाट ८८, खुल्लाबाट १,१२३ र समावेशीबाट ५४० गरी जम्मा १ हजार ७ सय ५१ पदमा पदपूर्तिको लागि सिफारिस गरेकामध्ये महिला कर्मचारी ३७.३ प्रतिशत र पुरुष कर्मचारी ६२.७ प्रतिशत रहेका छन् ।

**चार्ट ६.१ः प्रदेश लोकसेवा आयोगबाट स्थानीय सेवाको पदपूर्ति लागि सिफारिसको विवरण**




स्रोतः प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, २०८१

## सुशासन, कानून तथा मानवअधिकार

६.१० सार्वजनिक प्रशासनलाई जनमुखी, जबाफदेही, पारदर्शी, प्रभावकारी, समावेशी तथा जनसहभागितामूलक बनाउन प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ र नियमावली, २०७७ कार्यान्वयनमा रहेको छ । पदाधिकारीको पदीय वा पेशागत आचारसंहिता तर्जुमा गरी लागू गरिएको छ ।

६.११ सरकारी कार्य सञ्चालन तथा सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आबद्ध गर्दै लगिएको छ । मन्त्रालय/कार्यालयका वेबसाइट तथा प्रदेश पोर्टल निर्माण, Office Automation System, ई-हाजिरी, मुख्यमन्त्री ड्यासबोर्ड निर्माण गरिएको छ । यस्तै बजेट तर्जुमा, कार्यान्वयन, खर्च, भुक्तानी तथा लेखाङ्कनलाई विद्युतीय प्रणालीमा आबद्ध गरिएको छ ।

६.१२ गुनासो सुनुवाइलाई प्रभावकारी र व्यवस्थित बनाउन वेब (hellocm.koshi.gov.np) र मोवाइल एप निर्माण गरिएको छ । सामाजिक विकास र दिगो विकासको लक्ष्यसम्बन्धी प्रदेशस्तरीय डिजिटल तथ्याङ्क प्रतिवेदन प्रणाली तयार गरिएको छ ।

६.१३ प्रदेश सरकारको प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्न एवम् सेवा प्रवाह र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि उपयुक्त आकारको सङ्गठन संरचना र कर्मचारी दरबन्दी लगायतका विषयमा अध्ययन गरी सिफारिस गर्न प्रदेश सरकारबाट गठन भएको उच्चस्तरीय प्रशासन सुधार

कार्यदलले २०८०।०३।१० मा पेश गरेको प्रतिवेदनका सुझाव एवम् सिफारिसहरू कार्यान्वयनका क्रममा रहेका छन् ।

६.१४ प्रदेश स्थापना भएदेखि २०८१ वैशाख मसान्तसम्म जम्मा ६२ वटा ऐन, ६४ वटा नियमावलीहरू, १ वटा गठन आदेश, ३ वटा नीतिहरू र ७६ वटा अन्य कानूनहरू तर्जुमा भएका छन् । ऐन अन्तर्गत सालबसाली रूपमा तर्जुमा भएका प्रदेश विनियोजन ऐनहरू ७ वटा र आर्थिक ऐनहरू ६ वटा समेत रहेका छन् ।

**तालिका ६.४: प्रदेश स्थापना देखि २०८१ वैशाखसम्म तर्जुमा भएका कानूनहरूको विवरण**

| कानून | प्रदेश सभाबाट पारित | | अध्यादेश | कोशी प्रदेश सरकारबाट स्वीकृत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ऐन | ऐन संशोधन | | नियमावली | नियमावली संशोधन | कार्यविधि | निर्देशिका | गठन आदेश | दिग्दर्शन | मापदण्ड | नीति |
| सङ्ख्या | ६२ | ८ | ११ | ६४ | ७ | ५६ | १७ | १ | १ | २ | ३ |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, २०८१

६.१५ कोशी प्रदेश सरकारबाट जारी भएका तीनवटा नीतिहरूमा प्रदेश विपद् व्यवस्थापन नीति, २०७९, कोशी प्रदेश लैङ्गिक समानता नीति, २०७९ र कोशी प्रदेश सामाजिक समावेशीकरण नीति, २०७९ रहेका छन् ।

६.१६ प्रदेश सरकारले मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्थाको स्थितिमा उल्लेखनीय प्रगति हासिल गर्नका लागि आवधिक योजना मार्फत विभिन्न नीति तथा कार्यक्रमहरू तय गरेको छ। दिगो विकासको १६ औं लक्ष्य मानव अधिकारसँग प्रत्यक्ष सम्बन्धित रहेकोले सो लक्ष्यलाई प्रादेशिक रूपमा कार्यान्वयन गर्न कानून, नीति तथा कार्यक्रममा आन्तरिकीकरण गर्दै लगिएको छ ।

६.१७ यस प्रदेशका विभिन्न स्थानीय तहका न्यायिक समितिका सदस्य तथा उजुरी प्रशासकलाई विवाद सुनुवाइको प्रक्रिया एवम् अभिलेख व्यवस्थापन सम्बन्धी अनुशिक्षण प्रदान गरिएको छ । पूर्वाञ्चल विश्वविद्यालयसँगको साझेदारीमा यस प्रदेश अन्तर्गतका विभिन्न सत्र वटा स्थानीय तहहरूमा क्लिनिकल लिगल एजुकेशन कार्यक्रम सञ्चालन भएको छ ।

६.१८ तीन तहका सरकारमध्ये स्थानीय तहका निकाय विरुद्ध बढी उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको देखिन्छ। त्यसपछि संघ र प्रदेश सरकारका निकायका विरुद्ध उजुरी परेका छन्। आ.व.२०७९/८० मा कोशी प्रदेशका स्थानीय तहमा ५७.५९ प्रतिशत उजुरी परेको छ भने प्रदेश सरकारका निकाय विरुद्ध १२.७ प्रतिशत उजुरी परेको छ ।

**तालिका ६.५: तीन तहको सरकारका निकाय विरुद्धको उजुरी विवरण (प्रतिशतमा)**

| प्रदेश तह | २०७७/७८ | | | २०७८/७९ | | | २०७९/८० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्घ | प्रदेश | स्थानीय तह | सङ्घ | प्रदेश | स्थानीय तह | सङ्घ | प्रदेश | स्थानीय तह |
| कोशी | २९.१ | १४.४ | ५६.५ | ३४.९ | ११.६ | ५३.५ | २९.५ | १२.७ | ५७.९ |
| नेपाल | ३९.७ | १२.६ | ४७.७ | ४१.० | १२.० | ४७.१ | ३५.७ | १२.९ | ५१.४ |

स्रोतः अख्तियार दुरुपयोग अनुसन्धान आयोग, २०८०

## विपद् व्यवस्थापन

६.१९ कोशी प्रदेशका १४ जिल्लाका विभिन्न स्थानीय तहमा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना भएका छन् । साथै, ४ वटा पालिका (रंगेली, अर्जुनधारा, कोशी र आठराई) मा क्लस्टर मार्फत विपद् व्यवस्थापन कार्य सञ्चालन भएको छ ।

६.२० मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रहरूमध्ये ताप्लेजुङ र सोलुखुम्बु बाहेक १२ वटा जिल्लामा वारुणयन्त्र हस्तान्तरण भएको छ ।

६.२१ आ.व.२०७९/८० मा प्रदेशमा विपदका घटनाबाट मृत्यु भएका मानिसको सङ्ख्या ३१६ रहेकोमा चालु आर्थिक वर्षको चैत्रसम्म यस्तो सङ्ख्या १८७ पुगेको छ । २०८०/८१ को चैत्रसम्म विपदका घटनाबाट मृत्यु हुनेको सङ्ख्या सबैभन्दा बढी झापामा रहेका छन् । विगत आर्थिक वर्षको तुलनामा विपदबाट मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको देखिन्छ ।

**तालिका ६.६: विपदका घटनामा मृत्यु भएका मानिसहरूको जिल्लागत विवरण**

| सि.नं. | जिल्ला | मृतक सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
| १ | इलाम | ५ | २६ | २२ | ८ |
| २ | खोटाङ | ८ | २ | ९ | ८ |
| ३ | झापा | २४ | ६४ | ७३ | ४९ |
| ४ | ताप्लेजुङ | २४ | ४ | ११ | २ |
| ५ | तेह्रथुम | ४ | २० | ६ | २ |
| ६ | धनकुटा | ७ | १६ | ६ | ६ |
| ७ | पाँचथर | ४ | ६ | २५ | ६ |
| ८ | भोजपुर | १३ | ८ | ६ | ८ |
| ९ | मोरङ | ५१ | ४६ | २१ | ९ |
| १० | संखुवासभा | १८ | ६ | २४ | ३ |
| ११ | सुनसरी | २० | ३० | ३९ | ४४ |
| १२ | सोलुखुम्बु | २३ | २२ | १६ | १४ |
| १३ | उदयपुर | ० | १४ | ३३ | १८ |
| १४ | ओखलढुङ्गा | ४ | १८ | २५ | १० |
| जम्मा | | २०५ | २८२ | ३१६ | १८७ |

स्रोतः आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, २०८१ *२०८० चैत्र मसान्तसम्म

## विपदको प्रकृति अनुसार मृतकको विवरण

६.२२ कोशी प्रदेशमा चालु आर्थिक वर्षको चैत्र सम्ममा विपदका कारण जम्मा मृतक १८७ मध्ये सबैभन्दा बढी ६६ जनाको डुबेर मृत्यु भएको देखिन्छ भने भीरबाट लडेर ४७ जना, आगलागीबाट २५ जना, करेन्ट लागेर २३ जनाको मृत्यु भएको देखिन्छ ।

**तालिका ६.७: विपदको प्रकृति अनुसार मृतकको विवरण**

| सि.नं. | घटना प्रकृति | मृतक सङ्ख्या | |
|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१* |
| १ | बाढी | २० | ७ |
| २ | पहिरो | १३ | १ |
| ३ | चट्याङ | १३ | १ |
| ४ | आगलागी | २५ | २५ |
| ५ | डुबान | १०५ | ६६ |
| ६ | कटान | १ | ० |
| ७ | करेन्ट | ३३ | २३ |
| ८ | सर्पदंस | ६ | १ |
| ९ | भिरबाट लडी | ८७ | ४७ |
| १० | हावाहुरी | ३ | १ |
| ११ | सितलहर | ० | ० |
| १२ | हिमपात | २ | १ |
| १३ | जङ्गली जनावर आतङ्क | ७ | १४ |
| १४ | भुकम्प | ० | ० |
| १५ | महामारी | १ | ० |
| जम्मा | | ३१६ | १८७ |

स्रोतः आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, २०८१ *२०८० चैत्र मसान्तसम्म

# अनुसूचीहरु

# अनुसूची १.१: प्रादेशिक कुल मूल्य अभिवृद्धि (औद्योगिक वर्गीकरण अनुसार)

(प्रचलित मूल्यमा)

(रू. करोडमा)

| औद्योगिक वर्गीकरण | कोशी प्रदेश | | | | | | नेपालको कुल मूल्य अभिवृद्धि | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
| कृषि, वन र मत्स्यपालन | १७७८६ | १८७६१ | २०८४२ | २२६३९ | २४५९५ | २६२३२ | ८३२८९ | ८६२५२ | ९५८४९ | १०४०८२ | ११३३३३ | १२१६६५ |
| खानी तथा उत्खनन् | ३०० | २५८ | २५८ | २९३ | ३०३ | ३०० | २२०० | २०४४ | २०४५ | २३२५ | २४०२ | २३८२ |
| उत्पादनमूलक उद्योग | ४२२३ | ३७८५ | ४५३९ | ५२५८ | ५३२६ | ५३०१ | १९२२३ | १७४०१ | २०७४४ | २४०४७ | २४४५२ | २४६०४ |
| विद्युत, ग्यास, वाष्प, तथा वातानुकलित आपूर्ति सेवा | ६३२ | ७९० | ८६१ | १२८९ | १६६१ | २०३४ | ३३८६ | ४०३७ | ४२०५ | ६४२८ | ७६९९ | ९१४३ |
| पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु | ३३३ | ३४० | ३५० | ३५६ | ३६८ | ३७९ | १९७२ | २०१२ | २०७३ | २१०९ | २१७८ | २२४२ |
| निर्माण | ४३१४ | ३९१६ | ४०८२ | ४७१५ | ५१२६ | ५०४१ | २३४२६ | २१३५३ | २२२५९ | २५७११ | २७७३९ | २७३०१ |
| थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | ५७०० | ५३३४ | ६००४ | ६९४३ | ६९१५ | ७२२५ | ५४३०४ | ५१४९८ | ५७९६८ | ६७०३३ | ६६७६४ | ६९८७८ |
| यातायात तथा भण्डारण | २७४५ | २२९३ | २४९८ | ३२६९ | ४०५४ | ४६७६ | २१५८० | १८०३२ | १९६३८ | २५७०६ | ३१८७४ | ३६७६९ |
| आवास तथा भोजन सेवा | ११२३ | ७४९ | ८७३ | १०१३ | १३७६ | १८१६ | ७५६५ | ५०४३ | ५८७८ | ६८२३ | ९२६८ | १२२३३ |
| सूचना तथा सञ्चार | १२३९ | १२८७ | १३८३ | १४७१ | १५५१ | १६३९ | ७४१२ | ७६९६ | ८२६९ | ८८०० | ९२७४ | ९८०१ |
| वित्तीय तथा बीमा क्रियाकलापहरु | १८६४ | २२०२ | २३०५ | २६४२ | ३०४४ | ३१२५ | २०७१३ | २४१९४ | २५३२८ | २८९६० | ३३३६८ | ३४४३४ |
| घरजग्गा कारोवारको सेवा | ३७१२ | ४०५४ | ४१८८ | ४४४९ | ४९०५ | ५२९६ | २९५७१ | ३२२९६ | ३३३६१ | ३५४१८ | ३९०५६ | ४२०४९ |
| पेशागत वैज्ञानीक तथा प्राविधिक क्रियाकलापहरु | ३०९ | ३३४ | ३५१ | ३८५ | ४२८ | ४७२ | ३२७२ | ३५३५ | ३७१० | ४०७७ | ४५३३ | ४९९२ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | १८१ | १९७ | २०७ | २१६ | २३५ | २५६ | २५४७ | २७७७ | २९१२ | ३०३९ | ३३०६ | ३६०३ |
| सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | ३२८१ | ४१५३ | ४३१८ | ५६०४ | ७१२८ | ७३५४ | २१८५७ | २७६६६ | २८७६६ | ३७३३३ | ४७२५० | ४८६३९ |
| शिक्षा | ३९३५ | ४५१० | ४६३८ | ५२८२ | ६१७९ | ६७०३ | २५१५९ | २८८४६ | २९६६६ | ३३७८४ | ३९५२३ | ४२९४४ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | ८५६ | १०३७ | ११२२ | १२७५ | १५६४ | १६१८ | ४९७८ | ६०३३ | ६५२८ | ७४१६ | ९०९९ | ९४२९ |
| अन्य सेवाका क्रियाकलापहरु | ३१७ | ३७७ | ४०५ | ४४३ | ४९१ | ५१४ | १७९३ | २१३६ | २२९३ | २५०७ | २७७७ | २९०३ |
| **कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)** | **५२८५०** | **५४३७६** | **५९२२१** | **६७५४२** | **७५२४७** | **७९९७७** | **३३४२४८** | **३४२८५२** | **३७१४९३** | **४२५५९९** | **४७३८९५** | **५०५०१०** |
| उत्पादित वस्तुमा खुद कर | ७०७५ | ७२५८ | १००९४ | ११४२७ | ९६५५ | १०३२८ | ५१६४५ | ४६०१८ | ६३७६२ | ७२०५७ | ६०९५९ | ६५४७५ |
| **कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)** | **५९९२४** | **६१६३५** | **६९३१५** | **७८९६८** | **८४९०२** | **९०३०५** | **३८५८९३** | **३८८८७०** | **४३५२५५** | **४९७६५६** | **५३४८५३** | **५७०४८५** |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

* प्रारम्भिक

# अनुसूची १.२ः वृहत औद्योगिक वर्गीकरण अनुसारको कुल गार्हस्थ्य उत्पादनको संरचना

## (प्रचलित मूल्यमा)

(प्रतिशतमा)

| औद्योगिक वर्गीकरण | कोशी प्रदेश | | | | | | नेपालको कुल मूल्य अभिवृद्धि | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१* |
| कृषि, वन र मत्स्यपालन | ३३.७ | ३४.५ | ३५.२ | ३३.५ | ३२.७ | ३२.८ | २४.९ | २५.२ | २५.८ | २४.५ | २३.९ | २४.१ |
| खानी तथा उत्खनन् | ०.६ | ०.५ | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.७ | ०.६ | ०.६ | ०.५ | ०.५ | ०.५ |
| उत्पादनमूलक उद्योग | ८.० | ७.० | ७.७ | ७.८ | ७.१ | ६.६ | ५.८ | ५.१ | ५.६ | ५.७ | ५.२ | ४.९ |
| विद्युत, ग्यास, वाष्प, तथा वातानुकलित आपूर्ति सेवा | १.२ | १.५ | १.५ | १.९ | २.२ | २.५ | १.० | १.२ | १.१ | १.५ | १.६ | १.८ |
| पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु | ०.६ | ०.६ | ०.६ | ०.५ | ०.५ | ०.५ | ०.६ | ०.६ | ०.६ | ०.५ | ०.५ | ०.४ |
| निर्माण | ८.२ | ७.२ | ६.९ | ७.० | ६.८ | ६.३ | ७.० | ६.२ | ६.० | ६.० | ५.९ | ५.४ |
| थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | १०.८ | ९.८ | १०.१ | १०.३ | ९.२ | ९.० | १६.२ | १५.० | १५.६ | १५.८ | १४.१ | १३.८ |
| यातायात तथा भण्डारण | ५.२ | ४.२ | ४.२ | ४.८ | ५.४ | ५.८ | ६.५ | ५.३ | ५.३ | ६.० | ६.७ | ७.३ |
| आवास तथा भोजन सेवा | २.१ | १.४ | १.५ | १.५ | १.८ | २.३ | २.३ | १.५ | १.६ | १.६ | २.० | २.४ |
| सूचना तथा सञ्चार | २.३ | २.४ | २.३ | २.२ | २.१ | २.० | २.२ | २.२ | २.२ | २.१ | २.० | १.९ |
| वित्तीय तथा बीमा क्रियाकलापहरु | ३.५ | ४.० | ३.९ | ३.९ | ४.० | ३.९ | ६.२ | ७.१ | ६.८ | ६.८ | ७.० | ६.८ |
| घरजग्गा कारोवारको सेवा | ७.० | ७.५ | ७.१ | ६.६ | ६.५ | ६.६ | ८.८ | ९.४ | ९.० | ८.३ | ८.२ | ८.३ |
| पेशागत वैज्ञानीक तथा प्राविधिक क्रियाकलापहरु | ०.६ | ०.६ | ०.६ | ०.६ | ०.६ | ०.६ | १.० | १.० | १.० | १.० | १.० | १.० |
